ISSN 2362-1109

Agnichakra National Monthly

# अग्निचक्र



www.agnichakranews.com राष्ट्रिय मासिक

## समृद्धिको आशामा ...



पत्रकार तथा सञ्चारमाध्यमहरुबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र सुमधुर राख्न दुवै सक्रिय र प्रयत्नशील हुनुपर्दछ ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

वर्ष १० अङ्क १ पूर्णाङ्क ९१

By the Grace of God
*Edited & Published by L.N. Bhattarai*

**संरक्षक** : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोनः ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN: 2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता/सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# झुक्याएकै हो त ?

*केहिदिन पहिले अग्निचक्र सम्पादक रतुवामाई नगरपालिका वडा नं. ६, कादुपाडा पुगेको थिएँ । उर्लाबारी-वरडंगा सकड खण्ड अन्तर्गत उर्लावारीबाट २० किलोमिटरको दुरीमा रहेको कादुपाडा चौंक एक रमाइलो ठट्यौली चौकमा पर्दछ । घर पुगेर यसो चोकको फलैचामा के बसेको थिएँ, एकजना 'क्षेत्री बा' ले भनिहाल्नु भो, - 'ए बाबु के छ खबर ! काठमाडौंमा त के.पी. ओली सरकारले वृद्धभत्ता ५ हजार बाड्यो रे नि, हो ! भन्दै मलाई हासिमजाक गर्नुभयो ।' अर्को दिन म सिजुवा बजार पुगें, जहाँ नगरपालिका कार्यालय र इलाका प्रहरी कार्यालय रहेको छ । त्यहाँ पनि त्यही ५ हजारको वृद्ध भत्ताको व्यङ्ग्य र हासखेल देख्नुपर्‍यो ।*

*निर्वाचनको समयमा केपी ओलीले मतदातालाई बाँडेको सपना अहिलेसम्म पुरा नगरेका कारण ढाँट-छलको राजनीति गर्ने नेता भनेकै ओली रहेछन् भन्न थालेका छन्- जुन गाउँ टोलमा पुगेपनि । ओलीले राजनीतिलाई ढाँट-छल गरेर चुनाव जित्ने अचुक उपायका रूपमा झुक्याउने खेल खेलेको हो भन्न थालेका छन् । जनता साच्चै नै आक्रोशित हुन थालेका छन् । सत्तरी वर्ष नाघेका वृद्धवृद्धालाई निर्वाचनताका वृद्धभत्ता पाँच हजार रूपैयाँ बनाउने मनछुने नाराको आश्वासन किन दिएका होलान् ?*

*मर्ने बेला भन्दै काललाई पर्खिएर बसेका गरीब र बिचल्लीमा परेका वृद्धवृद्धाको चाँहि वास्तवमै आँसु खसेको देखियो । ओलीलाई कुनै पनि वृद्धवृद्धाको आँसु नलागोस् । ओलीजी यति भाग्यमानी हुनुहुन्छ कि ! तपाईसँग दुई तिहाई बहुमत छ, तपाईले वृद्धवृद्धालाई दिएको वचन र आश्वासन पूरा गर्न कसले छेक्छ ? तपाईको निर्णयले उमेर ढल्केका बुढाबुढीले मिठो खान लाउन पाउने छन् र तपाईलाई आशिर्वाद दिने छन् । कृपया तपाईको मुठीमा भएको दुईतिहाइ बहुमतबाट वृद्धभत्ता ५,०००/- पुर्‍याउनुस् । तपाईले बोलेको भाषण आज सामाजिक सञ्जालमा भाइरल हुदै गएको छ । वृद्धभत्ता ५ हजार पुर्‍याउँछौ, त्यो पनि घर घरमा गएर खनखनी गनेरै दिन्छौं भन्नु भएको कुरा एक पटक सम्झनुस् त !*

*प्रधानमन्त्री जी ! अबको दुई वर्षमा चीन र भारत दुवैतिरबाट उत्तरबाट पनि, दक्षिणबाट पनि काठमाडौंमा रेलमार्ग आइपुग्छ र केही वर्ष पछि नै हाम्रो देशमा पानीजहाज दौडिन्छ भन्दै तपाई किन नयाँ नयाँ सपना बाड्नु हुन्छ हँ !! चुनाव तातेका बेला बोलेका कुरा त्यो एउटा वृद्धभत्ता पाँच हजार पुर्‍याउने त पूरा गर्नु भएको छैन, पानीजहाज र रेलको कुरा कसरी पत्याउनु ! भन्नुस् त ! तपाईका आश्वासनले सरकार धराशायी नहोस् । आन्दोलन नहोस् । ठेकेदारको कुरालाई सत्य मान्ने, निषेधित क्षेत्र घोषणा गर्ने, स्वास्थ्य र शिक्षामा माफियाकरण हुन दिने, मूल्यवृद्धि र भ्रष्टाचारले सीमा नाँघ्ने, मोदी सामु उसकै हितमा बोल्ने, सरकारले जे गरे नि हुन्छ भनेर जथाभावि निर्णय गर्ने । यस्ता काम बन्द गर्नुस् ।*

*जनताका सही र जायज आवाजलाई सम्बोधन गरि हाल्नुस्, आफूले दिएका आश्वासन पूरा गराउनुस्, हत्या, आतंक, बलात्कार बन्द गराउनुस् र दुई तिहाइको भरपुर उपभोग नेपाल र नेपालीलाई गराउँनुस् । वृद्धाभत्ता ५ हजार दिने निर्णय गर्नुस्, ओली जी ! झुक्याएकै हो त ? भन्ने बाटो नदिन बोलेको बोली ओलीले पूरा गर्नुस् । जय गोरख ॥*




## ॐ सत्गुरू वन्दना

**गोरक्ष वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जितजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

**ॐ भूर्भुवः स्वः**
**तत्सवितुर्वरेण्यं**
**भर्गो देवस्य धीमहि ।**
**धियो यो नः प्रचोदयात् ॥**

## मुकुन्दसरको प्रेमयोग

अग्निचक्र राष्ट्रिय मासिक ०७५ असार अंक निकै मन पर्‍यो । पेन नं. ८ देखि १३ सम्म प्रकाशित अध्यात्मिक लेखरचना 'प्रेमयोग–प्रेमानन्द' ले मेरो दिमागलाई नयाँ उर्जा–सन्देश दियो ।

इच्छा, आस्था, विश्वास, निष्ठा, सरलता, भक्तिभाव, धारणा, सङ्कल्प, समर्पण, करूणा, मैत्री, रसमाधुर्य, धैर्य, असङ्कोच, क्षमा, दिवानगी जस्ता श्रृंगारहरू प्रस्तुत गरेको पाइयो ।

प्रेमयोगबाट ब्रह्म–साक्षात्कार गर्नेहरू प्रेमानन्दमा डुब्दारहेछन् । ब्रह्मलाई "सत्यम् शिवम् सुन्दरम्" का रूपमा बुझ्न चाहनेले प्रेमानन्दको इच्छा राखी प्रेमयोगको नै बाटो समाउनु पर्दछ भन्ने कुरा थाहा पाइयो ।

रामनामको श्रवण, स्मरण र चिन्तनले भवसागर सजिलै तरिन्छ भन्ने कुराहरू मुकुन्द प्रसाद उपाध्यायज्यूले प्रकाः पार्नुभएको धेरै मन पर्‍यो ।
अग्निचक्रले यस्तै यस्तै सामाग्री प्रकाशित ग जाओस्, हार्दिक शुभकामना ॥

**– मिनेन्द्र चौधरी,** दाः




## भावार्थः



प्राण–स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

## समाजसेवी संस्था

समाजसेवा र मानवसेवा गर्ने श्री शार्दु शमशेर जबरा स्मृति कोषले प्राज्ञ डाक्ट जगमान गुरूङलाई एक लाख एक हजार ए रूपैया राशिको पुरस्कारद्वारा सम्मानित गरेक समाचार अग्निचक्र राष्ट्रिय मासिकको असा २०७५ को अंशमा पढ्न पाइयो । समाजसे संस्था रहेछ यो । यस्ता संस्था ५० वटा ज नेपालमा हुने हो भने यो मुलुकमा योगदा गरेका डा. गुरूङजस्ता सयौं व्यक्तित्वहरूको उच्च मुल्यांकन र सम्मान हुने थियो साथै स्वर्गीय शार्दुल शम्शेर जस्ता स्वर्गवासी आत्माहरूले पनि शान्ति प्राप्त गरिरहन्थे भन्ने लाग्यो ।



**प्रभा राज्यलक्ष्मी राणा**

यो मुलुक र यहाँका जनताको सेवा गर्ने इच्छा व्यक्त गर्दै गर्दा स्वर्ग प्रस्थान गर्नु भएका शार्दुल शम्शेर र वहाँको नामको पवित्र संस्थाबाट र वहाँकि धर्मपत्नी प्रभा लक्ष्मी राणाबाट जो कोहीले पनि समाजसेवा गर्न सिकुन्– वहाँको जीवनी हेरेर भन्न चाहान्छु ।

यही २०७५ असार १९ देखि २९ सम्म स्वर्गीय पतिदेव शार्दूल शमशेर तथा स्वर्गीय दिज्यू लक्ष्मीकुमारी राणाको सम्झनामा संकल्पकर्ता प्रभा राज्यलक्ष्मी राणाले श्रीमद्देवीभागवत् नवाह ज्ञान महायज्ञ सम्पन्न गरेर सम्पूर्ण पितृ देवताहरूको भुक्ति, मुक्तिको कामना पूरा भएको छ ।

यस्तो पवित्र कार्यसम्पन्न गराउन सफल प्रभा राज्यलक्ष्मी राणाज्यू आध्यात्मिक क्षेत्रमा एक सफल आध्यात्मिक समाजसेवी व्यक्तित्वको रूपमा सर्वत्र चिरपरिचित हुनु भएको पाइयो ।

**– प्रेम धमला,** कपन

# हार्दिक शुभकामना

वि.सं. २०५० असोज १० मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध भएको गैर नाफामूलक गैह्रसरकारी संस्था

## विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स) नेपाल

**Development Project Service Centre (DEPROSC) Nepal**

विगत २५ वर्षहरूमा विभिन्न आरोह अवरोह पार गर्दै ७ विषयगत क्षेत्रहरूमा देशका ६० जिल्लाहरूमा बसोवास गर्ने गरिब तथा सिमान्तकृत ४,३३,८५३ घरधुरीका १६,५९,७०६ सदस्यहरूमा आफ्नो सेवा पुऱ्याउन सफल भएकोमा हामी उक्त संस्थालाई हार्दिक बधाई दिँदै संस्थाको गरिबी निवारणको पवित्र उद्धेश्य हासिल गर्न भविष्यमा समेत थप प्रेरणा र ऊर्जा मिलोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## अग्निचक्र राष्ट्रिय मासिक

दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**

# परिवर्तनको सपना कहिले पूरा हुन्छ ?



"नेपालको वर्तमान ओली सरकार अलमलमै रूमलिइरहेको छ । मुलुक र जनतासँग सम्बन्धित सबै कानुन निर्माण गरिसक्नु पर्नेमा सरकार आलटाले प्रवृत्तिमा तदारूकता विहिन रफ्तारमा, काम एउटा उद्देश्य अर्कै जस्तो पाराले झिनामसिना कुरामा रोकिएर बसिरहेको छ । ओलीका राइट ह्याण्डहरूलाई के हुँदैछ सरकारको काम कारबाही ?" भनेर सोध्यो भने जवाफ यस्तो आउँछ,– 'काम हुदैछ, केही अन्यौल र अस्पष्टता छन्, तिनीहरूबारे छलफल चल्दैछ । गोविन्द केसीका मागलाई देखाएर कांग्रेसले सदन चल्न नदिने नीति थुपार्न खोजेर केही ढिला भएको हो । सरकार मुलुकका हरेक समस्याको समाधान गर्न चाहन्छ । संविधानले पनि हरेक खाले समस्यालाई सुल्झाउन प्रतिनिधि सभा र राष्ट्रिय सभा बनाएकै छ । प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व, व्यावस्थापकीय शक्ति सन्तुलन एवं कार्यकौशलता तथा प्रभावकारिताको सन्तुलन समेतलाई सम्बोधन गर्न राष्ट्रियसभाको व्यवस्था गरेकाले हामीले स्थायी प्रकृतिको व्यवस्थापकीय अंगको रूपमा राष्ट्रिय सभालाई बुझ्नुपर्छ,' भन्ने जवाफ आउँछ ।"

हुन त केपी ओलीले आफू र वर्तमान सरकारलाई शक्तिशाली बनाउन उपेन्द्र यादवहरूलाई सरकारमा ल्याएर आफू बलियो भएको संकेत दिइरहेका छन् र मधेशवादी दल मध्येको संघीय समाजवादी फोरम नेपाललाई आश्वासन दिदै वर्तमान सरकार मधेशवादी दलका जायज मागको सम्बोधन गर्दै संविधान संशोधन छिट्टै हुन्छ भन्दै राजपालाई समेत सरकारमा घुसाएर थप शक्तिशाली बन्न खोजिरहेका छन् । उनी शक्तिशाली भएकैले एकै वचनमा कानुनमन्त्री शेरबहादुर तामाङ्लाई राजीनामा गराए । नैतिकताको कारण तामाङको जागिर चेट हुन पुग्यो । ओलीले यसअघि निराश हुने गरी नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. डा. कुलप्रसाद कोइरालालाई विमानस्थलबाट वालुवाटार पुर्‍याएर गार्डरूममा एक घण्टा झोक्रिन लगाएर चिया पिलाएर घर पठाए । यो उनको अधिनायकवादको झल्को हो ।

लोकतन्त्रलाई गतिशील र चम्किलो बनाउनु पर्नेमा, नेपालको संविधान २०७२ अनुसार अहिलेको सरकार संचालन नभएको कुरा सभामुख र उपसभामुख एकै दलबाट भइरहनुलाई एउटा कारण मान्न सकिन्छ । कानुन निर्माणमा प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवै सदनले यथेष्ट भूमिका खेल्नुपर्ने हुन्छ । विधि निर्माण गर्ने कानुन दुवै सदनबाट बन्ने गर्छ, दोहोरो व्यवस्था संविधानमा उल्लेख छ । कानुन पर्याप्त छलफलद्वारा बन्नु पर्दछ, यसर्थ प्रतिनिधि सभाबाट पास भएपछि राष्ट्रिय सभा पठाइन्छ र उताबाट पास भएपछि यता आउने हुन्छ अर्थात 'छलफलद्वारा बनोस् कानुन' भन्ने कुरा संविधानले परिकल्पना गरेको छ । दुवै सदन संघीय संसद्का अभिन्न अंग हुन् । नेपालको संविधानलाई अक्षरस पालना गर्न ओली र प्रचण्डले चाहेका छैनन्, नत्र कृष्ण बहादुर महरा नेकपाबाट सभामुख भएकाले गर्दा कांग्रेसलाई उपसभामुख दिन किन नचाहेका त ? प्रचण्ड र देउवाको पहिले साँठगाँठ हुँदा प्रचण्डले देउवालाई थाङ्नामा सुताएर आफ्नी छोरीलाई भरतपुरको मेयर बनाउन सफल भएकै हुन् ।

हिजोआज चाहिँ देउवा र प्रचण्ड पटक्कै मिल्दैनन् । त्यही भएर होला देउवाले बी. पी. को उद्गार बोल्ने गरेका छन्– 'बीपीले कम्युनिष्टसँग संगत नगर्नु, धोखेबाज हुन्छन् भनेका थिए रे ।' शेखर कोइराला चाँहि ओलीजी बीपीको मार्गमा आइदिए राम्रो हुन्थ्यो भन्दै हिडेका छन् । कम्युनिष्ट फोबियाबाट ग्रस्त देउवा एक घमण्डी र स्वार्थी प्रवृत्ति बोकेका, श्रीमतीको ग्राण्ड डिजाइनमा हिड्ने नेता हुन्, यसैले पनि उनको दल कांग्रेसले नराम्रो चुनावी हार व्यहोर्नु पर्‍यो । बीपीको भनाई नमान्ने काँग्रेस र मदन भण्डारीको लक्षलाई थाती राख्ने निवर्तमान एमाले दुवै दुरदृष्टी नभएका दल हुन् । विधिको शासनप्रति प्रतिबद्धता जनाएको ओली–प्रचण्डको नेकपा कहिलेसम्म एकढिक्का होला ? प्रश्न गम्भीर छ । प्रचण्ड भित्री रूपमा ओलीलाई असफल बनाउन चाहन्छन्, त्यही भएर गलत आसेपासेहरूबाट घेरिएको ओलीले पत्तै पाएका छैनन् ।

ओलीले दुई तिहाईको बहुमतको दम्भ नदेखाउन् । प्रधानमन्त्री आमदेशवासीको हुने हुँदा विनम्रता, शालीनता एवं रचनात्मकताबाट ओलीजी सबैको भावना बुझेर अघि बढुन् । व्यवस्था परिवर्तन भयो तर गरीब जनताको अवस्था परिवर्तन हुन सकेन । लोकतन्त्र, सामाजिक न्याय, सुशासन र समृद्धिका लागि ओलीले काम गरून् । प्रभावकारी र जनमुखी राज्य सत्ता निर्माण होस् भन्ने चाहेका नेपाली जनताको जीवनमा दैनिक बदलाब ल्याउने तथा नयाँ विश्वको परिवर्तित युगको माग बमोजिम गरीबका सपनाहरू विपनामा पूर्ण गराईदिने कार्यमा प्रम ओलीजी लाग्नुस् । जनताको आर्थिक तथा सामाजिक परिवर्तनको सपना पुरा गराउनुस्, अहिले पानीजहाज चाहिएको छैन । कि कसो त ! ◆◆


नेपाल सरकार

श्रम तथा रोजगार मन्त्रालय

**सामाजिक सुरक्षा कोष**

**बबरमहल, काठमाडौं**

(फोन : ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**सामाजिक सुरक्षा कोष – एक जानकारी :** नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुने कुराको सुनिश्चिता गरेको छ ।

"सामाजिक सुरक्षा जीवनको साहारा" भन्ने अवधारण अनुरूप लक्षित कार्यक्रम मार्फत वि.सं. २०५१ सालबाट राज्यले सामाजिक सहायताका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामाजिक सहायताका कार्यक्रमहरू विभिन्न १ दर्जन भन्दा बढी निकायबाट संचालन भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षाका लागि पनि सञ्चय कोष, कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोष लगायतका निकायहरू स्थापना गरिएको अवस्था छ । आर्थिक तथा सामाजिक रूपमा जोखिममा रहेका नागरिकहरूको मर्यादाको रक्षाको लागि सामाजिक सुरक्षाको अवधारणा विकसित भएको हो । सामाजिक सुरक्षा अर्न्तगतको सहायता कार्यक्रमले बेरोजगारी, आयआर्जनको कमि वृद्धावस्था वा द्वन्द्वका कारण जीवन निर्वाहमा कठिनाइ परेको अवस्थामा सहयोग प्रदान गर्ने कार्यलाई जनाउछ ।हाल सरकारबाट प्रदान गरिदै आएका वृद्धा भत्ता, एकल महिला भत्ता, विधवा भत्ता वितरण जस्ता कार्य सामाजिक सहायताका कार्यक्रमहरू हुन भने सञ्चय कोष तथा कल्याणकारी कोषबाट प्रदान गरिने सेवाहरू योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रम हुन् । सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा सम्बन्धी एकिकृत कानूनको मस्यौदा तयारी गरी श्रम तथा रोजगार मन्त्रालय मार्फत व्यवस्थापिक संसदमा पेश भएको अवस्था छ । उक्त कानुन पारित भएपछि सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षाका बीमा योजनाहरू क्रमशः लागू गर्ने र क्रमशः अन्य कार्यक्रमहरू एकीकृत गर्दै लगि सबै नागरिकलाई सामाजिक सुरक्षा सञ्जालमा आवद्ध गरी सर्वव्यापी सामाजिक सुरक्षा सञ्जालको स्थापना गर्ने लक्ष्यमा अगाडि बढिरहेको छ । यस कोष सामाजिक सुरक्षाको कार्यक्रम तयारीको चरणमा रहेको र यस कार्यमा सरकारी गैरसरकारी निकाय, निजी क्षेत्र, नागरिक समाजबाट सहयोग आशा गरिएको छ । धन्यवाद ।

## श्रीइन्द्राक्षीस्तोत्रम्

इन्द्राक्षी नाम सा देवी दैवतैः समुदाहृता ।
गौरी शाकम्भरी देवी दुर्गानाम्नीति विश्रुता ॥१॥
कात्यायनी महादेवी चन्द्रघण्टा महातपा ।
सावित्री सा च गायत्री ब्रह्माणी ब्रह्मवादिनी ॥२॥
नारायणी भद्रकाली रूद्राणी कृष्णपिङ्गला ।
अग्निज्वाला रौद्रमुखी कालरात्री तपस्विनी ॥३॥
मेघश्यामा सहस्राक्षी विकटाङ्गी जलोदरी ।
महोदरी मुक्तकेशी घोररूपा महाबला ॥४॥
अजिता भद्रदाऽऽनन्दा रोगहर्त्री शिवप्रिया ।
शिवदूती कराली च प्रत्यक्षपरमेश्वरी ॥५॥
इन्द्राणी इन्द्ररूपा च इन्द्रशक्तिपरायणा ।
सदासम्मोहिनी देवी सुन्दरी भुवनेश्वरी ॥६॥
एकाक्षरी परा ब्राह्मी स्थूलसूक्ष्मप्रवर्तिनी ।
नित्यं सकलकल्याणी भोगमोक्षप्रदायिनी ॥७॥
महिषासुरसंहर्त्री चामुण्डा सप्तमातृका ।
वाराही नारसिंही च भीमा भैरवनादिनी ॥८॥
श्रुतिः स्मृतिर्धृतिर्मेधा विद्या लक्ष्मी सरस्वती ।
अनन्ता विजया पूर्णा मानस्तोकाऽपराजिता ॥९॥
भवानी पार्वती दुर्गा हैमवत्यम्बिका शिवा ।
शिवा भवानी रूद्राणी शङ्करार्धशरीरिणी ॥१०॥
ऐरावतगजारूढा वज्रहस्ता वरप्रदा ।
भ्रामरी काञ्चिकामाक्षी क्वणन्माणिक्यनूपुरा ॥११॥
त्रिपाद्भस्मप्रहरणा त्रिशिरा रक्तलोचना ।
शिवा च शिवरूपा च शिवभक्तिपरायणा ॥१२॥
मृत्युञ्जया महामाया सर्वरोगनिवारिणी ।
ऐन्द्री देवी सदाकालं शान्तिमाशु करोतु मे ॥१३॥
ॐभस्मायुधाय विद्महे, रक्तनेत्राय धीमहि,
तन्नो ज्वरहरः प्रचोदयात् ।
एतत् स्तोत्रं जपेन्नित्यं सर्वव्याधिनिवारणम् ।
रणे राजभये शौर्ये सर्वत्र विजयी भवेत् ॥१४॥
एतैर्नामपदैर्दिव्यैः स्तुता शक्रेण धीमता ।
सा मे प्रीत्या सुखं दद्यात् सर्वापत्तिनिवारिणी ॥१५॥
ज्वरं भूतज्वरं चैव शीतोष्णज्वरमेव च ।
ज्वरं ज्वरातिसारं च अतिसारज्वरं हर ॥१६॥
शतमावर्तयेद् यस्तु मुच्यते व्याधिबन्धनात् ।
आवर्तयन् सहस्रं तु लभते वाञ्छितं फलम् ॥१७॥
स्तवराजमिमं पुण्यं जपेदायुष्यवर्धनम् ।
विनाशाय च रोगाणामपमृत्युहराय च ॥१८॥
सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥१९॥
श्रीइन्द्राक्षीस्तोत्रं सम्पूर्णम् ।

## श्रीसिद्धकुञ्जिकास्तोत्रम्

शिव उवाच -
शृणु देवि । प्रवक्ष्यामि कुञ्जिकास्तोत्रमुत्तमम् ।
येन मन्त्रप्रभावेण चण्डीजापः शुभो भवेत् ॥१॥
कवचं नाऽर्गलास्तोत्रं कीलकं न रहस्यकम् ।
न सूक्तं नाऽपि ध्यानं च न न्यासो न च वाऽर्चनम् ॥२॥
कुञ्जिकापाठमात्रेण दुर्गापाठफलं लभेत् ।
अति गुह्यतरं देवि देवानामपि दुर्लभम् ॥३॥
गोपनीयं प्रयत्नेन स्वयोनिरिव पार्वति ।
मारणं मोहनं वश्यं स्तम्भनोच्चाटनादिकम् ।
पाठमात्रेण संसिद्ध्येत् कुञ्जिकास्तोत्रमुत्तमम् ॥४॥
अथ मन्त्रः
ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥ ॐ ग्लौं हुं क्लीं जूं सः
ज्वालय ज्वालय ज्वल ज्वल प्रज्वल प्रज्वल ऐं ह्रीं क्लीं
चामुण्डायै विच्चे ज्वल हं सं लं क्षं फट् स्वाहा ।
**इति मन्त्रः**
एतैर्नामपदैर्दिव्यैः स्तुता शक्रेण धीमता ।
सा मे प्रीत्या सुखं दद्यात् सर्वापत्तिनिवारिणी ॥५॥
नमस्ते रूद्ररूपिण्यै नमस्ते मधुमर्दिनि ।
नमः कैटभहारिण्यै नमो महिषमर्दिनि ॥६॥
नमस्ते शुम्भहन्त्र्यै च निशुम्भासुरघातिनि ।
जाग्रतं हि महादेवि जपं सिद्धं कुरूष्व मे ॥७॥
ऐंकारी सृष्टिरूपायै ह्रींकारी प्रतिपालिका ।
क्लींकारी कामरूपिण्यै बीजरूपे नमोऽस्तु ते ॥८॥
चण्डघातिनी चामुण्डे यैंकारी वरदायिनी ।
विच्चे चाऽभयदा नित्यं नमस्ते मन्त्ररूपिणि ॥९॥
धां धीं धूं धूर्जटेः पत्नी वां वीं वूं वागधीश्वरी ।
क्रां क्रीं क्रूं कालिकादेवी शां शीं शूं मे शुभं कुरू ॥१०॥
हुं हुं हुंकाररूमपिण्यै जं जं जं जम्भनादिनी ।
भ्रां भ्रीं भ्रूं भैरवी भद्रे भवान्यै ते नमो नमः ॥११॥
अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं
धिजाग्रं धिजाग्रं त्रोटय दीप्तं कुरू कुरू स्वाहा ॥
पां पीं पूं पार्वती पूर्णा खां खीं खूं खेचरी तथा ॥१२॥
सां सीं सूं सप्तशती देव्या मन्त्रसिद्धिं कुरूष्व मे ।
इदं तु कुञ्जिकास्तोत्रं मन्त्रजागर्तिहेतवे ।
अभक्ते नैव दातव्यं गोपितं रक्ष पार्वति ॥१३॥
यस्तु कुञ्जिकया देवि ! हीनां सप्तशतीं पठेत् ।
न तस्य जायते सिद्धिररण्ये रोदनं यथा ॥
रूद्रयामले गौरीतन्त्रे शिवपार्वतीसंवादे
श्रीसिद्धकुञ्जिकास्तोत्रं सम्पूर्णम् ॥

## श्रीनीलसरस्वतीस्तोत्रम्

श्रीगणेशाय नमः ।
घोररूपे महारावे सर्वशत्रुभयङ्करि ।
भक्तेभ्यो वरदे देवि त्राहि मां शरणागतम् ॥१॥
ॐ सुरासुरार्चिते देवि सिद्धगन्धर्वसेविते ।
जाड्या पापहरे देवि त्राहि मां शरणागतम् ॥२॥
जटाजूटसमायुक्ते लोलजिह्वान्तकारिणि ।
द्रुतबुद्धिकरे देवि त्राहि मां शरणागतम् ॥३॥
सौम्ये क्रोधाकररूपे चण्डरूपे नमोऽस्तु ते ।
सृष्टिरूपे नमस्तुभ्यं त्राहि मां शरणागतम् ॥४॥
जडानां जडतां हन्ति भक्तानां भक्तवत्सल ।
मूढतां हर मे देवि त्राहि मां शरणागतम् ॥५॥
वँ ह्रूं ह्रूं कामये देवि बलिहोमप्रिये नमः ।
उग्रतारे नमो नित्यं त्राहि मां शरणागतम् ॥६॥
बुद्धिं देहि यशो देहि कवित्वं देहि देहि मे ।
मूढत्वं हर हे देवि त्राहि मां शरणागतम् ॥७॥
इन्द्रादिसर्वविबुधैर्वन्दिते करूणामयि ।
तारे ताराधिनाथास्ये त्राहि मां शरणागतम् ॥८॥
अष्टम्यां च चतुर्दश्यां नवम्यां यः पठेन्नरः ।
षण्मासैः सिद्धिमाप्नोति नाऽत्र कार्या विचारणा ॥९॥
मोक्षार्थी लभते मोक्षं धनार्थी लभते धनम् ।
विद्यार्थी लभते विद्यां कर्तव्याकरणादिकम् ॥१०॥
इदं स्तोत्रं पठेद् यस्तु सततं श्रद्धयाऽन्वितः ।
तस्य शत्रुः क्षयं याति महाप्रज्ञा प्रजायते ॥११॥
पीडायां वाऽपि संग्रामे जाड्ये दाने तथा भये ।
य इदं पठति स्तोत्रं शुभं तस्य न संशयः ।
इति प्रणम्य स्तुत्वा च योनिमुद्रां प्रदर्शयेत् ॥१२॥



अध्यात्म – **उद्धवप्रसाद भट्टराई "चैतन्यदीप"**

# जीवनको लक्ष्य : चार पुरूषार्थ सिद्धि

अद्वैत वेदान्त दर्शनका प्रेरक सन्त जगद्गुरू शङ्कराचार्यले मानव जीवनको सरदर आयु सय वर्षलाई आधार मानेर ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास गरी चार आश्रममा विभाजन गरिदिनु भएको छ । यस रहस्यभित्र जीवनमा चारपुरूषार्थ धर्म, अर्थ, काम र मोक्ष सिद्धि प्राप्त गर्ने आधार छिपेको छ । मानिसले जीवनमा यी चार पुरूषार्थ सिद्ध गर्न सकेमात्र जीवन सफल भएको सार्थकता झल्किन्छ । जसमा मानिसले पच्चिस वर्षसम्मको आयु कुमारावस्थासम्म ब्रह्मचर्य आश्रमबाट बल र विर्यलाई मजबुज गर्दै शिक्षा, अनुशासन, ज्ञान ध्यान एवं इश्वरीय चरित्रलाई बुझि जीवनलाई सक्षमतातिर उन्मुख गराउन धर्ममा सिद्धता पाउनु पर्दछ । जसलाई जीवनको पहिलो पुरूषार्थ धर्म मानिन्छ । पच्चिसदेखि पचासवर्षसम्मको उमेरमा ब्रह्मचर्य आश्रममा सिद्ध गरेको धर्मबाट सिकेको शिक्षा र ज्ञानको उपयोगद्धारा परिश्रमपूर्वक कर्म गरी जीवनका लागि पर्याप्त अर्थ आर्जन गरेर गृहस्थ आश्रमलाई सुखी, आनन्दित र सफल बनाउनुलाई भनिएको छ । अर्थ भएन भने कुनै पनि जीवन वर्वाद हुन्छ । त्यसैले अर्थ व्यवस्थामा हरेक मनुष्यले सिद्धता प्राप्त गर्नु पर्दछ । पचासदेखि पचहत्तर वर्षसम्मको आयुलाई वृद्धावस्था अर्थात् वानप्रस्थाश्रम भनिएको छ । यस अवस्थामा वैराग्य ज्ञानको सहाराले एकान्त, शान्त, ध्यानतर्फ उन्मुख हुने प्रयास गरिनु पर्दछ । कम दौडधुप, थोरै तीर्थभ्रमण तथा भीडभाडबाट बच्नुपर्दछ । गृहस्थप्रति वैराग्यभाव राखी घर, गृहस्थ र कर्मको जिम्मा आफ्नो छोराछोरीलाई विस्तारै सुम्पिदै आफू इश्वर चिन्तनमा लाग्नु पर्दछ । वानप्रस्थी हुनुको अर्थ काम र वासनाको आसक्तिबाट मुक्त हुँदै वेद, वेदादि शास्त्रको चिन्तन, अध्ययन र एकान्त वास गर्नमा प्रयास गर्नु हो । तब मात्र मनुष्यले जीवनमा आफूले गरेको काममा सिद्धता मिल्दछ भनिएको छ । बृद्धावस्थामा पनि मानिस संसारप्रति नै बढी आसक्त भइरहन्छ भने त्यो पुरूषले अन्तमा विषयलाई जित्न नसकि सन्न्यासी हुनसक्दैन र मुक्ति पाउन पनि सक्दैन । जसको कारण जीव जन्म मरूणरूपी जन्म जन्मान्तरको दुःख, पीडा र मृत्युको जालमा सधैं फसी रहन्छ । वानप्रस्थ अवस्था मानिसले गृहस्थमा गर्न नसकेको वचेखुचेको कार्य गर्दै मन्द कर्मको आधारमा ज्ञान र ध्यानको मार्गमा चल्ने समयलाई मानिएको छ । अन्तमा पचहत्तरदेखि सय वर्षसम्मको अवस्थालाई सन्न्यास अवस्था भनी छुट्याइएको छ । किनकी यस अवस्थामा मानिस पूर्णरूपमा अरूको भरमा हिड्नुपर्ने आफ्नु भन्ने केही नभएको जस्तो असक्त, रोगी तथा हिँडडुल गर्न नसक्ने आशारहित जीवन जिउनु पर्ने वेला भएकोले यसलाई सन्न्यासी वा सन्न्यासी जस्तै भई जीवन जिउनु भनिएको छ । यो अवस्थामा असन्तोषको भाव रहनु हुँदैन । अर्को अर्थमा भन्नुपर्दा संसारी विषयको कुनै पनि आसक्ती नराखी केवल इश्वरमा मात्र आश्रय लिएर वस्न सके अन्तमा मोक्ष सिद्धि मिल्छ भन्ने आसय यस आश्रमले बुझाउन खोजिएको छ । शंकराचार्यको भनाई अनुसार जीवनको चार आश्रममा चार पुरूषार्थलाई सिद्ध गर्न सकिएन भने त्यो जीवन क्रमशः माछो, घोडा, गोरू वा गधा, कुकुर र अन्तमा लाटोकोसेरो जस्तै जीवन व्यतित हुन्छ भनिएको छ । जसरी माछाहरू खानाको लोभमा परेर जीवन शिकारीको पन्जामा पार्दछन् । त्यस्तै मनुष्य जीवन पनि वाल्य र कुमारावस्थामा त्यस्तै हुन्छ । यो अवस्थामा मनुष्य शत्रु र मित्रु चिन्न नसक्दा घोर अन्धकारमा फस्न जान्छ । जब युवा अवस्था हुन्छ तब मानिस घोडा जस्तै अरूको लागि बाँची रहन्छ । अरूकै लागि कर्म गर्दछ । एकछिन पनि आराम गरौं भन्ने भावना जाग्दैन । तृष्णा र लोभले निरन्तर काम गरिरहन्छ, फेरि काम भनिरहन्छ । यस्तै जवानीमा परिवार र वालवच्चाको लागि भनेर गोरू वा गधा जस्तै जोतिएर कमाउँछ । आफू खान सक्दैन पुत्र र परिवारको लागि भनि भविष्यको लागि जोगाउँछ, अरूको अधिनमा बसी गोरू जस्तै काम गर्छ । जति काम र कर्म गरेपनि आफू भने सुख र आनन्दको महशुस गर्न सक्दैन । यसरी जवानी पनि वितेपछि आफू कर्म गर्न नसक्दा कुकुर जस्तै सँधै विषय चिन्तनमा अल्झि अरूलाई यो भएन त्यो भएन भनी कराइरहन्छ । यथार्थ सुखको खोजमा लाग्दैन केवल अरूले गरेको कार्यमा असन्तुष्टि मात्र जनाउँछ र आफूलाई सदा दुःखी सम्झन्छ । अन्तमा केही गर्न नसक्दा लाटोकोसेरोको जस्तो जीवन व्यत्तित गर्दछ र मर्दछ । यसरी पशु जस्तै जीवन निर्वाह गर्दछ । पशुमय जीवन चल्नु नै नरकको बास हो । पशुदेखि माथि उठेर देवत्वमय जीवन जिउने हो भने सिद्धि र साधनालाई पाउनु पर्दछ । यसैले जीवनमा चारपुरूषार्थ धर्म, अर्थ, काम र मोक्ष सिद्धिको अत्यन्तै महत्व रहेको छ ।

तर अहिलेको समयमा दुईवटा आश्रमको मात्र महत्व सावित हुन थालेको छ । कि त संसारमा गृहस्थाश्रम चलिरहेको छ, कि त सन्न्यास आश्रम संचालित छन् । ब्रह्मचर्य र वानप्रस्थ आश्रम भन्ने कुरा नगण्य नै भइसक्यो । गृहस्थीले पनि सन्न्यास आश्रमको जस्तो कुरा गर्ने र सन्न्यासीले पनि गृहस्थाश्रमको प्रशम्सा गर्ने यस्तो उल्टो विचार संसारमा बढ्दै गएको छ । अनाधिकारी व्यक्तिहरू अध्यात्मको शिक्षा दिँदै हिड्ने र आध्यात्मिक गुरूहरू राजनीतिक नेता, धन, पद र सम्पत्ति, पैसाले परिपूर्ण व्यक्तिहरूको पछौटे बन्दै हिँड्ने समय आएको छ । कुनै पनि गृहस्थले ब्रह्मचर्य आश्रमको जस्तो नियम र अनुशासनमा आफ्ना छोरा छोरीलाई राख्न सकेका छैनन् । शिक्षा क्षेत्रले व्यापार व्यवशाय बढी गर्दै गएको कारण नैतिकता, चरित्र र वैदिक कर्मप्रति कसैको चासो छैन । यथार्थ ज्ञान र ध्यानप्रति कसैको मतलब छैन, वानप्रस्थी विचार कता गइसक्यो कता थाहा छैन । सन्न्यासीहरू त्याग र परमवैराग्यको सहाराले ज्ञान र ध्यानको मार्ग प्रशस्त गर्नुपर्नेमा घर, भवन, जमीन जोड्नका लागि अनेक धर्म, कर्म र तीर्थको सहारा लिइरहेका छन् । इच्छा, आशा र मोहमा फसेका मानिसहरू सन्न्यासी कहलिएका छन् । गृहस्थीहरू सन्न्यासको दीक्षा लिँदै हिँडेका पाइन्छ । ब्रह्मचर्य ब्रतको कुनै श्रद्धा विश्वास नै छैन । सन्न्यासीहरू गृहस्थ धर्म उच्च हो भनि व्याख्या गर्दै हिँडेका छन् । अनुशासन र चरित्र, सदाचार भन्ने कुरा चाहे गृहस्थ होस् चाहे सन्न्यास होस् दुवैलाई उत्तिकै आवश्यकता छ । मानिसको गुण र कर्म फरक हुनसक्छ, तर सफलता भन्ने कुरा सबै आश्रमको लागि एउटै कुरा हो । सबै आश्रमका मनुष्यलाई शान्ति चाहिन्छ, आनन्द चाहिन्छ र अन्तमा मुक्ति लाभ पनि चाहिन्छ । त्यसैले ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास जे भने पनि व्यवहारको लागि मात्र हो । मनोविज्ञान भने सबैको एकै प्रकारको हुन्छ । गृहस्थ र सन्न्यासको आवश्यकता, सीमा र मर्म फरक भएपनि लक्ष्य भने एउटै हो । दुई हातले कमाऊ आफू पुष्ट बन र बाँकी रहेको सम्पत्ति जीव कल्याणको लागि दान गर र अन्तमा मुक्त बन भन्ने हाम्रो वैदिक सनातन संस्कृतिको प्रेरणा हो । ◆◆



# Tax Incentive in Nepal : Opportunities for Domestic and Foreign Investors

Money is like blood in the body politic, the government is its heart. Through taxes blood flows to the heart, and through wise state expenditures, it spreads through all the veins. Industriousness can be considered as the heat which promotes circulation. The principle propounded by famous Russian writer Chulkov to the tax policy that taxes are should not be levied on person but on the property and income of each subject. Probable entrepreneurs want to do business have extensive tax discount and concessionon income derived from business mainly based on agriculture and forest products by saving & credit cooperatives and cooperative in rural municipality are exempt from tax. Further, the dividend paid by such entity and societies are exempt from the taxation. Another tax exemption facility on interest earned up to rupees twenty-five thousands by individuals from deposits in account of microfinance institutions and cooperative. Government has made a tax holidays for special industries. These facilities attract potential entrepreneurs. They are the opportunities of tax discounts in tax.

In Nepal, the corporate tax rate is 25 percent and for banks 30 percent rate of taxation on income is levied. It is moderately appropriate for the entrepreneurs, not so high. For the foreign investors, it is not so high. They can save tax amount in Nepal if they invest their capital. The corporate tax rates in percentage of income in some Asian countries are as follows:

| Country | Highest | Lowest |
|---|---|---|
| United Arab Emirates | 55.00 | 40.00 |
| India | 38.95 | 32.44 |
| Pakistan | 43.00 | 30.00 |
| Japan | 52.40 | 30.86 |
| Philippines | 35.00 | 30.00 |
| Bangladesh | 40.00 | 25.00 |
| China | 33.00 | 25.00 |
| Indonesia | 39.00 | 25.00 |

*Sources: https://tradingeconomics.com*

Likewise, the corporate tax rate in percentage of income in G 20 countries are as follows:

| Country | Highest | Lowest |
|---|---|---|
| Brazil | 37.00 | 25.00 |
| France | 50.00 | 33.30 |
| Australia | 49.00 | 30.00 |
| Mexico | 42.00 | 28.00 |
| Germany | 56.80 | 29.40 |
| Canada | 50.90 | 26.10 |

*Sources: https://tradingeconomics.com*

The above table depicts the corporate tax rate in developing countries in Asian countries are relatively higher than Nepal's corporate tax. The developed country Japan's tax rate is highest 52.40 and lowest 30.86 percent. Japan is leveled as the third rank in world GDP. The second biggest countries in GDP are China whose highest corporate tax rate is 33 percent and minimum 25 percent. In comparison to G 20 countries, Nepal's corporate tax is also lower. France has highest 50 percent and lowest 33.30 of tax rate on income. Germany falls in fourth rank in the list of big countries as per GDP. It is 56.80 of highest corporate tax rate. Hence, Nepal has lowest tax rate in comparison to the above-mentioned countries.

Further, the foreign investors can get the facilities and concession for the repatriation of their income and investment outside Nepal, which are as follows:

a) The amount received by the sale of the share of foreign investment as a whole or any part thereof.
b) The amount received as profit or divided in lieu of the foreign investment.
c) The amount received as the payment of the principal of and interest on any foreign loan.

Therefore, Nepal is a suitable country for global entrepreneurs seeking business opportunities in the World from tax rate and income repatriation outside Nepal.

Some special industries with motive of export oriented, Power generation, transmission, distribution, infrastructure projects etc. are levied on twenty percent on income that is very attractive to investors. Special industry or Information technology industry providing direct employment throughout the year to 100 or more Nepalese Citizens is applicable only 90 percent of normal rate. Similarly, if 300 or more Nepalese Citizens are employed 80 percent, 500 or more, 75 percent, 1000 or more Nepalese Citizens, 70 percent of normal rate applied. Further, additional 10% concession is provided if direct employment is provided to 100 or more Nepalese citizens including at least 33% of women, oppressed or handicapped person. If women operate microenterprises, 100 percent tax concession is provided for seven years from the date of operation.

Other more attractive tax holidays and concession is applicable for the special industries in Nepal. Hence, Nepal is the most attractive place for the industrial growth and business for the local and foreign entrepreneurs because there is a stable government, favorable taxation policies, favorable industrial policies and peace business environment.

# यसले पराशान्ति दिनेछ


वेदान्ती-ब्रह्मवादी ब्रह्म के हो भनेर खोज गर्दछन् । भक्तहरू ईश्वरको खोजमा आफ्नो जीवन समर्पण गर्दछन् । भौतिक जडवादी जगत्को खोजमा लागेको-लाग्यै छन् । मैले म को हुँ भनेर खोजी गरेको आधा शताब्दी अगाडिदेखि हो । अब खोज सकिएको छ । खोज छोड्यो भने वस्तु फेला पर्दो रहेछ । झन्डै बीस वर्ष जति खोजिसके पछि जे फेला पऱ्यो यही हो मेरा विषयमा । त्यसैको परिणति हो आध्यात्मिक महाकाव्य 'म को हुँ ?' को पूर्ववृत्तान्त, इतिहास, पूर्वपीठिका । वि.सं. २०४४ सालमा पहिलो पटक आफैँले प्रकाशित गरेँ । अध्यात्मप्रिय पाठकले, सत्सङ्गीले, 'म' को खोजमा लागेकाहरूले मन पराउनु भएछ र दोस्रो संस्करण प्रकाशित भयो वि.सं. २०६० मा ।

यसका प्रकाशक हुनुभयो नित्यस्वाध्यायी, अध्यात्मपरायण, आत्मचिन्तक श्रीरविप्रसाद पराजुली । आज आएर तृतीय संस्करण प्रकाशित भएको छ र यसका प्रकाशक हुनुहुन्छ श्रीविभुप्रसाद अर्याल । अर्यालज्यूको अध्यात्मनिष्ठा, अध्यात्मपरायणता, सत्सङ्ग-स्वाध्यायप्रतिको रूचि प्रशंसनीय छ । उहाँको अन्तर्प्रेरणाले प्रस्तुत ग्रन्थ प्रकाशन गर्ने इच्छा जागेछ र एक प्रभातमा 'शिव-मन्दिर' मा आएर अनुरोध गर्नुभयो । मैले तत्कालै सहर्ष स्वीकार गरेँ ।

केही संशोधन, केही थप प्रस्तुति सहित यसले महाकाव्यको रूप लिएर फेरि पन्ध्र वर्षपछि पाठक, जिज्ञासु, मुमुक्षु र 'म को हुँ ?' को अनुसन्धानमा लागेका श्रद्धेय सज्जनका सामु प्रस्तुत छ । बुझेर पढिदिनुहोस्, पढेर बुझिदिनुहोस् । आफूलाई चिनेर आनन्दसङ्ग बाँचिदिनुहोस् । स्रष्टाको चिन्तन र श्रम सार्थक भएको प्रमाणित हुनेछ । सपरिवार श्रीविभु बाबुलाई धेरै-धेरै शुभआशीर्वाद ! उहाँका पिता प्रकाशदेव र उहाँकी माता जमुनादेवी अर्याल जहाँ हुनुहुन्छ- अखण्ड शान्ति मिलोस् !

**'म को हुँ ?'** शीर्षकबाटै स्पष्ट छ- यो वेदान्त हो, अध्यात्मविद्या हो, पराविद्या हो । यसले अवश्य पनि पराशान्ति दिनेछ । हामी आशावादी बनौँ यो स्वान्तः सुखायमात्र नभएर शाश्वत शान्ति प्रदानाय बनोस् ! बाँकी महाकाव्यका प्रत्येक कविताले बोल्नेछन्- यसभित्र के छ र यसले के दिन खोजेको छ भनेर । शिवमस्तु !



*हालै सत्संग परिवार जावलाखेलमा राम मन्दिर सामिप्य विमोचित प्रा. रिसालको आध्यात्मिक महाकाव्य*

**म को हुँ ?**





# जीवात्माको उद्धारको लागि सही बाटो

अद्वैतवेदान्तको श्रवण, मनन र निधिध्यासन गर्नको लागि प्रत्येक सजग नागरिकले प्रस्थान त्रयी (उपनिषद्, श्रीमद्भगवतगीता र ब्रह्मसूत्र) ले देखाएको वाटाको अनुशरण गर्नु पर्दछ । अद्वैतवेदान्तको सार हो जीव र ब्रह्मको एकता । गुरूले मात्र जगत्रुपी भवसागरबाट जीवात्मारूपी शिष्यलाई तार्न सक्नुहुने हुँदा अद्वैतवेदान्तको सार बुझाउन केवल सक्षम गुरूले मात्र सक्नुहुन्छ भन्ने बुझ्नु पर्दछ । शिष्य पनि चार साधनले युक्त भएमा मात्र गुरूको वचन ग्रहण गर्न सक्ने हुँदा उक्त साधनसम्पन्न भएको शिष्यले मात्र वेदान्तको रहस्य बुझ्न सक्दछ । त्यसै गरी आफूले पनि शिष्यलाई तार्न सकिँदैन भने गुरूले शिष्य बनाउनु पनि हुँदैन । अतः मिलेसम्म श्रोत्रिय ब्रह्मनिष्ठ र नमिलेमा ब्रह्मनिष्ठ गुरूको आशीर्वादबाट मात्र ब्रह्मज्ञान अर्थात् आत्मज्ञान गर्न सम्भव छ ।

**उद्धार गर्न नसके, चेला हुन्न बनाउन ।**
**गुरूमा ज्ञान ता छैन, भने भो व्यर्थ जीवन ॥** (यसै ग्रन्थबाट)

**म को हुँ ?** नामक महाकाव्यको यो तेस्रो संस्करण हो । आदरणीय गुरू प्राध्यापक शिवगोपाल रिसालज्यूबाट यो महाकाव्यको तेस्रो संस्करण प्रकाशन हुन लागेको मौका छोपी सो ग्रन्थ आफूले प्रकाशन गर्ने इच्छा व्यक्त गर्दा उहाँबाट प्राप्त भएको स्वीकृतिले यो काव्यको तृतीय संस्करण प्रकाशित गर्ने अवसर मलाई मिल्न गएको हो । यस महाकाव्यको प्रथम तथा द्वितीय संस्करणको पटक-पटक अध्ययन गर्दा यस महाकाव्यले उत्तम मुमुक्षुहरूलाई ब्रह्मज्ञान गर्न ज्यादै उत्प्रेरित गर्ने र तत्वज्ञानको ढोका खोल्न समेत सहयोग गर्ने क्षमता रहेको महसुस मैले गरेको छु । उत्तम मुमुक्षुको लागि यो कृति अत्यन्त महिमादायी छ भने मध्यम र सामान्य स्तरका मुमुक्षुहरूका लागि यसमा ब्रह्मज्ञान गर्न सहयोग पुग्ने केही आधारभूत तथ्यहरू थप गर्दा बढी फलदायी हुने यथार्थलाई आत्मसात् गरी सबै प्रकारका मुमुक्षुहरूलाई तत्वज्ञान गर्न सहज होस् भनी चार साधन लगायत तीन अवस्था, पञ्चकोश आदिलाई पनि यस काव्यमा थप गर्न पाए मुक्तिको बाटो सहज हुने थियो भनी अनुरोध गर्दा आदरणीय गुरूज्यूबाट यस काव्यमा चार साधन, तीन दोष, पञ्चीकरण, तीन शरीर, तीन अवस्था, पञ्चकोष आदि समेत थप गरिबक्सनु भएकोले यस कृतिले अब उप्रान्त जीवात्माको उद्धारको लागि सही बाटो देखाउन अत्यन्त सफल रहने विश्वास व्यक्त गर्दछु ।

**बाटामा लागिहाल्यो कि, ढिलो चाँडो पुगिन्छ है ।**
**बाटो पो ठीक हो-हैन, निक्कै सोध र खोज है ॥** (यसै ग्रन्थबाट)

मेरी ममतामयी ब्रह्मलीन माता श्रीमती जमुनादेवी अर्याल तथा ब्रह्मलीन पिता श्रीप्रकाशदेव अर्यालको अशीर्वादले आज यस कृतिको प्रकाशक हुन सकेकोमा उहाँहरूले प्रदर्शन गरिबक्सेको पथमा अझ अघि बढी तत्वज्ञान गर्न सकियोस् भनी कामना गर्दै यस महाकाव्य प्रकाशकको हैसियतमा रहने सम्पूर्ण अधिकार माता तथा पिताको चरणकमलमा अर्पण गर्दछु । माता तथा पिताबाट प्रदर्शन भएको पथअनुसार अद्वैतावेदान्तमा आज पनि हामी सारा परिवार लागिरहेको र ब्रह्मज्ञान रूपी अमृतको रसपान गर्ने क्रममा आउँदा दिनहरूमा उत्तम मुमुक्षु रही जीव र ब्रह्मको एकता गर्ने लक्ष्यतर्फ निरन्तररूपमा अगाडि बढ्ने प्रण गर्दछौं ।

अन्यमा, अद्वैत वेदान्तमा रस बसेका मुमुक्षुहरूलाई भवसागरबाट पार गराउने यस **म को हुँ ?** नामक महाकाव्यको यो तेस्रो संस्करणलाई प्रकाशन गर्ने अनुमति दिनुहुने श्रद्धेय गुरू प्राध्यापक शिवगोपाल रिसालज्यूप्रति हृदयदेखि नै नमन गर्दछु । यस कृति टाइप गर्न सहयोग गर्नुहुने श्रीरामप्रसाद राजभण्डारी, भक्तपुरलाई र प्रकाशन गरिदिनुहुने श्री प्रेस, जावलाखेललाई धन्यवाद ज्ञापन गर्दै प्रत्यक्ष्य तथा अप्रत्यक्ष्यरुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कविता

## अस्तित्वको खोजी !



**सङ्गिता आचार्य**
**(सन्ध्या)**

चाहे जसरी फूल्न सकेनन्
पर्यावरणका फूलहरु
खोजे र सोचेभन्दा
धेरै फरक भए
लक्ष्य, उद्देश्य र गन्तव्यहरु
त्यसैले,
अटाउँन सकेन ऊ
तिम्रो साँघुरो धरातलमा ।

नाम पछाडिको बदनाम
प्यारो कसलाई हुन्छ होला !
उड्दा जुन बेगले माथि पुग्यो
झरेर ठोकिँदा
चोट त्यति नै ठूलो हैन ?
माफ गर !
ऊ भुल्न सक्दैन
जननी र जन्मभूमिको आश्रय ।

झुठो विगुल फुकेर
धेरै थुनिए अव्यक्त चित्कार
झुक्किए धेरै मन
र मनका आशाहरु ।

पर्ख ! सुन ! हेर !
जाग्दैछन् मौन मनका स्वरहरु
युगले स्विकार्दैन अब
युगिन सिद्धान्तका बोझ र
शताब्दी पुराना डोबहरु ।
घाम रोएको दिन
जून रोएको रात,
हिजोको तिमी र आजको ऊ
यहाँको विरानो झ्याल र
त्यहाँको सुनौलो बिहानी
यही दोभान, त्रिवेणी र चौबाटाहरूको
स्वागत र विदाइका एकै भाषा मिलाएर
आफैँबाट गर्दैछ ऊ
अस्तित्वको नयाँ खोजी ॥

*चाबहिल, काठमाडौं, नेपाल ।*

विचार - प्रेमसिंह बस्न्यात



# सुरक्षा मामिलामा नेपाल–चीन सम्बन्ध

नेपाल र चीन बीचको मैत्रीपूर्ण सम्बन्धको इतिहास एकदमै पुरानो र लामो छ । मन्जुश्रीले चीनबाट काठमाडौं आएर उपत्यका भित्रको पानी बगाएर बसोवास सुरू गरेको कहानी कथा नेपालमा प्रचलित छ । बुद्धधर्म चीनमा प्रवेश गरेको सयौं वर्षपछि दुई राष्ट्रका बीचमा गैर सरकारी सम्पर्क रहेको वर्णन चार शताब्दीदेखि शुरू गरेको ऐतिहासिक प्रमाण पाइन्छ तर आधिकारीक सम्पर्क चाहीं पछि थाङ वंशको बेलाबाट सुरू भएको देखिन्छ । कुटनैतिक हिसावले नेपालको सबैभन्दा पुरानो मित्रता चीनसँग भएको थियो ।

**मध्यकाल**

- ऐतिहासिक रूपले ठोकुवा गर्न नसके पनि नेपाली जनश्रुति र लेखिए अनुसार पौराणिक कालमा चीनबाट आएका मन्जुश्री नाम गरेका मुनी/महात्माले काठमाडौं उपत्यकामा रहेको पानीको विशाल काललाई सुकाई उपत्यकामा मानव बस्ती बसाउनको लागि हालको चोभारको डाँडा काटेका थिए । त्यसपछि उपत्यकामा बस्ती बसाई त्यस स्थानको नाम 'मंजुपत्तन' राखिएको थियो ।
- त्यस बखतको चलनमा देश-देशबीच धार्मिक दूत पठाउने प्रचलन थियो । सोही अनुसार वि.सं. ३६३ (सन् ३०६) मा सेन साई (Tsen Tsai) नामक दूत नेपाल आई तत्कालीन राजासँग भेटघाट गरेका थिए ।
- सोही काममा वि.सं. ४६३ (सन् ४०६) मा पनि फायन धार्मिक दूत भई नेपाल आएका थिए ।
- वि.सं. ६९३ (सन् ६३६) मा धार्मिक दूतकै रूपमा हवेन साङ नेपाल आई तत्कालीन राजदरबारका पाहुना बनेका थिए । अहिलेसम्मको अभिलेखमा नेपाल कत्रो थियो भनेर वर्णन गर्ने पहिलो विदेशी पनि उनी नै थिए । तत्कालीन नेपालको क्षेत्रफल ४००० स्क्वायर लि (३ लि बराबर १ माइल) भएको लेखेका छन् ।
- वि.सं. ७०४ (सन् ६४७) तिर राजा नरेन्द्र देवको पालामा चिनियाँ दूतहरू लि प्याओ र वाङ छेन से भारत कन्नौजका राजा हर्षवर्धनको दरबारमा गएका थिए । हर्षवर्धन खुसी भै प्रसस्त सम्पत्ति दिएर दुवै दूतलाई बिदा गरे । त्यसपछि तुरून्तै हर्षवर्धनलाई उनको सेनापति अरूणाश्व (अर्जुन) ले हत्या गरी आफै राजा भए र चिनियाँ दूतको सम्पत्ति लुटेर बेइज्जत गरी पठाए । ति दुवै दूत भागी नेपाल पसे । यो कुरा चीनको राजाले थाहा पाएपछि उनले नेपाल र तिब्बतलाई सैनिक सहयोग माग गरी लुटाहा अरूणाश्वलाई ठीक पार्न अनुरोध गरे । सोही अनुसार नेपालले ७००० घोड चडी सेना र तिब्बतले १२०० भोटे पैदल सेना सहयोग दिएका थिए । ति दुवै संयुक्त फौजले कन्नौज गै अरूणाश्वको सेनालाई पराजित गरी उसलाई पक्रेर तिब्बत लगेपछि फाँसी दिइएको थियो । नेपाल-चीन सैनिक कुटनीतिमा नेपालले चीनलाई सैन्य सहयोग दिएको यो पहिलो घटना हो ।
- लिच्छबी कालमै चीनसँग पनि अति राम्रो पहुँच भएका तिब्बती राजा स्रोङचङ गम्पोले नेपालका राजा अंशुवर्माको छोरी भृकुटीसँग विवाह गरेका थिए ।
- लिच्छबी राजा जय भिमदेवको पालामा तिब्बतमा गुम्बा बनाउनको लागि तिब्बती राजाको अनुरोधमा नेपालले पाटन निवासी बलबाहु लाछिमे (पछि अरनीको नामले प्रख्यात) को नेतृत्वमा ८० जना सिकर्मी/डकर्मी तिब्बत पठाइयो । चीनको राजाको बौद्ध धर्म गुरू मार्फत त्यो टोलीले बनाएको गुम्बा/चैत्यको कुरा सुनेर चिनियाँ राजा कुब्ला खान दंग परे । त्यसपछि उनले उक्त टोलिलाई भोटमा छाडेर अरनीकोलाई मात्र चीनमा पनि चैत्य बनाउन बोलाए । वि.सं. १३१९ (सन् १२६२) मा अरनीकोले नेतृत्व गरेको टोली पेकिङ पुग्यो । वि.सं. १३२८ (सन् १२७१) मा पेकिङमा हाल भएको "ह्वाइट पगोडा" बनाए भने अन्य धेरै चैत्यहरू बनाएका थिए ।
- मल्ल कालदेखि वि.सं. १८४९ (सन् १७९२) सम्म नेपाल र चीनको सम्बन्ध अत्यन्तै राम्रो भएको कारणले नै नेपालले तिब्बतमाथी एकाधिकार जमाई सुन, नुन र उनको व्यापार चलायो । यस व्यापारले गर्दा नेपालको आर्थिक स्थिति अति राम्रो भयो भने त्यस युगलाई नेपालको स्वर्णिमकाल समेत भनिन्छ । वि.सं. १८४८ (सन् १७९१) मा भएको नेपाल-चीन-तिब्बत युद्धपछि भने नेपालले तिब्बतसँगको व्यापारबाट वञ्चित हुनु परेको थियो ।

**आधुनिक काल**

वि.सं. १८०१ (सन् १७४४) बाट गोर्खा राज्यले थालेको नेपाल एकिकरणपछि नेपालको राजनैतिक इतिहास फराकिलो बन्दै गएको थियो । वि.सं. १८०१ (सन् १४४४) मा नुवाकोट र वि.सं. १८२५ (सन् १७६८) मा कान्तिपुर विजय भएपछि तिब्बतसँगको व्यापार र कुटनैतिक सम्बन्ध पूर्णरूपले कान्तिपुरे राज्यबाट गोर्खाली शाह राजाको हातमा पुग्यो । तत्काल तिब्बत चीनको प्रत्यक्ष नियन्त्रणमा नभए पनि नेपालका वकिल र चिनियाँ अम्बाहरूको संयुक्त सल्लाहबाट त्यहाँ राजकाज चलाइन्थ्यो । चीनको बादशाह र राजाको लागि तिब्बत सम्मानित धार्मिक स्थल थियो । त्यसैले चीनले तिब्बतलाई आफ्नो पवित्र स्थल मान्दथ्यो भने चिनियाँ राजाहरूले तिब्बतमा थुप्रै गुम्बा/चैत्यहरू बनाएका थिए । यता आएर पृथ्वीनारायण शाहको मृत्युपछि नेपाल र तिब्बत तथा चीन बीच व्यापारिक कारणले गर्दा पटक-पटक विवाद भयो । कुटनैतिक माध्यम असफल भएपछि नेपालले उत्तरी छिमेकीसँग ३ पटक निम्न अनुसार युद्ध गर्नु परेको थियो ।

(क) **पहिलो नेपाल-तिब्बत युद्ध वि.सं. १८४६ (सन् १७८८-८९)** राजा रणबहादुर शाहको शासन कालमा राज्यका नायब तथा राजकुमार बहादुर शाह (रणबहादुरको काका) को पहलतामा यो युद्ध भै केरूङको सन्धिबाट अन्त भएको थियो । यो युद्ध मल्ल कालमा बनेको खोटा चाँदीका मोहर र शाह कालमा बनेका शुद्ध चाँदीको मोहरको मूल्यको सम्बन्धमा भएको थियो ।

(ख) **दोस्रो नेपाल-चीन-तिब्बत युद्ध वि.सं. १८४८ (सन् १७९१-९२)**
नेपाल र तिब्बतबीच केरूङमा भएको सन्धिले दुवै देशबीच चलेको युद्धलाई केही समयका लागि पर सार्‍यो । युद्धको सारा दोष तिब्बतको भएको कुरा

तिब्बतीहरू स्वीकार्नका लागि बाध्य भए र सन्धिअनुसार उनीहरूले नेपाललाई प्रतिवर्ष ५०,००० रूपियाँ तिर्न मन्जुर गरे । यता दुवै देशबीच सन्धि वार्ता चलिरहेको बेलामा चीनबाट पाचुङको नेतृत्वमा एउटा फौज तिब्बततर्फ आएकोले पनि नेपालले सन्धि गर्न छिटो अग्रसरता देखाउनुपरेको थियो, किनभने नेपाल त्यसबेला चीनसंग युद्ध गर्ने स्थितिमा थिएन । तिब्बतले सन्धिअनुसार पहिलो वर्षको किस्ता बेलैमा तिरेको भए तापनि अर्को वर्षदेखि केरूङ सन्धिका सर्तको पालना गर्न छाड्यो । अर्को वर्ष पठाउनुपर्ने रू. ५०,०००।- को दोस्रो किस्ता बिना कुनै सुचना बुझाएन । यसबाट नेपाली पक्षले आफू अपमानित भएको अनुभव गऱ्यो र तिब्बतमाथि पुनः आक्रमण थाल्यो । यो युद्ध पनि नेपालले जितेको अवस्थामा नेपाली फौज तिब्बतमा तैनाथ थियो । करिब ६ महिना पछि तिब्बतको अनुरोधमा चिनियाँ फौज तिब्बत आईपुग्यो र चिनियाँ र तिब्बती फौजले संयुक्त रूपमा नेपाल विरूद्ध भोटमा हमला गरे । नेपालको जित हुन सकेन । यो बुद्ध बेत्रावति सन्धिबाट समाप्त भयो । उक्त सन्धिमा निम्न बुँदाहरू थिए ।

१) अब उप्रान्त नेपाल तथा तिब्बत दुवै देशको चीन पिताको रूपमा रहनेछ । नेपाल तथा तिब्बत दुवैले आफूहरूलाई भाइ-भाइ नाताले व्यवहार गर्नेछन् ।

२) चिनियाँ सरकारद्वारा समुचित जाँच पड्ताल गरिसकेपछि ल्हासामा लुटिएको मालको सारा मूल्य तिब्बती अधिकारीहरूले लुटिएका नेपालीहरूलाई तिर्नु पर्नेछ ।

३) सशस्त्र सैनिकबाहेक समस्त नेपाली जनताले जुन समयमा पनि तिब्बत र चीनको सिमा क्षेत्रभित्र भ्रमण गर्न, कलकारखानाहरू स्थापित गर्न तथा व्यापार चलाउन अनुमति पाएका छन् ।

४) यदि दुई भाइ-भाइ देशहरूमध्ये कुनै एक पक्षबाट परस्परमा अकारण एक-अर्काको प्रदेश हत्याउने अभिप्राय लिएर झगडा उठेमा दुवै देशका सरकारका प्रतिनिधिहरूले पेचिन (पेकिङ) दरबारले झगडा समाधानको अन्तिम निर्णय दिनेछ ।

५) यदि नेपाललाई कुनै विदेशी शक्तिले चढाई गऱ्यो भने चीन नेपाललाई मद्दत गर्न अवश्य विफल हुनेछैन ।

६) यी दुवै भाइ-भाइ देशहरू आफ्नो पैतृक आदरभाव दर्शाउनको हेतुले प्रत्येक पाँच वर्षमा आ-आफ्ना देशमा उब्जेका वस्तु चीनमा पठाउने छन् (यो ५ वर्षे सौगाद टोली प्रधानमन्त्री जङ्गबहादुर कुँवरले वि.सं. १९११ मा तिब्बतविरूद्ध हमला नगरूञ्जेल ५२ वर्षसम्म नेपालले पठाई नै रहेको थियो) ।

७) चीन सरकारले यसको सट्टामा सौजन्य दर्शाउने कोसेली पठाउनेछ तथा चीन सरकारले चीनमा आउने-जाने शिष्टमण्डललाई सुविधाका प्रत्येक आवश्यकीय व्यवस्थाहरू मिलाइदिनेछ ।

**(ग) अन्तिम नेपाल-तिब्बत युद्ध (सन् १८५५-५६)** वेत्रावतीको सन्धि अनुसार नेपालले चीनको बादशाहलाई झन्डै झन्डै आफ्नो मालिकको रूपमा मान्नु पर्ने र वर्ष-वर्षमा नेपालको राजाले सौगात पठाई चीनको बादशाहलाई खुसी पार्ने चलन थियो । त्यसको लागि नेपालबाट ठुलै टोली चीन पुग्थ्यो र करिब १५ महिनाको अवधिपछि नेपाल फर्कन्थ्यो । प्रधानमन्त्री जंगबहादुरको समयमा सरदार गम्भिरसिंह गड्तौलाको नेतृत्वमा सौगात लिएर चीन गएको टोलीलाई भोटेहरूले अभद्र व्यवहार गरी खान र बास बस्न समेत नदिंदा धेरै जना बाटोमा नै मरे र १ जना मात्र बाँचेर नेपाल आइपुगे । यसबाट तिब्बतले कुटनैतिक मर्यादा तोडेकोले त्यसको बदला नेपालले सैनिक कारवाहीबाट गर्ने निधो गऱ्यो । यो युद्ध पूर्णरूपले नेपालले जित्यो भने थापाथलीको सन्धिबाट युद्ध अन्त भयो ।

**दोस्रो विश्व युद्धमा नेपालले सैनिक शिक्षक टोली पठाएको**

दोश्रो विश्व युद्धको समयमा चीनले पनि जापान विरूद्ध अमेरिकी र अंग्रेजी फौजलाई सैनिक सहयोग दिएको थियो । त्यस बेला बर्मामा खटिएका नेपाली फौजबाट चिनियाँ फौजलाई तालिम दिनको लागि नेपाली सैनिक शिक्षक टोली चीनको भूभागमा पठाइएको थियो । बृटिस गोर्खामा कार्यरत नेपाली र बर्मा फ्रन्टमा लड्न गएका नेपाली सेनाबाट उक्त "ट्रेनिङ्ग टिम" लगिएको थियो ।

**२००७ देखि २०४७ सालसम्म**

२००७ साल (सन् १९५०) पछि नेपालको राजनैतिक इतिहासमा भएको परिवर्तनसँगै नेपाल-चीन सम्बन्ध द्रुतगतिमा अगाडि बढेको छ । यस कालका मुख्य गतिविधिहरू निम्न अनुसार छन् :-

**कुँवर इन्द्रजित सिंह (के.आई.सिंह) को चीन पलायन**

नेपाली काँग्रेस भित्रको आन्तरिक मतभेदका कारण २४ घण्टामा डा. के.आई.सिंहले काठमाडौं कब्जामा लिए । त्यसपछि केही सहयोगीको साथ उनी राजनैतिक शरणार्थीको रूपमा रसुवागढी हुँदै केरूङ र पेकिङ पुगेका थिए । केही वर्षपछि नेपाल फर्केर उनी प्रधानमन्त्री समेत भएका थिए ।

**सगरमाथा हिमालको विवाद**

नेपाल र तिब्बतबीच परापूर्वकालदेखि भएका घनिष्ठ सम्बन्धले र नेपालको उत्तरतर्फको हिमालले गर्दा सीमासम्बन्धी खासै विवाद थिएन । तर पश्चिम १ नम्बर रसुवा, पूर्व धनकुटा क्षेत्रका किमाथाङ्का र थुदाम तथा जुम्ला क्षेत्रको नारा भञ्ज्याङ्ग इलाकामा रहेको सीमा विवाद कायम नै थियो । तरपछि प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाको समयमा वैधानिक सीमाङ्कन गर्ने काम भयो । त्यही सिलसिलामा हालको सगरमाथा हिमालको स्वामित्वको विषयमा केही विवाद हुँदा चीनले सालिनताकोसाथ सगरमाथाको नेपालतर्फको पाटो नेपाल कै हो भनी स्वीकार गऱ्यो । त्यसबखत चीनले देखाएको महानतालाई कदर गर्नु पर्दछ, किनभने त्यो हिमाल चीनले आफ्नै हो भन्न सक्दथ्यो तर त्यसो गरेन । यो हिमालको नाम देव ढुङ्गा, चोमोलोङ्मा, सगरमाथा र माउन्ट एभरेष्टको नामले चिनिन्छ ।

**राजा महेन्द्रको चीनसंगको कुटनीति**

राजा त्रिभुवनको पालामा भारतले पठाएका सचिवहरू राजदरबार लगायत सबैजसो मन्त्रालयको प्रमुख थिए भने नेपालभर विभिन्न ठाउँमा भारतीय सैनिक तैनाथ थिए । भारतले ति सचिव र सेना फिर्ता नफर्काउने अडान लिएको अवस्थामा राजा महेन्द्रले बुद्धि पुऱ्याएर चीनसँगको कुटनीति सामीप्यताबाट पनि ती टोली भारत फिर्ता हुनु परेको थियो । भन्नै पर्दा, नेपालको सार्वभौमिकता चीनकै कारणले जोगिएको थियो, त्यस बखत ।

**नेपाली सेनाका सुवेदार मारेको घटना**

२०१७ साल असार १६ गते नेपाली सेनाको एक सेक्सन (११ जना) र अन्य गैह्र सैनिक कर्मचारी ६ जना समेत गरी जम्मा १७ जना गैह्र सैनिक पोशाकमा नेपाल चीन (तिब्बत) सिमानामा गस्ती (सिमा निरीक्षण) गर्न जाँदा चिनियाँ सेनाले भुलबस गस्ती कमाण्डर

सुवेदार बम प्रसाद दाहाललाई मारेर अरू १६ जनालाई बन्दी बनाएको थियो । २०१७ असार २२ गते सुवेदार बम प्रसादको लासलाई मुस्ताङको युवराजको उपस्थितिमा हिन्दु धर्म अनुसार मुस्ताङ मै दाहसंस्कार गरिएको थियो । मृतकलाई रू. ५० हजार क्षतिपूर्ति सहित चिनियाँ सरकारले नेपाल सरकारसँग माफ मागेर नेपाल र चीनका प्रधानमन्त्री तहमा यो विवादको समाधान भएको हो ।

**खम्पा काण्ड**

तिब्बतबाट निर्वासित भै भारतमा रहेका दलाई लामाका समर्थक हतियारधारी लडाकूहरू (जसलाई खम्पा भनिन्थ्यो) ले नेपालको भूभागमा बसेर तिब्बतमा रहेका चिनियाँ फौज र प्रशासन विरूद्ध सशस्त्र आक्रमण गर्न थाले । जुन कुरा चीनको लागि ठूलो समस्या र चासो भएकोले चीन सरकारको अनुरोधमा २०३१।३२ साल (सन् १९७४।७५) मा नेपाल सरकारले उक्त खम्पा विद्रोह दमन गरेको थियो ।

**हवाई प्रतिरक्षा हतियार खरिद**

नेपाली भूमिमा बीना अनुमति भारतीय लडाकू विमानहरू पटक-पटक प्रवेश गरी अन्तर्राष्ट्रिय नियम मिचेको अवस्थामा सो विषय कुटनैतिक पहलबाट समाधान हुन नसक्दा नेपालको सार्वभौम सत्ताको रक्षार्थ यस्ता गतिविधि रोक्नको लागि बाध्य भै नेपाल सरकारले २०४५ साल (सन् १९८८) जुलाइमा चीनबाट हवाई प्रतिरक्षाको लागि हतियार तथा उपकरणहरू खरिद गरेको थियो । नेपाल चीन सम्बन्धको इतिहासमा चीनसँग धेरै परिणाममा हतियार किनिएको पहिलो पटक थियो ।

नेपाल–चीन सम्बन्ध पौराणिककालदेखि वर्तमानसम्म बढिरहेको छ । यो अवधिमा धेरै घटनाहरू घटे । चीनले नेपालको विकासको लागि अनगिन्ति सहयोगहरू दिएको छ भने दुवै देशबीच स्थिर सम्बन्ध विकास भइरहेको छ । लोकतन्त्रको स्थापनापश्चात नेपाल-चीन सम्बन्ध अझ प्रगाढ हुँदै गइरहेको पाइन्छ ।

**नेपाल-चीन सैन्य अभ्यास**

नेपाली सेनाले अमेरिका, बेलायत, भारत लगायत अन्य मुलुकसँग मैत्रीपूर्ण सैन्य अभ्यास गर्दै आएको लामो समय भएता पनि चीनसँग भएको थिएन । यही क्रममा २०७४ सालमा पहिलो पटक नेपाल र चीनको सेनाको बीच सैन्य अभ्यास नेपालमा भयो भने अबको सैन्य अभ्यास चीनको छेङदुमा हुँदैछ ।

**नेपालमा चीनको सुरक्षा चासो**

छिमेकी राष्ट्रहरूसँग सुरक्षा लगायत विविध चासो रहनु स्वभाविक नै हो । दुई विशाल छिमेकी राष्ट्र भारत र चीनबीचमा अवस्थित नेपालको दक्षिणतर्फ भारतसँग करीब १८०० कि.मी. तथा उत्तरतर्फ चीनको स्वशासित तिब्बत क्षेत्रसँग करिब १४०० कि.मी. लामो सीमा रहेको छ । मित्र राष्ट्र चीन उच्चतम आर्थिक सफलताको निरन्तरताकासाथ हाल विश्वको दोस्रो ठूलो अर्थातन्त्र भइसकेको अवस्थामा उसले आफ्नो सुरक्षामा तीनवटा प्रमुख चुनौतीहरू रहेको स्वीकारेको छ । चिनियाँ परिभाषामा (Three Evils) तीन शैतान वा खतरा पृथकताबाद, आतंकबाद र धार्मिक अतिवाद (Secularism, Terrorism/Religious Extremism) रहेका छन् । चीनको आर्थिक वृद्धिलाई निर्वाध निरन्तरता दिई आफ्नो विकासोन्मुख स्थितिबाट विकसित स्थितिमा पुग्नको निमित्त चीनलाई आफ्नो सुरक्षा स्थितिमा कुनैपनि खलल नपुगोस् भन्ने मुख्य ध्येय रहेको देखिन्छ । वर्तमान अवस्थामा छुट्टिएर रहेको ताइवानसँगको एकीकरण प्रयास, स्वशासित क्षेत्र तिब्बतको स्वतन्त्रताको लागि हुने गरेका गतिविधि (Free Tibet Movement) तथा पश्चिम चीनमा पर्ने Xinjiang क्षेत्रमा स्वतन्त्रता सम्बन्धी East Turkistan Movement जस्ता गतिविधि चीनको मुख्य सुरक्षा चासोको विषय रहदै आएको छ । चीनमा ५६ वटा जात-जातिको विविधता र आर्थिक, सामाजिक असन्तुलनले प्रशस्त समस्याहरू भएपनि सुरक्षाको हिसाबले अरूले गर्ने विरोधले ठूलो भूमिका राख्दैनन् ।

**सुरक्षा चासोका विविध पक्षहरू**

ऐतिहासिक कालदेखि नै चीन तथा विशेष गरी तिब्बतको सुरक्षाको निम्ति नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको देखिन्छ । १८७३ साल (सन् १८१६) को सुगौली सन्धिबाट नेपालले आफ्नो १।३ भूभाग गुमाए पनि अंग्रेजहरूको नेपाल हुदै उत्तरतर्फ तिब्बत प्रवेश गर्ने योजनालाई जानेर वा अन्जानमै बन्द गरी दिएको थियो । २००७ साल (सन् १९५०) मा चीनले तिब्बतलाई आफ्नो स्वायत्त प्रदेशमा गाभेपछि तत्कालिन नेता माओत्सेतुङ्गले लिएको चीनको दक्षिण पश्चिम सुरक्षाको निमित्त आवश्यक भनी किटेका पाँच औंलामा (Five Fingers) नेपाल, भुटान, सिक्किम, लद्दाख र अरूणाञ्चल प्रदेश रहेको महत्वले पनि चीन-नेपाल सुरक्षा चासोको गार्म्भीयतालाई दर्शाउछ । दुबै मुलुकहरूले एक आपसमा गहन सम्बन्ध राखी, आर्थिक, सांस्कृतिक रूपमा मजबूत रहदै आएको र युद्ध समेतमा भाग लिएबाट एक अर्काको सामीप्यताले एक अर्कालाई प्रभाव पारेको देखिन्छ । औपचारिक रूपमा नेपाल चीनको कुटनैतिक सम्बन्ध २०१२ साल (सन् १९५५ अगष्ट १) बाट शुरू भै २०१७ साल (सन् १९६०) बाट वैतनिक राजदूतावासको व्यवस्था रहँदै आएको छ । चीनका मित्र राष्ट्रहरू मध्ये नेपाल कुटनैतिक सम्बन्ध राख्ने राष्ट्रहरूको अग्रस्थानमध्येमा पर्नुले पनि चीनले नेपाल प्रति बढी चासो दर्शाउने गरेको पाइन्छ । भारतबाट नेपालमा सुरक्षा विषयलाई लिइ बढी चलखेल भएको अवस्थामा चीनले हस्तक्षेप गर्ने गरेको उदाहरणहरू मध्ये २०१९ साल (सन् १९६२) को भारत-चीन युद्ध पनि कतिपय अन्य कारणहरू मध्ये एक कारणको रूपमा हेर्न सकिन्छ ।

चीनको नेपालसँगको सुरक्षा चासोको मुख्य पाटो स्वतन्त्र तिब्बत आन्दोलनसँग मुख्यरूपमा जोडिएको पाइन्छ । चीनको तिब्बत क्षेत्र मात्र विकसित भएको तथा यस क्षेत्रमा सुन खानी लगायत अन्य खनिज र तेल भण्डारको विशाल सम्भाव्यता रहेको एवं सीमा क्षेत्रमा अवस्थित भएका कारण चीनले यसको बढी सुरक्षा चासो लिनु स्वाभाविकै पनि हो । तिब्बतबाट १४ औं दलाई लामाको २००७ साल (सन् १९५०) को निर्वासनसँगै भारत र नेपालमा तिब्बती शरणार्थीहरूको आगमन र बसोबास हुदै आएको छ । नेपालमा करिब ३०,००० जति तिब्बती शरणार्थीहरू रहेका र बर्षे पिच्छे तिब्बतबाट भागी भारत जान नेपाली भूमि प्रयोग गर्नेको संख्या अझ थपिदै गएका छन् । भारतको धर्मशालामा रहेको Free Tibet Movement को संलग्नतामा नेपालमा र नेपाल हुदै तिब्बतमा चीन बिरोधी कृयाकलापहरू संचालन हुने गरेको देखिन्छ । भारतमा रहेका तिब्बती शरणार्थीहरूबाट भारतीय भूमिमा हुने गरेका चीन बिरोधी गतिविधिहरूलाई भारतले प्रजातन्त्रमा गर्न पाइने स्वाभाविक विरोधको रूपमा लिने गर्दछन् । भारत तथा सं.रा. अमेरिकाले एक चीन नीतिलाई समर्थन गरेता पनि बेलाबेलामा यी दुई देशमा हुने गरेका स्वतन्त्र तिब्बत सम्बन्धी कृयाकलापहरूले उनीहरूको आन्तरीक मनशाय स्पष्ट नभएको महशुस गर्न सकिन्छ । भारत तथा सं.रा. अमेरिकाद्वारा नेपाल सरकारले चीन विरोधी कृयाकलापमा गर्ने गरेको कडाइलाई लिएर देखाइने चासो पनि यसै विषयको अर्को पाटा नै हो । नेपालको एक चीन नीतिप्रति देखाउदै आएको प्रतिबद्धता र कुनै पनि चीन विरोधी कार्य आफ्नो भूमिमा हुन नदिने अडानलाई चीनले सह्रानीय ठानेको छ । यसमा नेपालले

अझ थप सकारात्मक भूमिका खेलोस् भन्ने चीनको चाहना छ ।

चीनले हासिल गर्दै आएको द्रुततम आर्थिक विकासलाई निरन्तरता दिइ आफ्नो व्यापारिक कारोबारको निमित्त दक्षिण एसियाली मुलुकहरू विशेष गरी भारत र अन्य छिमेकीहरूसँग नेपाल हुँदै कारोबार गर्न अति उपयुक्त रहेको छ । यस कार्यलाई अझ सशक्त रूप दिने क्रममा चीनले तिब्बतको शि गार्जेसम्म २०६९ साल (सन् २०१२) भित्र र त्यसको लगत्तै नेपालको सीमासम्म रेल सेवा विस्तार गर्न विशेष सक्रियता देखाएको छ । आफ्नो आर्थिक कारोबारको सफल निरन्तरताको निमित्त सो सम्बन्धी आवश्यक सबै सुरक्षा चासोहरूको सम्बन्धमा चीनको नेपालमा चासो रहनु स्वाभाविक हो । चीनको निमित्त तिब्बत र नजिकका अन्य दक्षिण पश्चिम क्षेत्रहरूमा आफ्नै देश भित्रबाट वा विदेशबाट खाद्यन्न, इन्धनलगायत अन्य उपभोग्य सामाग्रीको, निम्ति नेपाल र नेपाल मार्फत अरू मुलुकबाट पैठारी र ढुवानी सरल र सहज भई खाद्यान्न र इन्धन आपूर्ती भरपर्दो हुने समेत देखिन्छ ।

चीनको विशाल भौगोलिक अवस्थितीले एसियाको प्राय सबै भागमा रहेको अहम् भूमिका हाल आएर झनै बढ्दै गएको छ । दक्षिण एसियाको सन्दर्भमा चीनलाई चुनौती दिन सक्ने सम्भाव्य राष्ट्रहरूमा भारत पर्दछ । नेपाल हुदै भारत तथा अन्य दक्षिण एसियाली राष्ट्रहरूसँग सम्बन्ध विकास गर्नका साथै आफ्नो सुरक्षा चासोमा भारतले आफ्ना छिमेकी देशहरूमा खेल्न सक्ने भूमिकालाई न्यून गराई उनीहरूको भारत निर्भरतामा कमी ल्याइ आफुप्रति भरोसा बढाउन र सकारात्मक सोच बढाउदै लैजान अनुकूल बनाउने चीनको वास्तविक इच्छा देखिन्छ । नेपाल जस्तो सामरिक दृष्टिकोणले अवस्थित मुलुकमा चीनले भारतको विविध पक्षको अध्ययन, मूल्यांकन र कार्यान्वयन जस्ता सबै पक्षलाई उपयोग गर्न सक्ने एउटा प्राकृतिक मञ्च फेला पारेको छ । भारतमा हुने गरेका स्वतन्त्र तिब्बत आन्दोलन समर्थक क्रियाकलाप तथा नेपाल मार्फत तिब्बतमा वा उताबाट यता हुन सक्ने अवैध कृयाकलापको निगरानी राख्न समेत नेपालप्रति चीनको विशेष चासो देखिन्छ ।

नेपालको सम्भावित विशाल जलशक्तिलाई चीनले गहिरो चासो लिइ हेरेको देखिन्छ । यो बृहत सम्भाव्यतासाथ उपलब्ध श्रोतको भारतमा गर्न सकिने खपतले यसलाई अझ आकर्षक बनाएको छ । चीनले आफ्नै दक्षिण र पश्चिमी क्षेत्रहरूमा समेत यो जलविद्यूतको सदुपयोग गर्न सक्ने देखिन्छ । विश्वव्यापी रूपमा हुँदै आएका खानेपानी अभावले गर्दा भविष्यमा जलश्रोतलाई लिएर अनेक समस्या नथपिएलान् भन्न सकिन्न । विशेषतः नेपालको जलश्रोतलाई दुबै ठुला छिमेकीले रूचिकासाथ हेरिरहेकाले यसबारे थप गम्भीरताकासाथ कदम बढाउनु पर्ने देखिन्छ ।

चीनले आफ्नो नयाँ कुटनैतिक कार्यशैली अनुरूप नरम शक्तिको कुटनिती (Soft Power Diplomacy) लाई थप प्रश्रय दिई आएको छ । २०५७ साल (सन् २०००) बाट बढी नै जोड दिइएको यस नीतिले विश्व शक्तिहरू अमेरिका, रूस, युरोपियन मुलुकले अन्य मुलुकमा आफ्ना विचारलाई लाद्ने वा नमानेमा युद्ध भोग्नु पर्ने पुरानो नीतिलाई विस्तारै विस्थापित गर्दैछ । विश्वका धेरैजसो विकासोन्मुख राष्ट्रहरूलाई बिस्तारैआफ्नो प्रभावमा ल्याउन यो नीति निकै सफल भएको छ । नेपालमा नेपाल-चीन मैत्री संघ, China Radio International, विभिन्न राजनैतिक, प्राज्ञिक र पत्रकार र अन्य संचार माध्यमका भेटघाट, आदान प्रदान कार्यक्रमहरू तथा देशको विकास कार्यमा भएका आर्थिक सहयोगहरू सबैले यस नीतिलाई मद्दत गरिरहेका छन् । चीनको आफ्नो राजनैतिक विचारधारा (Ideology) लाई एउटा सफल र मननयोग्य विचारधारामा नेपाल हुदै भारत लगायत दक्षिण एसियामा फैलाई आफ्नो छाप छाड्ने मनसायले चीन प्रेरित रहेको छ । नेपाल लगायत अन्य राष्ट्रहरूमा चीनले सैनिक, प्रहरी, प्रशासनहरूलाई क्रमश तालिम, सेमीनार, भ्रमणद्वारा आफ्नो प्रभाव बढाइरहेको छ । चीनले आफ्नो प्रभाव विस्तारै बढाउँदै लगेर दक्षिण एसियामा भारतको प्रभाव कम गर्नको निमित्त विशेष गरी पाकिस्तान, नेपाल, बंगलादेश, श्रीलंका, म्यानमार जस्ता राष्ट्रहरूमा प्रभाव वृद्धि गर्दै गरेकोमा भारतीय सुरक्षाविद्हरूले निकै चासो देखाएका छन् । आर्थिक सहायता विस्तार गरी आफ्नो राजनैतिक उद्देश्य प्राप्तीमा यस नीतिले विस्तारै तर प्रभावकारी भूमिका खेलेको महसुस गर्न सकिन्छ । हाल चीनले लिएको One Belt - One Road महा योजनाले त चीन माथि अमेरिका, जापान, भारत, पश्चिमाहरूको विभिन्न चुनौती थपिएका प्रष्टै छन् ।

**नेपालले अपनाउनु पर्ने सुरक्षानीतिहरू**

दुवै देशबीचको सम्बन्धलाई अझ मजबुत बनाउनको लागि निम्न अनुसारको सुरक्षा नीति अवलम्बन गर्नु उपयुक्त देखिन्छ :-

- दुवै देशबीच भएको करिब १४०० कि.मि. सीमालाई समयसापेक्ष व्यवस्थित बनाउदै लैजाने । यसको लागि सबै नाकाहरूको सुरक्षाको लागि सशस्त्र प्रहरी बललाई यथाशिघ्र परिचालन गर्नु पर्नेछ ।
- सीमामा हुने सबै किसिमका गैर कानुनी क्रियाकलापलाई बन्द गर्न दुवै देशका सीमा सुरक्षा पदाधिकारी एवं राज्य र केन्द्रीय स्तर तहसम्मका अधिकारीहरू बीच समन्वय गरी आवश्यकता अनुसार सुरक्षा संयन्त्रको परिचालन तथा सुदृढिकरण गर्ने ।
- चीनसंग जोडिएका नाकाहरूमा तिब्बतीहरूको आवत जावतमा कडाईका साथ चेकजाँच गर्ने । अनाधिकृत प्रवेशमा रोक लगाउने ।
- मानिस आवत जावत गर्न सक्ने थप नाकाहरू भए सो को पहिचान गरी थप सुरक्षा पोष्टहरू स्थापना गर्नु पर्ने ।
- नेपालमा रहेका तिब्बती शरणार्थीहरूको सुपरिवेक्षण गरी चीन विरोधी गतिविधिमा संलग्न हुने तिब्बतीहरूलाई कडा कारवाही गर्ने ।
- हाल नेपालमा पश्चिमा लगायतका देशहरूले कृश्चियन धर्म फैलाई, जवरजस्ती नेपालका उत्तरी भेगका नेपालीलाई चीन विरोधी काममा प्रोत्साहन गरिरहेको खुल्ला पुस्तक जस्तै छ । यसमा अझै नेपाल सरकारले नियन्त्रण बढाउनु पर्दछ ।
- नेपाल हुदै भारत प्रवेश गर्ने तिब्बतीहरूलाई विना प्रवेशाज्ञा नेपालको बाटो प्रयोग गर्न नदिने ।
- सीमा क्षेत्रमा अनधिकृत वा विवादास्पद निर्माण कार्य दुवै देशको सहमतिमा मात्र अगाडि बढाउने ।
- सीमा स्तम्भहरूको पुनरावलोकन र जाँच गरी एउटा भरपर्दो नक्सा समेत तयार गरी दुवै देशले सुरक्षित राख्ने ।

अन्तमा, इतिहासले समेटेको कालदेखि आजको दिनसम्म चीनले जहिले पनि इज्जतिलो व्यवहार गरेको छ । नेपालसँग युद्ध भएता पनि यस पक्षमा चीनको भन्दा नेपाली पक्षबाटै कमी कमजोरी रहेको थियो । चीनले नेपाली अस्मिता मिच्ने गरी कुनै कार्य गरेको अभिलेख नेपाली इतिहासले समेटेको भेटिएको छैन । वास्तवमा, नेपाल-चीन सम्बन्धमा दुवै देशको इज्जत बचेको कुरा प्रष्टै छ । *(नेपाल-चीन सम्बन्धको सिंहावलोकन विषयक एक दिने अन्तर्क्रिया कार्यक्रममा सहभागी बस्न्यातले प्रस्तुत गर्नुभएको वैचारिक कार्यपत्र)* ◆◆



Ratna Sansar Shrestha, FCA

# Security Ramifications of Harnessing Water Resource

Nepal is not endowed with natural resources like fossil fuel, precious metal, and other minerals. However, nature's best gift to Nepal is water resources, which has yet to be properly harnessed. Harnessed property, it can draw Nepal's lifeline leading to prosperity. Water resource is important not only from the perspective of generating hydropower but also from the perspective of water supply for drinking and sanitation, to irrigate agricultural land for increased agricultural production and productivity as well as for animal husbandry, fisheries, recreation, navigation, etc.

However, harnessing water resource at bilateral level with India is seen to be fraught with security ramifications. Bilateral exploitation of water resource with India has compromised Nepal's security at several level due to transboundary nature of rivers thereby undermining her sovereignty. Then there is question of security of foreign investment that too has bearing on sovereignty.

**Transboudnary Rivers**

India cannot generate much hydropower from rivers that flow from Nepal to India for lack of head (only low head projects are possible in India on these rivers). In reality, India hankers after stored water much more than electricity due to her bulging population for drinking and sanitation and for irrigation to increase food crop production to feed over a billion mouths. Besides, India hopes to control flood in UP, Bihar, West Bengal, etc. by building dams in Nepal. Electricity generated by rivers in Nepal is secondary for India. The then Indian water resource minister Saifudin Soz has admitted in September 2008, "Our main interest is flood control and irrigation. Those are our first and second priority. If we get hydroelectricity as by product, that will be a bonus for us."

Therefore, India plans to have rivers in Nepal harnessed by having reservoir projects built, like Koshi High Dam, Karnali Chisapani Dam, Pancheshwar project, etc. and her wish is to have them implemented in the format of Koshi and Gandak barrages, which are analyzed below to throw light on their security ramifications.

**Koshi Agreement and the Barrage**

Koshi Agreement was signed on April 25, 1954 between Governments of Nepal and India and it was amended on December 19, 1966. India wished to construct a barrage to tame Koshi River, known as "sorrow of Bihar" at that time and the basic objective of signing the agreement was to control flood in Bihar and to irrigate land therein and other lower riparian areas. Construction of the barrage was begun in 1958 and completed in 1962.

Article 3 of Koshi Agreement, Subtitle of which is "Authority for Execution of Works and Occupation of Land and other Property" undermines Nepal's sovereignty. The word "occupation" has been used unabashedly. It is stipulated in this Article that Nepal "shall permit the occupation, for such period as may be necessary of all such lands and places as may be required for the proper execution of the Project." The project area of Koshi barrage is still under Indian "occupation". It impinges national security as well as sovereignty, nationality and independence of Nepal. As the term of the Agreement is 199 years, according to Article 16(i), such "occupation" will last for more than another millennium!

This barrage submerges Nepal's territory and forces displacement on local inhabitants every monsoon. Simply because India doesn't open gates on the barrage, which, although in Nepali's territory, is under Indian control, even when Koshi River is flooded. Of 56 gates hardly a few are opened even when flood crests the barrage. India "obliges" Nepal after repeated requests to open less than half of the gates.

As a result of late king Mahendra's effort, Koshi Agreement was amended in December 1966. After its revision, the title of Article 3 was changed by replacing word "occupation" with "use" ["Authority for Execution of Works and use of Land and other Property"]. However the provision related to it was not tampered (with regard to occupation) and it was even refurbished a little. Revised provision has retained the word "occupation". Post revision, the provision reads: Nepal "shall permit the occupation, for such period as may be necessary of all such lands and places as may be required for the proper execution of the respective constructions."

After construction of this barrage flood is controlled in Bihar in 2.1 million hectare land, the value of which has not been worked out. Similarly, 1.3 million hectare is irrigated in India and its value to India, based on Lesotho formula (25 MUSD/year for 18 cumecs) comes to 611 MUSD/year. While Nepal has borne the opportunity cost of submerged 9,807 ha land and water logged 33,000 ha land, the value of such loss to Nepal has not been calculated. Similarly, Nepal also suffers loss due to involuntary displacement. Only benefit to Nepal is about 6 MW power, value of which comes to 1.75 MUSD/year.

**Gandak agreement and barrage**

Gandak agreement was signed on December 4, 1959 (revised on April 30, 1964) to control flood in lower riparian area in India (the barrage is built at the border between Nepal and India) and to irrigate agricultural land, similar as under Koshi agreement. The barrage construction, envisaged by the agreement, was completed in 1968, which was started in 1963. Security ramification of this agreement lies in Article 6 of Gandak agreement, which is related to "Ownership, Operation and Maintenance of Works". There is provision for "all works connected with the Project in territory of Nepal will (to) remain the property of and be operated and maintained by the Government of India." As the agreement stays in force for an indefinite period, the project is to be "operated and maintained" by Government of India (GoI) for indefinite period. A case of territory of a sovereign country under control of foreign nation for indefinite period, which impinges Nepal's security as well as sovereignty, independence and nationality.

Quantum of flood protection from Gandak barrage is not known, as well as its monetary value. Water from it irrigates,

1.8 million hectare land in India and using Lesotho formula benefit to India is 820 MUSD (equivalent to Rs 90 billion) per year, which India should have been paying to Nepal.

Like Koshi barrage, Gandaki barrage too is not opened to allow floodwater during monsoon with the same effect: submergence and involuntary displacement in Nepal.

**Project implementation modality**

Koshi and Gandak projects are not under BOOT (build, own, operate and transfer) modality. These are bilateral projects of the governments of Nepal and India, financed by India. However, full control is exercised solely by India in the territory of sovereign Nepal. Nepal has no say in the operation and maintenance of these projects. This arrangement impinges Nepal's sovereignty. Since these two barrages are bilateral projects, these should have been operated and maintained jointly.

**Karnali (Chisapani) Multipurpose Project**

Over 400 students from Nepal were sent to Roorkee College in India in preparation of implementation of Karnali (Chisapani) multipurpose project in 1980s (its installed capacity is 10,800 MW) with Indian collaboration. But it has yet to be implemented. There is no official notation/record in this respect. However, unofficially it has been learnt that late king Birendra decided to shelve the project after learning that India planned to deploy Indian security force in the project area.

It can also be deduced from the writing of Jagat Mehta, former Indian external affairs secretary too. He has written that "Stray suggestions such that Karnali would be of such vital importance for India that it might have to be protected by Indian security forces only deepened the apprehensions that cooperation with India could jeopardize Nepal's sovereignty" in his paper titled "India-Nepal relations: a victim of politics" included in the book titled "India-Nepal Relations – The Challenge Ahead", published by Observer Research Foundation in 2004. This statement reflects fear psychosis on the part of India. India doesn't wish to be dependent on Nepal and is apprehensive that Nepal too can, for example, shut off electricity supply to India.

India has never formally broached the idea of deploying Indian security force in Nepal's territory, but it has already done so in Koshi and Gandak barrages. In similar manner she is highly likely to do so in future projects.

**Security of investment**

Nepal's current federal MP Radheshyam Adhikari, representing Nepali Congress and Bibeksheel Sajha party, in Upper House had opined in January 2010 that "India can propose to deploy her own security force to protect her investment in Nepal" and he didn't deem such proposal unnatural, in an article published in a vernacular weekly named "Yo Sata".

By extension every country that invests in Nepal will be entitled to same security facility. This amounts to issuing rain cheque to all countries that invest in Nepal to deploy their security force to protect their investment. While Nepal is endeavouring to attract foreign investment, if this kind of concept is to become policy, Nepal will be "pockmarked" with areas in which foreign security force is deployed.

Important question that begs answer is, does this statement reflect policy of Nepali Congress party that he represents in the parliament (including Bibeksheel Sajha party)? Moreover, it raises another question: do other political parties of Nepal also subscribe to this idea of his? Nepal Communist Party (NCP) is in the government now and one wonders if NCP too agrees with this "doctrine"! One cannot forget that NCP was instrumental in signing Mahakali treaty with present PM Mr KP Oli being one of the main protagonists.

If Pancheshwar project is to be implemented, will Indian security force be deployed in its powerhouse that will be located in the east bank of Mahakali River (in Nepali territory)? As India plans to use Nepal's share of electricity generated by this project, she will become dependent on this project and India doesn't like being dependent on Nepal. In such a scenario it would be of vital importance for India and it is likely that India would demand to deploy her security force in powerhouse in east bank of Mahakali River (Nepal's territory)? In which case of Nepal's sovereignty will be undermined there too.

**Arun 3 to be implemented by SJVN**

Sutlej Jan Vidyut Nigam (SJVN), an Indian company, is investing in Arun 3 project. Going by the doctrine of Adhikari India will have right to deploy her security force in this project too, impairing sovereignty of Nepal in its project area.

If Adhikari "doctrine" is to gain currency, Nepal will become pockmarked with projects where foreign security forces will be deployed in each project with foreign investment. With every water resource project implemented with foreign investment, a little bit of Nepal's sovereignty, independence and nationality will get impinged.

**Other projects in pipeline with foreign investment**

GMR is planning to implement Upper Karnali project. It too will emulate SJVN. There are innumerable projects in the pipeline with foreign investment. In each of such project Adhikari doctrine would mean more foreign security force in Nepal.

**Conclusion and recommendation**

Bilateral projects implemented jointly with India have impinged Nepal's sovereignty. India wants to implement more of such projects in Nepal for flood control and irrigation in India. Nepal now has "immense" water resource, mostly untapped. Continuing with current trajectory of policy and practice of bilateral "development" will mean Nepal's water resource will be used up for the benefit of India and Nepal's sovereignty, independence and nationality will further get undermined. Further if Adhikari doctrine is to gain currency, every water resource project with foreign investment to will mean security force in one more piece of Nepal's territory.

Nepal's policy makers need to do introspection if Nepal should allow India to implement projects in Nepal in the manner of Koshi and Gandak barrages. Government of Nepal needs formulate clear and specific policy with regard to security ramification of harnessing water resources in order to ensure that Nepal's sovereignty, independence and nationality is not compromised.

(नेपाल-चीन सम्बन्धको सिंहावलोकन विषयक एक दिने अन्तर्क्रिया कार्यक्रममा सहभागी श्रेष्ठले प्रस्तुत गर्नुभएको वैचारिक कार्यपत्र) ◆◆

अध्यात्म - **नारायण शर्मा**



# गीताको महिमा

(गतांकबाट क्रमशः)

अब सांख्यनिष्ठा र योगनिष्ठाको स्वरूप के हो ? यी दुवैमा के अन्तर छ ? यिनमा कति र कस्तो-कस्तो भेद छ तथा दुवै निष्ठा स्वतन्त्र छन् अथवा परस्पर सापेक्ष छन्, यी निष्ठाका अधिकारी को-को हुन सक्तछन्, इत्यादिका विषयमा संक्षेपमा वर्णन गरिन्छः-

सांख्यनिष्ठा र योगनिष्ठाको स्वरूप

सम्पूर्ण पदार्थमा मृगतृष्णा जस्तै स्वप्नमय माया भएको हुनाले सम्पूर्ण गुणहरूमा त्यो माया व्याप्त भएको हुन्छ भन्ने सम्झेर मन, इन्द्रिय र शरीरद्वारा हुने सम्पूर्ण कर्ममा कर्तापनको अभिमानबाट अलग भएर (५/८,९) तथा सर्वव्यापी परमात्माको स्वरूपमा एकाग्र भावले नित्य अवस्थित भएर केवल वासुदेवका अतिरिक्त अन्य कसैको पनि भाव नराख्नु (१३/३०) यो सांख्यनिष्ठा हो । "ज्ञानयोग" अथवा "कर्मसंन्यास" पनि यसैको नाम हो ।

सम्पूर्ण वस्तु भगवान्को हो भन्ने सम्झेर सिद्धि र असिद्धिमा समभाव राख्दै आसक्ति र फलको इच्छालाई त्याग गरेर भगवान्को आज्ञानुसार सबै कर्तव्यकर्मको आचरण गर्नु पर्छ (२/४७-५१) अथवा श्रद्धा भक्तिपूर्वक मन, वचन र शरीरबाट सबै प्रकारले भगवान्का शरणमा परेर नाम, गुण र प्रभावसहित उहाँको स्वरूपको निरन्तर चिन्तन गर्नु पर्छ (६/४७), यो "योगनिष्ठा" हो । यसैलाई भगवान्ले समत्त्वयोग, बुद्धियोग, तदर्थकर्म, मदर्थकर्म एवं सात्त्विक त्याग आदि नामले उल्लेख गर्नुभएको छ ।

योगनिष्ठामा सामान्य रूपमा अथवा प्रधान रूपमा भक्ति रहेको हुन्छ, गीतोक्त योगनिष्ठा भक्तिबाट शून्य छैन । जहाँ भक्ति अथवा भगवान्का विषयमा स्पष्ट उल्लेख भएको छैन (२/४७-५१) त्यहाँ पनि भगवान्को आज्ञाको पालन त हुन्छ नै, यस कारण भक्तिको सम्बन्ध त्यहाँ पनि रहेको हुन्छ ।

ज्ञाननिष्ठाको साधकका लागि भगवान्ले अनेकौं युक्ति बताउनुभएको छ, त्यसको फल परमात्मालाई प्राप्त गर्नु नै हो । ज्ञानयोगमा भावान्तर भेद धेरै भए पनि त्यसलाई चार भागमा विभाजन गर्न सकिन्छः

१) जे छ त्यो ब्रह्म नै हो ।

२) जे देखिन्छ, त्यो मायामय हो र वास्तवमा परमात्माबाहेक अरू केही छैन ।

३) जे प्रतीत हुन्छ, त्यो सबै मेरै स्वरूप हो, म नै हुँ ।

४) जे प्रतीत हुन्छ, त्यो मायामय छ, अनित्य छ, वास्तविक हुँदैहुन्न, केवल नित्यचेतन आत्मा म नै हुँ ।

यसमा पहिला दुई साधन "तत्त्वमसि" महावाक्यको "तत्" पदको दृष्टिबाट र पछिल्ला दुई साधन "त्वत्" पदको दृष्टिबाट आएका हुन् । त्यसका विषयमा यसरी वर्णन गरिएको छः-

१) यस चराचर जगत्मा जे प्रतीत हुन्छ सबै ब्रह्म नै हो, कुनै वस्तु परमात्माभन्दा अलग छैन । कर्म, कर्मको साधन एवं उपकरण तथा स्वयं कर्ता सबै ब्रह्म नै हो(४/२४) जस्ता प्रकारले बरफको डल्लाको बाहिर र भित्र सबैतिर पानी नै पानी हुन्छ तथा त्यो डल्लो स्वयं पानी हो, त्यस्तै प्रकारले समस्त चराचर जगत्मा भित्र र बाहिर एक मात्र परमात्मा पूर्ण हुनुहुन्छ तथा ती सबै विषयवस्तुमा पनि उहाँ नै हुनुहुन्छ (१३/१५) ।

२) जुन यो दृश्यवर्ग छ, त्यसलाई मायामय, क्षणिक एवं नाशवान् सम्झेएर यी सबैबाट अलग भएर केवल सबैका अधिष्ठानरूप परमात्मा मात्रै हुनुहुन्छ, अरू कोही पनि छैन भन्ने सम्झिएर मन र बुद्धिलाई पनि ब्रह्ममा विलीन गराउनु एवं परमात्मामा एकाग्रभावले स्थिर भएर उहाँद्वारा प्रतिपादित ज्ञानका माध्यमबाट उहाँसँगको एकता प्राप्त गर्नु (५,१७) ।

३) चर, अचर सबै ब्रह्म हो र त्यो ब्रह्म मै हुँ, त्यसैले सबै मेरै स्वरूप हो । यस्ता प्रकारले विचार गरेर सम्पूर्ण चराचर प्राणीहरूलाई आफ्नो आत्मा जस्तो सम्झिनु पर्छ । यस्ता प्रकारले साधना गर्नेका दृष्टिमा एक ब्रह्मका अतिरिक्त अरू केही पनि रहँदैन, उसले परमात्माका स्वरूपमा आनन्द प्राप्त गर्दछ (५,२४,६/२७,१८/४५) ।

४) यी सबै मायामय, तीनै गुणहरूका कार्यरूप दृश्यवर्ग हुन् । यस मायालाई र यसका माध्यबाट हुने सबै क्रियाहरूलाई आफूबाट अलग नाशवान् एवं अनित्य सम्झिनु तथा यी सबैबाट अत्यन्त टाढा रहेर केवल भावरूप आत्माको अनुभव गर्नु पर्छ (१३/२७-३४) ।

यस किसिमको स्थिति प्राप्त गर्नका लागि भगवान्ले गीतामा अनेक युक्तिबाट साधकलाई ठाउँ-ठाउँमा प्रष्ट्याउनु भएको छ कि आत्मा द्रष्टा, साक्षी चेतन र नित्य छ । यो दृश्यवर्ग केही प्रष्ट छ-अनित्य भएकोले असत् छ, केवल आत्मा नै सत्य हो । यसै कुरालाई पुष्टि गर्नका लागि भगवान्ले दोस्रो अध्यायको एघारौंदेखि तेइसौं श्लोकसम्म नित्य, शुद्ध, बुद्ध, निराकार निर्विकार अक्रिय, गुणातीत आत्माको स्वरूपका विषयमा वर्णन गर्नुभएको छ । अभेदरूपबाट साधना गर्ने पुरुषले आत्मालाई यस्तै मानेर साधना गर्नाले आत्माको साक्षात्कार हुन्छ । जुनुसुकै चेष्टा भइरहेको छ भने त्यो गुणै-गुणबाट भइरहेको छ, आत्माको त्यससँग कुनै सम्बन्ध रहँदैन (५/८-९,१४/१९) न आत्माले केही गर्दछ न गराउँछ, उसले नित्य-निरन्तर आफैंमा अत्यन्त आनन्द अनुभव गराउँछ (५/१३) ।

उपर्युक्त ज्ञानयोगका चार साधनामा प्रथम दुई साधना ब्रह्मको उपासनाबाट युक्त छन् तेस्रो र चौथो साधना अहंग्रह उपासनाबाट युक्त छन् ।

अब उपर्युक्त चारै साधना व्युत्थान-अवस्थामा या ध्यानावस्थामा गर्ने अथवा दुवै अवस्थामा गर्न सकिन्छ भन्ने प्रश्न उठ्न सक्छ । यसमा चौथो साधनाको अन्त्यमा जुन प्रक्रिया पाँचौ अध्यायको नवौं श्लोकमा बताइएको छ, यो व्यवहारावस्थामा गर्नका लागि हो, र दोस्रो साधनाको आरम्भमा । पाँचौ अध्यायको सत्रौं श्लोकानुसार जुन साधना बताइएको छ, त्यो केवल ध्यानावस्थामा मात्र गर्न सकिन्छ । बाँकी सबै प्रायः दुवै अवस्थामा गर्न सकिन्छ ।

यहाँ कसैले प्रश्न गर्न सक्छ- पहिलो साधनामा "वासुदेवः सर्वमिति" अर्थात् जे जति देखिन्छ सबै वासुदेवकै स्वरूप हो (७/१९) तथा "सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः" जुन पुरुषले एकाग्रभावले सम्पूर्ण प्राणीहरूमा आत्मारूपमा अवस्थित म वासुदेवको भजन गर्दछ(६/३१) यसको किन उल्लेख गरिएन ? यसमा- यी दुवै श्लोक भक्तिको प्रसङ्गका हुन् र दुवैमा नै परमात्मामा प्राप्त भएका पुरुषको वर्णन गरिएको छ । त्यसैले यस प्रसङ्गमा उल्लेख नगरिएको हो । फेरि पनि कसैले यसलाई ज्ञानका प्रसङ्गमा लिएर सोही अनुसार साधना गर्न चाहन्छ भने गर्न सक्दछ, यसमा कुनै आपत्ति जनाउनु पर्ने आवश्यकता छैन । ....

व्यङ्ग्य - **बलदेवराज महत**

# विद्यादान



आफू सोझो मान्छे परियो, जिन्दगीमा हजारौँ थरीका काम गरियो तैपनि अन्त्यमा जस्ताको तस्तै अवस्थामा झरियो । अब गर्ने के ? कतै यसो जागिर खाँऊ, अफिस जाँऊ भने पनि पढाइ गतिलो छैन । सर्टिफिकेट बेच्ने मान्छे चिनेर यसो सर्टिफिकेट किनेर ल्याँऊ भने पनि अचेल अलि कडा भएको रहेछ । त्यही पनि ठाउँमा आफ्नो मान्छे नभए पछि म जस्ताको नाउँमा जागिर दिने कसले ? यसो व्यापार गरौँ भन्ने मन गए पनि धन नभएपछि के लाग्छ र ? आफ्नै आँखा अगाडि साथीभाइले नोट गनेको झल्झली देखेपछि आफ्नो खल्खली पसिना त झर्ने नै भयो । बाबु बाजेको धाक लगाएर नाक जोगाउनु त परै जाओस् एकछाक टार्न पनि धौ-धौ पर्न लाग्यो । आफूले देखे सुनेका र चिने जानेका मान्छे हेर्दाहेर्दै कस्ता भइसके । आफू त जहिले पनि थाङने को थाङने । हुन त मति ठीक नभएपछि यो गति भएकोमा रतिभर चिन्ता लिनु पनि भएन । अब यो बिनासित्तिको गन्थनबाट आफ्नो थोरै भएको गिदीलाई मन्थन गर्नु भन्दा बरु यसो कुन काइदाबाट छिटै फाइदा होला त्यो चाहिँ सोच्नु पर्ला कि ?

एउटा गतिलो, छिटो धनी बनिने, सजिलो, सबैमा प्रभाव पार्न सक्ने, इज्जतदार, देशको लागि पनि फाइदा पुर्‍याउन सकिने अझ छोटकरीमा भन्ने हो भने चौतर्फी हित हुने काम नगरी नछोड्ने र आफ्नो विचार कुनै हालतमा पनि नमोड्ने अठोट गरेपछि आफ्नो उच्च विचार लिएर साथीभाइ, इष्टमित्र, नातागोता, छिमेकी, चिनेजानेका मानिसहरूसित विचार विमर्श र गहन छलफलको साथै अध्ययनपछि अब मैले एउटा विद्यादान स्थल खोल्ने निश्चय गरेँ । देशको शैक्षिक विकासमा टेवा पुग्ने सामाजिक दृष्टिले सेवा हुने, आफ्नै पेवा भएकोले मजाको मेवा पनि मिल्ने । यस्तो सेवा र ढेवा मूलक पेसा छोडेर अरू काम पनि गर्नु ?

अब पेसाकै रूपमा विद्यादान स्थल खोल्ने अठोट गरिसकेपछि र मैदानमा झरिसकेपछि मैले आफ्नो योजना बनाउन थालेँ मनमनै । सबै भन्दा पहिले त आवश्यक पर्‍यो विद्यादानको लागि भवनको । एउटा भवन खोज्यो कम्पाउण्डसहितको अनि त्यसैमा तल विद्यादान स्थल माथि आफ्नो निवास स्थान । आफ्नो घर छ भने राम्रो दरले भाडामा दिएर तर मार्‍यो । घर छैन भने सानो आम्दानीको डर र सीमित ठाउँको भरले डेरामा बस्नु पनि परेन, सबै आफ्नै । भाडा तिर्नु पनि नपर्ने घरवालाको टोकसो भिर्नु पनि नपर्ने । घर भाडा विद्यादान स्थलबाट तिरिन्छ अनि आफू आफ्ना परिवार लालावालासहित माथिल्लो तल्लामा फुर्तीले छिरिन्छ । अरूले हेर्दा विद्यार्थी र विद्यादान स्थलको रेखदेख र सुरक्षाको लागि बसे जस्तो देखिने हुनाले फाइदै हुने भयो ।

अध्यापन कार्यलाई परापूर्वकालदेखि नै दानको रूपमा लिइएको छ र त्यसै श्रेणीमा मान्यता दिइएको छ । अचेल अरू कुरा त दान गर्न सकिन्न त्यसैले विद्यादान गरेपछि मान पनि बढ्यो धर्म पनि भयो । पहिले-पहिले धार्मिक दृष्टिकोणले विद्यादान हुन्थ्यो भने अचेल आर्थिक दृष्टिकोणले हुन्छ । फरक त त्यति मात्रै हो । दान त आखिर दान नै भइहाल्यो नि ।

अहिलेसम्म आफूलाई कसैले पनि इज्जतै गर्दैनन् । विद्यादान स्थल खोलेर गुरु भएर पढाउन सुरु गरिसकेपछि सबैले सर भनिहाल्छन् । हुन पनि उम्रेदेखि खुम्रेसम्म र भुम्रेदेखि लुम्रेसम्म सबैले सर् भनिहाल्छन् । काम सुरु गरेर दाम कमाउन थालेपछि आफ्नो नाम त्यसै इज्जतदारहरूमा परिहाल्छ । त्यसमाथि कोट, टाइ र अलि बाक्लो चस्मा चढाउने र नहच्किकन अँग्रेजी लढाउने गरेपछि त के चाहियो र ? त्यसैले इज्जतको लागि पनि यो काम गर्नैपर्‍यो ।

विद्यादान स्थल खोल्ने विचार त गरियो तर शिक्षक कहाँबाट जुटाउने ? अलि समस्या पर्ला कि ? एकैछिनपछि यसो सम्झेँ । शिक्षकको केको कमी भो र ! आफ्नी श्रीमती, सालीहरू, सालाहरू, भान्जा भान्जीहरू, छोराछोरीहरू, दाजुभाइ र इष्टमित्रका छोराछोरी र अलि-अलि साथीभाइका मान्छे राखिदिएपछि शिक्षकको समस्या पर्ने कुरै भएन । त्यसमाथि बाहिरबाट दुई चार जना जति अँग्रेजी बोल्ने मेट्रिक फेल मानिसहरू ल्याएर शिक्षक राखिदिएपछि विद्यादान स्थल जमिहाल्यो नि । त्यसै पनि हाम्रा अभिभावकहरूलाई बच्चाले टुटीफुटी अँग्रेजी बोलेपछि पैसाको परवाह छैन । त्यसपछि दुई चार जना राम्रै शिक्षकहरूलाई बेला-बेलामा पढाउन ल्यायो । पैसा बढी पाएपछि को आउँदैन र ? विद्यादान स्थलमा शिक्षकले पढाउन नसके ट्युसनको व्यवस्था गर्‍यो । त्यसबाट पनि थोर बहुत भइहाल्छ । के बिग्रन्छ र ? यसरी शिक्षकको प्रबन्ध गरेपछि आफ्ना मानिसहरूको बेरोजगारी समस्या पनि केही हदसम्म सुल्झिने । कुनै शिक्षकले फुर्ती गर्‍यो भने निकालिदिए भइहाल्यो । सरकारी नियम कानुनको बन्देज भए पो डर ! दुई चारवटा गुन्डा टाइपका मान्छेलाई मुट्ठीमा राखेपछि कसले छुने ? विद्यादान स्थल जस्तो खोलिसकेपछि टेलिफोन, भन्सार र अन्य सरकारी सुविधाबाट व्यक्तिगत लाभ पनि हासिल गर्न सकिने कुरामा दुविधा राख्ने त कुरै आएन । आफूलाई पनि फाइदा, फाइदा दिलाउनेलाई पनि फाइदा । सबैसित मिलिजुली काम गर्ने बानी पारेपछि कतैबाट हानि हुन सक्ने पनि भएन । सप्रे जति आफ्नो बिग्रे जति विद्यादान स्थलको । के बित्दो छ र ? कोही बोल्ने कुरै भएन । शिक्षक र कर्मचारी जति आफ्नै मानिस भइहाले, विद्यार्थीहरूलाई मतलबै छैन, अभिभावकलाई उहाँहरूको नाममा, राम्रो खाममा अँग्रेजी चिठ्ठी पठाएपछि तिर्नुपर्ने दाममा केही कमी पनि आउँदैन । सरकारी क्षेत्रमा त आफ्नै हातको कुरो हो । ठूला बडालाई बेला मौकामा भिजिट गराएर सानोतिनो उद्‍घाटन गराइदिएपछि कसले छुने ? फेरि हातमा र मुखमा नुन पारेर गुन लगाएपछि कुन शक्तिले छुन सक्छ र ?

अब आयो किताबको कुरो । यहाँ स्तरीय किताब छपाइ भन्दा चुरोट र मादक पदार्थ उत्पादनमा जोड दिने कुरामा होड पर्ने भएकोले सरकारी स्तरबाट निर्धारित किताब राख्ने कुरै आएन । गाल टार्न र विश्वास पार्न एक दुईटा सरकारी किताब राखिदियो अरू त आफ्नै खुसी । बढी रङ्गी चङ्गी र धेरै किताब भएपछि अभिभावकहरू पनि दङ पर्ने भएकोले आफ्नो आम्दानी भङ्ग हुनसक्ने सवालै आएन । किताब धेरै राखिदिए केटाकेटीहरूले धेरै पढ्छन् भन्ने धारणा हामी सबैमा छँदै छ । विदेशबाट किताब झिकाउन र बढी नाफामा बिकाउन एउटा पुस्तक बिक्रेतालाई लगाएपछि कमिसन पनि आइहाल्यो । अर्को कुरा सानै उमेरदेखि धेरै किताबको भारी बोकेर हिँड्ने बानी भएपछि भविष्यमा विद्यार्थीले केही बन्न नसके भरियानै भएर पनि टन्न एक पेट खानलाई कतै भन्न जानुपर्दैन । भविष्यमा यस्ता जनशक्तिको आवश्यकता नपर्ने पनि हैन । अर्को कुरा वर्षै पिच्छे किताब बदली गरिदिएपछि विद्यार्थीले सधैँ नयाँ-नयाँ कुरा सिक्न पनि पाउँछन् ।

विद्यादान स्थलमा पढाउन र धेरै जिब्रो लढाउन पनि पर्दैन । शनिवार र आइतवार विदा नै भइहाल्यो । हप्ताको अरू पाँच दिन पुरानो होमवर्क लिँदा र नयाँ होमवर्क दिँदा नै समय बितिहाल्छ । होमवर्कको कारणले विद्यादान स्थलमा पढाउन नभ्याएपछि विद्यार्थीको भलाइको लागि ट्युसन त अनिवार्य रूपमा आवश्यक परिहाल्यो । बिचरा शिक्षकहरूको पनि अरू आम्दानीको स्रोत के नै छ र ? यसो विद्यादान स्थलमै ट्युसनको व्यवस्था गरे पनि भयो । नभए घरमै अभिभावकको क्षमता अनुसारको दरमा शिक्षक पठाइदियो । जसले विद्यादान स्थलको समस्यामा मेल नराखेर ट्युसन पढ्दैन ऊ फेल हुन्छ । यसमा अरू के नै गर्न सकिन्छ र ?

विद्यादान स्थल चलाई सकेपछि टाढाका विद्यार्थी र अभिभावकहरूको भलाइ पनि सोच्नै पर्‍यो ।

त्यसको लागि एउटा गतिलो होस्टेलको व्यवस्था गर्नैपर्‍यो । नत्र विद्यार्थी भड्केलान् र अरू विद्यादान स्थलहरूतिर सड्केलान् भन्ने डर । होस्टेल खोली सकेपछि ओढ्ने ओछ्याउने, भाँडाकुँडा, खाने सामान, ट्वाइलेट बाथरुम, सानोतिनो औषधी उपचार, खाजा पानीको पनि राम्रै जोहो गरिदिनै पर्‍यो । यसबाट धेरथोर कमिसन पनि हात लाग्नसक्छ । हुन त यो झिनो मसिनो कुरातिर मेरो पूरा सोचाइ चाहिँ हुँदैन । होस्टेल भएपछि विद्यार्थीहरूको हरेक आवश्यकतालाई ध्यान नदिए आफ्नो ज्यान लेलान् भन्ने डर अभिभावकहरूले । हप्ताको एकपटक सफा गरिदियो । खानापिना किन्ने, पकाउने र खुवाउने जिम्मा एउटा आफन्तलाई दियो र थोर बहुत कमिसन लियो काम चलिहाल्छ । रेखदेखको लागि आफ्नै नजिकको मान्छे राख्यो अनि आफन्तहरूको शुभकामना चाख्यो कति मजा । आफू पनि सपरिवार अझ बाबुआमा र कहिलेकाहीँ आउने पाहुनासहित त्यतै खायो । होस्टेलमा बस्ने विद्यार्थीहरूको दैनिक साँझ बिहान रेखदेख पनि हुने । आफैले घरमा पकाएर खाँदा लाग्ने समय, खाद्यान्न, इन्धन, सफाइ जस्ता सबै चीजको बचत पनि भो । यस्ता कुराहरूमा अनावश्यक समय खेर फालेर विद्या दान जस्तो पवित्र कार्यमा बाधा पर्न दिनु पनि भएन नि । रुखो फुको खानामा आफ्नो सुको खर्च पनि भएन । पढाइ निल भए पनि बिल जति सबै अभिभावकको थाप्लोमा जाने हो । फेरि होस्टेलमा राख्न सक्नेमा व्यापारी, अलि खर्चगर्न सक्ने कर्मचारी र अलि हुनेखाने वर्ग हुने हुनाले उनीहरूको नासो सम्झेर विद्यार्थीको हेरविचार गरेपछि खर्चमा साह्रै चासो पनि राख्दैनन् । कति मजा ! सेवाको ठाउँमा सेवा मेवाको ठाउँमा गतिलै मेवा । जति नै हिसाब गोलमाल गरे पनि आफ्नै सालोलाई एकाउन्टेन्ट राखेर गरेको कालो काम कसले पत्ता लगाउने ?

विद्यादान स्थल जस्तो खुलिसकेपछि अलि भरिलो देखिन दरिलो यातायातको पनि व्यवस्था हुनैपर्‍यो । दुई चार ओटा बस सुरुमा भाडामा र पछि त्यही यातायात बापत उठेको रकमले खरिद गर्न सकिहालिन्छ । बिहान बेलुकी विद्यार्थी लाने ल्याउने अनि बिचमा अरूलाई दिएर पनि भ्याउने गर्न सकिन्छ । सबैतिर बस पुर्‍याइदिएपछि विद्यार्थीको ओइरो लागिहाल्छ । भित्र थोत्रो भए पनि बसको चित्र राम्रै हुनुपर्छ बाहिरबाट हेर्दा । उसै पनि अचेल भित्री गुदी कसले हेरिराख्छ र ! बाहिर तडक-भडक भएपछि पुगिहाल्छ । यातायात बापत पनि अभिभावकले मजाले तिरिहाल्छन् । तेल, ड्राइभर, मरमत र अलि-अलि खर्च कटाएर थोर बहुत यसमा पनि बचत भइहाल्छ । थोरै नै भए पनि छाड्ने र ठूलोमा मात्रै मुख गाड्ने गर्दा समस्या पनि पर्नसक्छ । त्यसैले सानो सानोबाट ठूलो राशि जम्मा भएमा हाँसी-हाँसी कमाउन सकिन्छ नत्र काँशी धपिन पनि बेर लाग्दैन । बसको अगाडि पछाडि र दायाँ बायाँ ठूला-ठूला अक्षरमा अँग्रेजी कोटेसन लेखेर सबैतिर रोटेसन गरी बस घुमाएपछि स्कुलको प्रचार प्रसार त्यसैबाट हुन्छ । आफ्नै बसहरू भएपछि परिवारै लिएर विदाको दिन घुमफिर गर्न पनि सजिलो । फेरि बेला-बेलामा कक्षा छुट्याई-छुट्याई पिकनिक लान पाइयो । पिकनिकको खर्च पनि अभिभावकले बेहोरिहाल्छन् । त्यसबाट पनि अलि-अलि बचाउन र मजाले पचाउन सकिन्छ । उस्तै परे यातायात भाडा बाहेक आफ्नै यातायात खरिद गर्न र आत्मनिर्भर विद्यादान स्थलमा पर्न बिल बढाउन पनि सकिन्छ ।

अचेल समय नै प्रचार प्रसारको छ । आफ्नो विद्यादान स्थलको पनि जानेसम्म पत्रपत्रिका, रेडियो र टिभिले मानेसम्मको प्रचार प्रसार गर्नै पर्‍यो । ज्यादै स्वच्छ र घरेलु वातावरणमा पढाइ हुने, ज्यादै अनुभवी र क्षमतावान शिक्षक शिक्षिकाहरू, विदेशी शिक्षक शिक्षिकाको समेत व्यवस्था, सम्पूर्ण आधुनिक सुविधाले सम्पन्न, व्यावहारिक शिक्षामा जोड, प्रत्येक विद्यार्थीलाई कम्प्युटरको ज्ञान दिइने, प्रशस्त खेल मैदान र प्रशस्त खेल सामग्रीहरू, अति सुविधाजनक र सुरक्षित होस्टेलको व्यवस्था, घर घरबाट विद्यार्थीहरू लान ल्याउन यातायातको व्यवस्था, गरिब र जेहेन्दार विद्यार्थीहरूलाई आफ्नै छोराछोरी जस्तै गरी पढाइने वातावरण, विद्यार्थीमा लुकेको प्रतिभा उजागर हुने खालको विविध कार्यक्रमहरू भन्ने जस्ता विभिन्न खालका विज्ञापनहरू पत्रिकामा रङ्गिन फोटोसहित, टिभि र रेडियोमा सुरिलो स्वरमा गीतको रूपमा मिलाएर प्रचार प्रसार गरेपछि अभिभावकहरू आकर्षित नहुने कुरै छैन । यसरी प्रचार प्रसार गरिएका कुरालाई पूरा गरेर देखाउन पनि त्यति गाह्रो पर्दैन । एउटा ठीकैको आँगन भएको घर भाडामा लिएपछि त्यही घर विद्यादान स्थल भइहाल्यो । आँगनमा फलामका एक दुईटा पिङ र चिप्लेटी बनाइदिए पछि चलिहाल्यो । दुईटा जति फुटवल ल्याएर राखिदिए पछि विद्यार्थीहरूले कुना काप्चा सबैतिर दौडेर हानिहाल्छन् । शिक्षक, शिक्षिकाहरूले आमा बाबु जस्तो व्यवहार गर्नलाई बेला-बेलामा हप्काइ दिइहाल्छन्, भइहाल्यो । विदेशी शिक्षकको लागि सीमापारिबाट एक दुई जना ल्याएपछि विदेशी भइहाले । नभए पिसकोरतिर आएकालाई खुसामद गर्न पनि सकिन्छ केही समयको लागि । त्यति पनि नभए पर्यटकहरूलाई बोलाएर पनि काम चलाउन सकिन्छ कहिले काहीँ । कबिता लेख्न गाना गाउन लगाएपछि प्रतिभा देखिहालिन्छ अनि कहिले काहीँ पुराना स्मारकहरूतिर घुमाउन लग्यो आफ्नो पनि मन बहलाउन सकिने र कला संस्कृतिको जगेर्नामा पनि मदत पुग्ने । यति गरेपछि विद्यार्थीहरू नओइरिने सम्भावना नै रहन्न ।

यतिसम्म गरिसकेपछि नतिजा पनि राम्रै निकाल्नु परिहाल्यो । शिक्षासँग सम्बन्धित सरकारी हाकिमको भतिजा जस्तै भएर व्यवहार गरेपछि नतिजा राम्रो नहुने कुरै भएन । शिक्षा वालालाई गतिलो भिक्षा पुर्‍याउन सकेपछि इच्छा अनुसारको दीक्षा मिलिहाल्छ । जुनसुकै तहमा राम्रो नतिजा ल्याएपछि विद्यादान स्थल लहलह भएर फूल्न कति बेर लाग्छ र ! कस्ता कस्ताले त राम्ररी विद्यादान स्थल चलाएका छन् भने म जस्ताले चलाउन नसक्ने कुरै भएन । राम्रो नतिजा मिल्ला भनेर अचेल जिल्लास्तरीय परीक्षाहरूमा समेत नोटको लेनदेन हुन्छ रे पनि भन्थ्यो एउटाले । अझ एसएलसीको बोर्डमा आउन र राम्रो प्रतिशत पाउन त प्रिन्सिपलले बेलैमा सरकारी हाकिमकहाँ धाउन थाल्दा रहेछन् । त्यस्ता विद्यादान स्थलहरूको नतिजा पनि सबैलाई चकित र नधाउने चाहिँ थकित हुने खालको आउने रहेछ, त्यसैले म त विद्यादान स्थल सुरु गरेको पहिलो दिनबाटै ती हाकिमलाई गुरु मान्ने पक्षमा छु । यसो गर्दा उसलाई पनि राम्रो आफूलाई पनि राम्रो । उनीहरूनै हुन सबै चीजको हर्ताकर्ता । विद्यादान स्थलको स्तर, क्षमता, सुविधा, नतिजा आदिको विचार गरेर हरेक क्रियाकलाप मापन गरी संरक्षण दिने उनीहरू नै हुन् । भए नभएको बुट्टा भरेर उनीहरूसित किन खुट्टा कमाउनु ? बरु उनीहरूले भने जस्तो गरी मिल्यो अनि हात लागेको जति चुपचापसित निल्यो त्यसैमा सबैको हित हुन्छ जस्तो लाग्यो मलाई त !

विद्या वा शिक्षा दान भन्दा अर्को ठूलो दान हुँदैन भन्ने चर्को आवाज त हामीले सानैदेखि सुन्दै र गुन्दै आएकै हो । विद्यादान गरेपछि दान गर्नेको मान र खानपानको स्तर कहाँबाट कहाँ पुगिसक्यो । जति धेरैलाई दान गर्न सक्यो उति नै धेरै सान बढेको देखिएकै छ । यस्तो पवित्र कार्य गर्नसक्नु भन्दा पनि गर्छु भनेर बक्नु नै ठूलो कुरा हो । हिजोसम्म आफ्नै अगाडि चप्पल पड्काएर हिँड्ने भाँग्रेहरू विद्या दान सुरु गरेको केही समयमै फेरी-फेरी चार पाँग्रेमा सवार भएका छन् । इज्जत मान-सम्मान पनि उनीहरूकै छ । राम्रा होटल र रेस्टुरेन्टहरूमा उनीहरू नै देखिन्छन् । देश विदेश डुल्ने र आफ्नो धरातल भुल्ने पनि छन् कोही-कोही त । सबै ठाउँमा पहुँच उनीहरूकै छ । अलि अघिसम्म अँध्यारो छिँडीतिर एउटा कोठा भाडामा लिएर र मुस्किलले बहाल दिएर बस्नेहरू अहिले फाइभस्टार सरहको आफ्नै घरमा सरिसके । प्राण धान्न आधा किलो चामलको पोका लिएर हिँड्नेहरू अहिले सानोतिनो ढोकाबाट छिर्न र आङमा सामान्य साइजको लुगा भिर्न नहुने गरी मोटाइ सके । आफ्नो अगाडि प्रशस्त उदाहरण देख्दा-देख्दै पनि मेरो बुद्धि नफिरेकोमा मलाई अहिले चाहिँ आफैसित रिस उठ्न थालेको छ । तै पनि अझै केही बिग्रेको छैन । ढिलै भए पनि बुद्धि पलायो । यसैमा सन्तोष गरेको छु । त्यसैले मैले पनि अठोट गरेको छु अब चाहिँ खोल्नै पर्छ विद्यादान स्थल । ◆◆

# नेपाल-चीन दौत्य सम्बन्ध स्थापनाको ६३ औं वार्षिकोत्सव सम्पन्न










हालै राजधानी स्थित बौद्ध टुसालको "ल्हासा गेष्ट होम" मा नेपाल-चीन दौत्य सम्बन्ध स्थापना भएको ६३ औं वार्षिकोत्सवका अवसरमा 'नेपाल-चीन सम्बन्धको सिंहावलोकन' विषयक एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम **'नेपाल-चीन पारस्परिक सहयोग समाज'**को आयोजनामा सम्पन्न भएको हो । नेपाल थियान्ली पब्लिकेशन एण्ड कल्चर कम्पनी प्रा.लि. र डाँफे टिभी डट कम सह-आयोजक रहेर उक्त कार्यक्रम सम्पन्न भइरहदा वक्ताहरूले यस्ता कार्यक्रमबाट नेपाल र चीनबीचको सम्बन्धलाई नयाँ उचाइ प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्न सहयोग पुग्ने तथा एक-अर्का देशका मित्रहरूलाई अझै घनिष्टताका साथ बुझ्न मद्दत पुग्ने कुरा बताउँदै नेपालको नजिकको विश्वासिलो छिमेकी मित्रराष्ट्र चीन नै रहेको कुरा अधिकांश अतिथि वक्ताहरूले बोल्नु भएको थियो ।


कार्यक्रममा हिरण्यलाल श्रेष्ठ, डा. प्रेमसिंह बस्न्यात, देव गुरुङ, बुद्धि नारायण श्रेष्ठ, फणिन्द्र नेपाल, दीर्घराज प्रसाइ, कमल चौलागाई, प्रदीप पौडेल, साध्य बहादुर भण्डारी, रत्न संसार श्रेष्ठ लगायतका विभिन्न राजनीतिक दलका नेता, पूर्व राजदूत, राजनीतिक विश्लेषक, पूर्व सेना अफिसर, त्रिभुवन विश्वविद्यालयबाट नेपाल-चीन सम्बन्धमा विद्यावारिधी गरिरहेका शोधार्थी शैलेन्द्र बहादुर थापा तथा पत्रकारहरूको भव्य उपस्थिति देखिन्थ्यो । सहभागी व्यक्तित्वहरूले आ-आफ्नो विचार तथा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । शहदेव भण्डारीले उद्घोषण गर्नु भएको कार्यक्रममा मि. छनसिआओस्वानले स्वागत मन्तव्य दिनु भएको थियो भने कार्यक्रमका सभापति एवं नेपाल-चीन पारस्परिक सहयोग समाजका अध्यक्ष प्रेम सागर पौडेलले कार्यक्रम समापन मन्तव्य दिनु भएको थियो । चीनसँगको सम्बन्धलाई नयाँ उचाइ दिँदै जनस्तरको सम्बन्धलाई अझ सुमधुर, प्रगाढ, प्रभावकारी र झनै विश्वसनीय बनाउँन देशभक्त प्रेमसागर पौडेल यसैगरी अघि बढिरहनुस्, अग्निचक्र मासिकको शुभकामना ॥

**सडक विभाग**

**काठमाडौं उपत्यका सडक विस्तार आयोजना**

**सचेतमार्ग, नयाँ बानेश्वर काठमाडौं**

- सडक प्रयोग गर्दा अपाङ्गता भएका (शारीरिक कमजोरी तथा दृष्टि विहीन) नागरिकलाई प्राथमिकता सहयोग गरौं ।
- सवारी चलाउँदा र सडक फुटपाथ प्रयोग गर्दा ध्यान राख्नु हुनु सबैमा अनुरोध छ ।
- दुई वा दुई भन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- बाटो काट्दा, लेन क्रसिङ, आकाशेपुल, सब वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित तवरबाट बाटो काटौं ।
- सडक बत्ती भएको ठाउँमा पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावि ओभरटेक नगरौं, दाइनेपट्टीबाट आफू अगाडिको गाडीले संकेत दिएपछिमात्र ओभरटेक गरौं ।
- विपरित दिशाबाट आउने साधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान अन्जानमा बाटो काट्न लागेको छा भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- निश्चित तोकिएको ठाउँ (बस स्टप, ट्याम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने काम गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/ओजन नबोकौं ।
- हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाऔं । दुर्घटनाबाट बचौं बचाऔं ।





# केनोपनिषत् – ३३

**प्रथमः खण्डः**

*आप्यायन्तु इति शान्तिः शान्तिः शान्तिः ।*

*केनेषितं पतति प्रेषितं मनः, केन प्राणः प्रथमः प्रैति युक्तः*

*केनेषितां वाचमिमां वदन्ति, चक्षुः श्रोत्रं क उ देवो युनक्ति ।१।*

मुमुक्षु वेदोक्ति शिष्य र गुरुका बीचमा प्रश्नोत्तर :- गुरुदेव ! कसबाट नियमित (इषितम्) प्रेरित (प्रेषितम्) पारिएको मन ढल्दछ ? कसबाट प्रेरित पारिएको प्रथम (प्रधान) प्राण प्रवृत्त (सक्रिय) हुन्छ ? कसबाट प्रेरणा पाएका यस वाणीलाई मानिसहरू बोली-चालीमा ल्याउँछन्, बोल्दछन् ? आँखालाई अनि कानलाई खटाउने को हो ? अर्थात् संक्षिप्तमा भन्दा-यो स्थूल र सूक्ष्म समस्तको संघात (खचाखच) को वास्तविक प्रेरक को हो वा को छ त गुरुदेव ? ।१।

*श्रोत्रस्य श्रोत्रं मनसो मनो यद्वाचयोहं वाचं स उ प्राणस्यं प्राणः ।*

*चंक्षुश्रव चक्षुरति मुच्य धीराः प्रेत्यास्माल्लोकादमृता भवन्ति ।२।*

-'प्रेरणा, प्रेरित र प्रेरक को छ त प्रश्न-उत्तर कति कठिन छैन, किन भने यी सबै प्रश्नका उत्तरमा के भनिन्छ त भने यी र यस्ता समस्त समस्यामा उत्तर बन्ने, यी सबैको कारण नै आत्मा हो । आत्मा सबैका मूल शक्तिको कारण हो । अत्मा नै देह र इन्द्रिय आदिलाई प्रेरणा गर्ने शक्ति हो, त्यही कारण पनि हो ! र त्यही आत्मा देह र इन्द्रियदेखि भिन्न अर्थात् अलग्गै छ । यस्तो कुरा बुझेर र तिनलाई त्यागेर मुमुक्षु व्यक्ति यस संसारबाट छुट्टिएर देहपात गराएर अमृत (वृक्ष) मा मिल्दछ अर्थात् जन्म-मरणरूपी प्रपञ्च (अनर्थ) बाट मुक्त हुन्छ । 'मुक्त हुनु' भन्नु त्यही, मोक्ष प्राप्ति भन्नु पनि त्यही कुरा हो । परम पद भेट्टाउनु भन्नु पनि त्यही कुरा हो ।२।

*न नत्र चक्षुर्गच्छति न वाग्गच्छति नो मनो नः विद्मो न विजानीमो यथैतदनुशिष्या दन्यदेव तद्विदितादथोऽविदितादधि इति शुश्रुम पूवेषां ये नस्त व्याचचक्षिरे ।३।*

तत्र त्यहाँ अर्थात् त्यस ब्रह्मसम्म आँखा पुग्दैन, बोली (वाणी) पुग्दैन, मन पुग्दैन, हामी कुन र के जान्न सक्तैनौं । यो यस्तो भनेर कसैलाई बताउन । (उपदेश) दिन पनि न त विशेष रूपले जान्दछौं । त्यो (ब्रह्म) त चिनेजानेकै जस्तै र चिन्दै नचिनेको जस्तै अर्कै अर्कै ढङ्गको छ । न कोही त्यस बेला (ब्रह्मबारे) स्पष्ट बताउँछन्, ती पूर्वाचार्यहरूबाट यस्तै यस्तै थुप्रै कुरा सुनेका भने छौं । हाम्रा इन्द्रिय देह मन सबैको कारणरूप अर्थात् आत्मा अविषय र अतीत विषय भएकोले श्रुतिदेवी पनि यस्तै निषेधपूर्ण वाक्यांशबाट उपदेश गर्छिन् । साथै पुरातन आचार्यहरूले पनि आत्मा ( ब्रह्म) को अविषय स्वभावकै उपदेश गरेका छन् । हामीले पनि ब्रह्म विषयवोध हो भन्ने कुनै युक्ति पनि भेट्टाएका छैनौं ।३।

*यद् वाचानभ्युदितं वागभ्युद्यते । तदेव ब्रह्मत्वं विध्दिनेदं यदिदमुपासते ।४। यन्मनसा न मनुते येनाहुर्मनो मतम् । तदेव ब्रह्मत्वं विध्दि नेदं यदिदमुपासते ।५। यच्चक्षुषा न पश्यति येन चक्षूंषि पश्यति । तदेव ब्रह्मत्वं विध्दि नेदं यदिदमुपासते ।६। यच्छ्रोत्रेण न शृणोति येन श्रोत्रमिदिं श्रुतम् । तदेव ब्रह्मत्वं विध्दि नेदं यदिदमुपासते ।७। प्राणेन न प्राणिति येन प्राणः प्राणीयते । तदेव ब्रह्म त्वं विध्दि नेदं यदिदमुपासते ।८।*

वचन र बोलीले बखानेरै नसकिने र त्यही वचनलाई बखान्ने शक्ति दिने (बखान्न लगाउने) चाहिँ ब्रह्म हो भन्ने बुझ ! मायामुग्ध पुरुषले उपासित विषय ब्रह्म होइन । त्यस्तै जड पदार्थ हो । मन जड हो र त्यही मनलाई मान्न जान्न चिन्न लगाउने तत्त्व वा शक्ति चाहिँ ब्रह्म हो । जुन कानले आत्मालाई सुन्न सक्तैन र त्यही कानलाई जुन शक्तिले सुन्न सक्ने गराउँछ, सुन्न लगाउँछ, त्यही चक्षुलाई ब्रह्मतत्त्वले देख्न जान्न सक्ने शक्ति प्रदान गर्छ, त्यही शक्तिप्रदाता परमतत्त्व चाहिँ ब्रह्म हो । स्वयं प्रकाशित तत्त्व नै आत्मा पनि हो, ब्रह्म पनि हो, त्यसलाई ब्रह्म मान वा परब्रह्म मान, फरक पर्दैन । त्यसरी नै पुराणको क्रिया वृत्तिलाई र अन्तःकरणको ज्ञानवृत्तिलाई समेत पक्रेर नाक (घ्राणेन्द्रिय) जुन आत्मालाई चिन्न जान्नै सक्तैन र जुन आत्मा (शक्ति) बाट प्रेरित घ्राणेन्द्रिय आफ्ना काम-काज गरिरहन्छ, गर्न सकिरहन्छ, त्यही शक्ति नै ब्रह्म हो । यही रहस्य बुझ ! ४-८।

**द्वितीयः खण्डः**

*यदि मन्यसे सुवेदेति दभ्रमेवापि नेनं त्वं वेंत्थ ब्रह्मणो रूपम् । यदस्य त्वं यदस्य च देवेस्वथ नु मीमंसांस्यमेव ते मन्ये विदितम् ।९।*

यसरी अन्तःकरणीय र उपादेय ब्रह्मांत्माको यथार्थ परिचय गराए-पछिका गुरु यो शिष्य कहीं आत्मालाई नै मन र वचनकै विषय भन्ने त मान्दैन ? भन्ने कुरा जाँच्न थाल्दछन् - भद्रमुख ! तिमी के त 'मैले ब्रह्मलाई आत्मामा साक्षत्कार गरेर राम्रै तरीकाले जानिसकें ' भन्नेमा त छैनौ ? यदि त्यसै हो भने तिमीले ब्रह्मको कुनै स्वरूप त पक्कै पनि पित्को जति जानेछौ । सोपाधिक, आधिकारिक र आधिभौतिक देवताहरूमाका त्यस ब्रह्मको स्वरूप तिमीले जति जान्यौ वा जानेछौ, त्यही पनि पित्कै जति जान्यौ, त्यसभन्दा बढी तिमीले कत्ति पनि जानेनौ । अर्थात् तिमीले ब्रह्मबारे पाएको त्यति ज्ञान केही पनि होइन । ब्रह्मको यथार्थ स्वरूप त त्यो हुँदै होइन त ! म त के सोच्दैछु भने 'ब्रह्म जानें !' भन्नु सट्टा ब्रह्मबारे तिमीले निक्कै चिन्तन मन्थन गर्नै पर्छ, बरू त्यसतर्फ लाग! भन्ने गुरुपदेशानुसार त्यस मुमुक्षुले त्यसै गर्दै गयो र आत्माको यथार्थ स्वरूप अनुभूत हुन थालेपछि गुरुसमक्ष पुगेर गुरुसँग बल्ल अब ब्रह्मको यथार्थ स्वरूप मलाई ज्ञान हुन थाल्यो, अब भने मैले ब्रह्मलाई जानें ।९।

*नाहं मन्ये सुवेदेति नो नवेदिति वेद च ।*

*यो नस्तद्वेद तद्वेद नो न वेदेति वेद च ।१०।*

म ब्रह्मलाई राम्रैसँग जान्दछु भनिहाल्न भने पक्कै सक्तिनँ र जान्दै जान्दिनँ भन्ने मान्न पनि सक्तिनँ । किन भने 'जानें' भन्दा ब्रह्मलाई जडवत् व्यवहार वा व्यारोप गराउन पनि म नसक्ने भएँ र 'जानिनँ' भनेर आफूले जाने जतिलाई 'भूस' बराबर तुल्याउन पनि मेरा दृष्टिमा भ्रमपूर्ण व्यवहार अनुचित हुने भएकाले 'म र मसरहका मुमुक्षुहरूले जे जति जानेका छन्, त्यति जानिएको छ' भन्दा श्रुतिस्मृतिविरुद्ध नहुने हुनाले के भन्छु त भने मेरा इन्द्रियहरूद्वारा जान्न सकिने घैटा घ्याम्पा झैं जान्न चाहिँ सकिनँ । अनि केही कसै गरेर पनि त्यस ब्रह्मलाई जान्दै नजानेको चाहिँ पक्कै होइन । अपितु विचार गर्दा गर्दा (मंथन द्वारा) बनेको विशुद्ध चिदाकार तथा वासनाशून्य अन्तर्मनको वृत्तिद्वारा संसार उन्मूलित भएपछि शेष रहन पुग्ने स्वयंप्रकाशरूप ब्रह्मलाई अवश्य चिन्न थालें मैले अझ खास त मैले भनिरहेका यी कुराका विरुद्ध कुरा पनि जान्न बुझ्न थालें नि अब त भन्ने

जस्ता यावत् समर्थक (पक्षका) र विरुद्ध र (विपक्षका) सबै कुरा जो बुझ्दछ, त्यही नै ब्रह्मलाई बुझ्दछ ।१०।

*यस्यामतं तस्य मतं मतं यस्य न वेद सः ।*

*अविज्ञानं विजानतां विज्ञातमविजानताम् ।११।*

ब्रह्मलाई जो बुझिनँ, जानिनँ भन्ने ठान्दछ, बरू त्यसले कुनै ढङ्गले बुझ्ने अनि जो 'ब्रह्मलाई बुझेँ' भन्छ, त्यसले त खास ढङ्गले ब्रह्मलाई बुझेकै रहेनछ, कसरी त भने ब्रह्म ज्ञेय अर्थात् ज्ञानको विषय नै होइन, र त्यो त ज्ञानस्वरूप हो । ब्रह्मलाई वाणी आदिको सीमाभित्र रहने विषय (चीज) मान्नेले मन, वाणी चक्षु आदिको शक्तिसीमाभन्दा ज्यादै नै परको अज्ञेय रूपले सर्वगामी भएर रहने ज्ञानस्वरूप स्वप्रकाशतत्त्व ब्रह्म हो, त्यसैले त्यो जानेर पनि जानिन्न रहेछ भन्नेले चाहिँ वास्तविक ब्रह्मतत्त्व-स्वरूप बुझ्यो बरू ।११।

*प्रतिबोधविदितं मतममृतत्त्वं हि विन्दते ।*

*आत्मना विन्दते वीर्यं, विद्यया विन्दतेऽ मृतम् ।१२।*

प्रतिबोधविदितं अर्थात् सर्वप्रत्ययदर्शीरूपले जानिएको छ भने अन्तरकरणबाट उत्पन्न हुने सबका सब वृत्तिहरूलाई विषयरूप दिएर प्रकाशित तुल्याउने जे जो हो, त्यो (आत्मा) त ती प्रकटित्त वृत्तिहरूभन्दा फरक, तिनका प्रेरक र प्रकाशक नै भएकाले भिन्नै प्रकाशस्वरूप अर्थात् अजरामर आनन्दरूप ब्रह्ममा मिल्न पुग्छ र आत्मज्ञानले गर्दा ब्रह्मविद्यारूप बल भेट्टाई जन्म-मरणको फन्कोमा उसले पर्नै पर्दैन । धन, मन्त्र, तप, योग आदिको शक्तिले मृत्यु (काल) लाई टार्न सक्तैन, परन्तु ब्रह्मविद्यारूप सामर्थ्य भेट्टाएपछि भने मोक्षपद नै भेट्टाउँछ । मृत्युलाई पेल्ने भन्नु त समान्य कुरा भो ।१२।

*इह चेदवेदीदथ सात्यमस्ति न चेदिहावेदीन्महती विनष्टि ।*

*भूतेषु भूतेषु विचिन्त्य धीराः प्रेत्यास्माल्लोकादमृता भवन्ति ।१३।*

मानिसले यस संसारमा जन्मेर ब्रह्मानन्द भेट्टाउन सकेछ भने त जन्म साँच्चै नै सफल भइगयो नि त्यसको ! अनि यदि ब्रह्मपद पाउन सकेन छ भने साह्रै नै हानि गऱ्यो त्यस व्यक्तिले । धीर व्यक्तिहरू समग्र प्राणीमा खोजमेल गरी गरी पनि यस संसारबाट फुत्केर (मरेर) अमृत बन्छन् । अमरपद प्राप्त गरी छाड्छन् ।१३।

### तृतीयः खण्डः

*ब्रह्म ह देवेभ्यो विजिग्ये तस्य ह ब्रह्मणो विजये देवा अमहीयन्त । त ऐक्षन्तास्माकमेवायं विजयोऽस्माकमेवायं महिमेति ।१४।*

निश्चय के हो भने ब्रह्मले देवताहरूकै निम्ति विजय दिइदिए । ब्रह्मको त्यो त्यस्तो विजयलाई देवताले आफ्नै सामर्थ्यले विजय भएको मान्ने र गौखान्वित भयौं भन्ने मान्न थाले । त्यो विजय हाम्रा र हामीले नै गरेका हौं र हाम्रै हो भन्न थाले । यसो गर्दा पाप लाग्छ, यश जति नाश हुन्छ भन्ने कुरा पनि सोच्न सम्झन नै सकेनन् ।१४।

तद्धैषां विजज्ञौ तेभ्यो ह प्रादुर्बभूव । तन्न व्यजानन्त किमिदं यक्षमिति ।१५।

अनि त त्यो ब्रह्मले ती देवताको निश्चय (असद्विचार, मिथ्याभिमान) बुझिहाल्यो र तिनीहरूकै भलाइका निम्ति आफैलाई प्रकट गराएको त्यस ब्रह्मलाई उनीहरूले के हो कसो हो नजानेर यो अद्भुत भयावह रूप अर्थात् 'यो यक्ष के हँ' भन्न पुगे ।१५।

*तेऽग्निमब्रुवन् जातवेद एतद्विजानिहि किमेतद्यक्षमिति, तथेति ।१६। तदभ्यद्रवत्तमभ्यवदत्कोऽसीत्य सीग्निर्वा । अहमस्मीत्यब्रवीज्जातवेदा वा अहमस्मीति ।१७। यस्तस्मिंस्त्वयि किं वीर्यमीत्यपीदं सर्वम् दहेयं यदिदं पृथिव्यामिति ।१८। तस्मै तृणं निदधावेतद्दहेति तदुपप्रेयाय सर्वजवेन तन्नशशाक दग्धुं स तत एव निववृते नैतदशकं विज्ञातुं यदेतद्यक्षमिति ।१९।*

ती सबै मिलेर अग्निलाई यो यक्ष को हो र किन यहाँ आएको हो ? बुझेर आउने काम दिए । अग्नि आफ्ना अगाडि आएको देखेर अद्भूत विकराल मूर्तिले 'तिमी को हौ र किन आयौ ? अनि किन परै उभियौ ?' भन्दा अग्निले बडा घमण्डसाथ भने - 'म सर्वशक्तिशाली, भस्मान्तकारी, वित्तनिर्माता, सर्वज्ञाता अग्निदेव हुँ' भनेपछि त्यस उद्भासित मूर्तिले भन्यो - 'तिमी केसम्म गर्न सक्छौ ?' अग्निले पृथिवीमा भएका जति सब थोक र पऱ्यो भने सिङ्गो पृथिवी नै पनि बालेर खरानी तुल्याउन सक्छु' भनेकाले 'लौ त यसलाई सल्काइमात्र देऊ, खरानी पार्नै पर्दैन !' भनेर झारको त्यान्द्रो एउटा अग्निका अगाडि फालिदियो । अनि त्यो झार बाल्न अग्निले सामान्यदेखि आफ्नो विशेष शक्ति प्रयोग गर्दा पनि बाल्न नसकेपछि निहुरमुन्टो लगाएर देवसमाजमा फर्केर आई भने - 'अद्भुत चमत्कारी महावीरको भेउ पाउन मैले त सकिनँ । उसको रूपरंगले नै मलाई त भयभीत तुल्यायो ! अब तिमीहरू नै पत्तो लगाओ !' ।१६-१९।

*अथ वायुमब्रुवन् वायवेतद्विजानीहि किमेतद्यक्षमिति तथेति ।२०। तदभ्यद्र-वत्तमभ्यवदत्कोऽ सीति वायुर्वा । अहमस्मीब्रवीन्मातरिश्वा वा अहमस्मीति ।२१। तस्मिंस्त्वयि किं वीर्यमित्यपीदं सर्वमाददीय यदिदं पृथिव्यामिति ।२३। तस्मै तृणं निदधावेतदादत्स्वेति तदुपप्रेयाय सर्वजवेन तन्न शशाकादातुं स तत एव निववृते नैतदशकं विज्ञातुं यदेतद्यक्षमिति ।२४।*

त्यसपछि देवताहरूले त्यस उद्दीप्त र भयकारी गर्जनसाथ प्रकट भएर चमचमाउँदै उभिइरहेको मणिपर्वत जस्तो यक्षमूर्तितिर हेर्दै भने - 'अब वायुदेवबाट यसको परिचय र उद्देश्य पत्तो लगाउनुपऱ्यो ?' भनिएर आइपुगेका उनलाई त्यस मूर्तिले उसै गरी सोध्यो र उनले भने - 'म वायुदेव हुँ, मेरो गति प्रचण्ड र अक्षुण्ण छ । आफ्नो काखीमा च्यापेर विश्व ब्रह्माण्डैलाई बालकले मुखमा त्यान्द्रो च्यापेर मनलाग्दी घुमफिर गरे झैं गर्न सक्छु' । अनि यक्षरूपधारी ब्रह्मले त्यही अग्निले जलाउन नसकेको जस्तै एउटा सिन्को भईमा फालेर भन्यो - 'त्यसो भए यसलाई उडाइदेऊ, उठाइदेऊ वा सारिदेऊ त लौ ?' । वायुले गर्नु बल गरे, तर रौंप्रमाण डगाउन पनि नसकी चुमुर्किएर देवसमाजमै फर्केर गई हाई गर्दै भने - 'लौ, यो यक्ष को हो भनेर म त जान्न नसक्ने बनें । तिमीहरू नै पत्तो लगाओ, है !' ।२०-२४।

*अथेन्द्रमब्रुवन् मघवन्नेतद्विजानीहि किमेतद्यक्षमिति तथेति । दभ्यद्रवत्त-स्मान्तिरोदधे ।२५। स तस्मिन्नेवाकाशे स्त्रियमाजगाम बहुशोभमानामुमां हैमवती तां होवाच किमेतद्यक्षमिति ।२६।*

अनि सबै इन्द्रलाई 'अब यो के हो' भन्ने कुरा त तपाईं ने पत्तो लगाउनोस् भनेपछि इन्द्रदेव त्यो आश्चर्यमयी मूर्तितिर लम्के, तर इन्द्रलाई भेट्नु अघि नै प्रकटमूर्ति अलप भयो । त्यो मूर्तिकै ठाउँमा त स्त्रीमूर्ति स्पष्ट देखियो । त्यो अत्यन्त शोभित र सुवर्णसुन्दरीसँग नै ती इन्द्रले 'यो अलप हुन पुगेको अद्भूत मूर्ति कसको हो ? को हो ?' भनेर सोधिहाले इन्द्रको हतारिएको त्यस्तो प्रक्ष प्रश्न सुनेर उमा नामकी सुवर्णसुन्दरी ब्रह्मविद्याले भनिन्:- "हे इन्द्र त्या यक्ष त साक्षार ब्रह्मा हो । तिम्रो ( तिमीहरूको) वृथाभिमान हटाउन मात्र उसले यक्षरूप लिएर आइदिएको हो । त्यही ब्रह्माले दिएका विजयले नै तिमीले यस्तो महिमा पाएका हौ । तिमीसित भएभरको बुद्धिबिर्कत ऐश्चर्य समस्त नै ब्रह्मकै कृपारूप सत्ता हो,

सबै नै शक्ति-सामर्थ्य त ब्रह्माकै हो र तिमीले अहङ्कार गर्नु व्यर्थ हो !"

ब्रह्मविद्या उमाका त्यस्ता उपदेशले इन्द्रादिदेवले यस जगत्का उपादान कारण पनि निमित्त कारण पनि ब्रह्म रहेछ र यही नै आफ्नो त्यही विश्वरूपबाट नै आफै रचना गर्छ । यहाँ अरू कसैको पनि सत्ता छैन । ब्रह्माविद्याद्वारा मात्र मायाको छेकावार हट्न सक्छ र ब्रह्म साक्षात्कार हुन्छ भने सर्वप्रथम इन्द्रादि त्रिदेवल ब्रह्म यस्तो हो भन्ने ज्ञान पाए ।२५-२७।

**चतुर्थः खण्डः**

*ब्रह्मेति होवाच ब्रह्मणे वा एतद्विजयेमहीयध्वमिति ततो हैव विदाश्चकार ब्रह्मेति ।२७। तस्माद्वा एते देवा अतितरामिवान्यान् देवान् यदग्नि र्वायुरिन्द्रस्तेन ह्येनन्नेदिष्ठं पस्पर्शुस्ते ह्येनत्प्रो थमो विदाच्चकार ब्रह्मेति ।२८।*

अनि सबैले इन्द्रलाई 'अब यो के हो' भन्ने कुरा त तपाईं ने पत्तो लगाउनोस् भनेपछि इन्द्रदेव त्यो आश्चर्यमयी मूर्तितिर लम्के, तर इन्द्रलाई भेट्नु अघि नै प्रकटमूर्ति अलप भयो । त्यो मूर्तिकै ठाउँमा त स्त्रीमूर्ति पो स्पष्ट देखियो । त्यो अत्यन्त शोभित र सुवर्णसुन्दरीसँग नै ती इन्द्रले 'यो अलप हुन पुगेको अद्भत मूर्ति कसको हो ? को हो ?' भनेर सोधिहाले । इन्द्रको हतारिएको त्यस्तो प्रस्ट प्रश्न सुनेर उमा नामकी सुवर्णसुन्दरी ब्रह्मविद्याले भनिन् - 'हे इन्द्र ! त्यो यक्ष त साक्षात् ब्रह्म हो । तिम्रो (तिमीहरूको) वृथाभिमान हटाउन मात्र उसले यक्षरूप लिएर आइदिएको हो । त्यही ब्रह्मले दिएका विजयले नै तिमीले यस्तो महिमा पाएका हौ । तिमीसित भएभरको बुद्धिबर्कत ऐश्चर्य समस्त नै ब्रह्मकै कृपारूप सत्ता हो, सबै नै शक्ति-सामर्थ्य त ब्रह्मकै हो र तिमीले अहङ्कार गर्नु व्यर्थ हो !'

ब्रह्मविद्या 'उमा'का त्यस्ता उपदेशले इन्द्रादिदेवले यस जगत्का उपादान कारण पनि निमित्त कारण पनि ब्रह्म रहेछ र यही नै आफ्नो त्यही विश्वरूपबाट नै आफै रचना गर्छ । यहाँ अरू कसैको पनि सत्ता छैन । ब्रह्मविद्याद्वारा मात्र मायाको छेकावार हट्न सक्छ र ब्रह्म-साक्षात्कार हुन्छ भने । सर्वप्रथम इन्द्रादि त्रिदेवले ब्रह्म यस्तो हो भन्ने ज्ञान पाए ।२७-२८।

*तस्माद्वा इन्द्रोऽतितरामिवान्यान्देवान्स ह्येनन्नेदिष्ठं पस्पर्श स ह्येनत्प्रथमो विदाञ्चकार ब्रह्मेति ।२९। तस्यैष आदेशो यदेतद्विद्युतो व्यधुतदा । इतीति न्यभीमिषदाइत्यधिदैवतम् ।३०। अथाध्यात्मंयदेतद्‌गच्छतीव च मनोऽनेन चैदुपतस्मरत्यमीक्ष्णं सङ्कल्पः ।३१। तद्ध तद्वनं नाम तद्वनमित्युपासितव्यं स य एतदेवं वेदाऽभि हैनं सर्वाणि भूतानि संवाच्छन्ति ।३२।*

प्रथम ज्ञान पाएका ती त्रिदेव नै श्रेष्ठ हुन् तिनमा पनि सर्वप्रथम ब्रह्मज्ञान पाउने इन्द्र श्रेष्ठ हुन् । इन्द्रले नै सबभन्दा पहिले उमादेवीका माध्यमबाट ब्रह्मको ज्ञान गरेका हुन् । त्यो चेतन प्रकाश आफ्नै सामीप्यले समस्त प्राणीको र इन्द्रियको अनि मनसमेतको प्रेरक हो । ब्रह्मको खास अघि वैदिकरूप त्यही हो । त्रिदेवताका सामु निमेषमै प्रकट र अन्तर्धान भएको त्यही प्रकाश अधिदैवरूप ब्रह्म हो । अथवा ब्रह्मको अधिदैवरूप त्यही हो ।


त्यसपछि आत्मविषयक उपदेश के छ त भने साधक (मुमुक्षु) को मनले आफ्नै वृत्ति (व्यवहार) ले त्यो ब्रह्मलाई जान्दछ बुझ्दछ र आफ्नो अन्तसमा ऊ बारम्बार सङ्कल्प गर्छ । यसै गरी गरी मन ब्रह्मज्ञापक भइहाल्छ भन्ने मन र ब्रह्मविषयक सम्बन्धको अध्यात्म उपदेश यही हो । अर्को कुरा, त्यो सर्वसाक्षी ब्रह्म निरूपाधिक भईकन पनि समग्र आत्माहरूको अद्वैतस्वरूप हो । तसर्थ अधिकारीजनबाट भजनीय मानिन्छ । त्यसै कारण अन्वर्थक 'तद्वन' नामले सर्वपरिचित छ । जो मान्छे यसरी शब्द र अन्वर्थ नाम नबिर्सीकन ध्यानद्वारा त्यस ब्रह्मलाई बुझ्न सक्छ, उपासना गर्न सक्छ, त्यस्तो ब्रह्मज्ञानीलाई त सकल प्राणीजगत् ने आराधना गर्न चाहन्छ नि ।२९-३२।

*उपनिषदं भो ब्रूहीं त्युक्त्वा य उपनिषद् ब्राह्मीं वाव त उपनिषदमब्रूमेति ।३३। तस्यै तपोदमः कर्मेति प्रतिष्ठा वेदाः सर्वाङ्गानि सत्यमायतनम् ।३४। यो वा एतामेवं वेदापहस्य पाप्मानमनन्ते । स्वर्गे लोके ज्येये प्रतितिष्ठति प्रतितिष्ठति ।३५।*

बाबु ! तिमीले 'हे गुरुदेव, मलाई उपनिषद् बताइदिनुहवस्नु !' भनेका थियौ, तदनुसार उपनिषत् बताइयो ! अर्थात् तिमीलाई ब्रह्मस्वरूप चिनाउने उपनिषत् नै बखानें । शरीर, इन्द्रिय र मनलाई सतर्क राख्नु, चित्तस्थिरतारूपी दम साध्नु र निष्काम अग्निहोत्रादि कर्म गर्नु नै ब्रह्मतत्त्वको ज्ञानलाई प्रकाश पार्ने कामकाज हुन् । चारै वेद र छयै अङ्ग त्यस विद्या (ब्रह्म)का पाउ हुन् । अर्थात् कर्म र ज्ञानका प्रकाशक वेदहरू हुन्, तिनका रक्षक अङ्ग हुन् । यी सबैको बलमा ब्रह्मविद्या प्रवृत्त हुन्छ । ब्रह्मविद्याको थलो सत्यता हो, सत्यवचनमै ब्रह्मतत्त्व निर्भर रहन्छ । जो मानिस उपनिषत्मा बताएअनुसारै यथार्थरूपको ब्रह्मतत्त्व जान्दछ, त्यो व्यक्ति अविद्या, कर्म र कामरूप संसारको बीजरूपी पापहरू पखालेर, अनर्थको मूल अज्ञान हटाएर अविनाशी, सर्वश्रेष्ठ, सदासुखरूप ब्रह्ममा स्थान पाउँछ र त्यसपछि त त्यस ब्रह्मज्ञानीले संसारतिरको असङ्ख्य कष्ट भोग्नु त परै रहोस् ! सम्झनु पनि पर्दैन । शुभम् ।३३-३५। ४०-६-३१

*ॐ आप्यायन्तु इति शान्तिः शान्तिः शान्तिः ।*


शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३




www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती

व्यङ्ग्यात्मक सिर्जना – ज्यो.पं. रमेश अधिकारी



# त्राहीमां जगत

शून्यमा झरेको छ शान्ति आज विश्वमा-
तर चाहिएको छ त्यही शान्ति विश्वलाई,
छैन त अद्‌भूत अनि आश्चर्य !
किन आयो यस्तो विकराल र भयावह अवस्था ?
को हुन् यस्का जिम्मेवार ? कहाँ बस्छन् ? र के गरिरहेछन् ?
रातदिन पृथ्वीका हर कोणमा कुना काप्चामा-
अशान्तिले आफ्नो जरा सुदृढ बनाउँदै लगेको छ,
घरघरमा द्वन्द मच्चेको छ, छिमेकीमा द्वन्द्व-
चर्केको छ, यसरी यसमा वृद्धि हुँदा हुँदा आज समस्त
मानव समुदाय नै अशान्तिले ग्रस्त छन्,
आक्रान्त छन्, त्रसित छन्, त्यहि मानव हुन, कति
रूग्णहरूलाई जीवनजल मल्हमपट्टी र ओखतीद्वारा
निरोग पारी आफ्ना मानवीय आचरणले शर्दको जुन
तयार गर्थे, तर आज तिनै मानव, मानव प्रतिनै
खनिएका छन्, भुङ्ग्रो झैं र भष्म बनाउन प्रयाशरत छन्,
हरघडी, आखिर किन गरीरहेछन् र भइरहेछन् यस्ता
दुष्कर्महरू निरन्तर ! छन्- यहाँ यस्ता तत्वमाथि अंकुशमा-
लगाउन खडा भएका र गरिएका अनेकौं निकायहरू
अरबौं रकम यस्तै क्रियाकलापका विपक्षमा खर्चिएर
विश्वमा शान्ति कायम गराउन कम्मर कसेर अगाडी
सरेका अनगिन्ति पुरूषार्थीहरू ! तर विडम्बना नै भन्नुपर्छ,
ती समस्त प्रयाशहरू केवल बालुवामा पानी झै भइ-
रहेछ- आजका घडीमा-जताहेर-भताभूङ्ग, लथालिङ्ग,
हानाहान, टोकाटोक, ठोकाठोक, लुछालुछ, तँछाड मँछाड,
दाराकिटाकीट, पाखुरा सुर्कासुर्की, आँखा तरातर, गाली
गलौच्, घारे हात, तरवार, खुकुरी, बन्दुक तोप बम्
बारूद, क्षेप्यास्त्र छुरा लाठी आदि जे जे शस्त्र अस्त्र
छन्, ती केवल मानव संहारका लागि मात्र अनवरत
प्रयोग भइ रहेछन्, किन ? केहो यसको हेतु वा कारण ?
छन् यसका लागि कोही दिव्य पुरूष ? यी हाहाकारबाट
त्राण दिलाउनका लागि तयार ! छन् भने आउनोस्, तुरून्त,
अविलम्ब शिघ्राति शिघ्र र देखाउनोस् त्यो पुरूषार्थ
र निवारण गर्नोस् यो असह्य मानवीय वेदना !!

॥ जय होस् सर्वत्र र सबैको ॥







# साहित्यकार सीता भट्टराईका दुई कृति बजारमा






वरिष्ठ साहित्यकार तथा शिक्षासेवी सीता भट्टराईद्वारा रचना गरिएका दुई कृतिहरू सहस्राक्ष (छन्द कविता सङ्ग्रह) र मैले पढेका कथा (कथा सङ्ग्रह) को हालै राजधानीस्थित राष्ट्रिय नाचघर जमलमा लोकर्पण भएको छ । यससँगै सीता भट्टराईका प्रकाशित कृतिहरू ९ वटा पुगेका छन् । सञ्जीवनी पब्लिकेसन एण्ड डिष्ट्रिव्युटर प्रा.लि. ले प्रकाशन गरेका यी २ पुस्तकहरू लोकार्पण कार्यक्रममा प्रोगेशिभ एजुकेशनल फोरमको ११ औं वार्षिक महोत्सव कार्यक्रम पनि सम्पन्न भएको छ ।

कार्यक्रममा प्रा. राजेन्द्र सुवेदी, माया ठकुरी, भद्रकुमारी घले, गीता केशरी, डा. राम प्रसाद ज्ञवाली, प्रभा भट्टराई, रामप्रसाद पन्त, ठाकुर शर्मा लगायत ३५ जना साहित्यकारहरूको उपस्थिति देखिन्थ्यो । शिक्षासेवीहरू, पत्रकार तथा विभिन्न क्षेत्रका विद्वान् व्यक्तित्वहरूको भव्य उपस्थिति रहेको कार्यक्रममा वक्ताहरूले सीता भट्टराईको बहुआयामिक व्यक्तित्व, प्रकाशित कृतिहरूको नेपाली समाजमा महत्व र सम्मान बारे बोल्नु भएको थियो ।

२० वटा संघसंस्थाबाट सम्मान तथा पुरस्कार प्राप्त गर्न सफल सीता भट्टराईले नेपालीमा स्नातकोत्तर र दर्शनाचार्य गर्नु भएको छ । प्राध्यापन पेशामा आबद्ध सीता भट्टराई माता दीपकुमारी सापकोटा तथा पिता गोपीकृष्ण सापकोटाकी प्यारी छोरीको रूपमा २०२७ सालमा धनगढीमा जन्मनु भएको हो । आध्यात्मिक एवं दार्शनिक लेख रचना एवं कविता सिर्जना गर्दै आउनु भएका विद्वान्-स्रष्टा दुर्गा प्रसाद भट्टराईकी धर्मपत्नी सीता भट्टराईका कविताहरू पठनीय छन् । सीता भट्टराईका दौडाइका अनुभूति कविताका रूपमा आएको देखिन्छ । त्यस्तै वहाँका २१ वटा कथाहरू समावेश गरिएको कथासंग्रहमा समग्र मुलुकको दुरावस्थाको गहिरो खाल्डोमा परेको अवस्थालाई स्पष्टसँग कथाको माध्यमले प्रस्ट्याएको पाइन्छ ।

नेपाली समाजमा कोटीहोम, योग, तपोबलद्वारा शान्तिको वातावरण दिन सकिने कुरा कथाद्वारा सन्देश दिन खोजेको देखिन्छ । आफूले देखेका, सुनेका, कल्पना गरेका र विचार प्रदान गरेका अंशहरूलाई कथात्मक रूपमा प्रस्तुत गर्न सफल सीता भट्टराईको साहित्यिक यात्रा यसैगरी अघि बढोस् । अग्निचक्रको हार्दिक शुभकामना ॥


## डिभिजन सडक कार्यालय काठमाडौंको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण एवं संवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । विभिन्न सडक खण्डको अनधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होडिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरू नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन सडक कार्यालय**

**काठमाडौं ।**

# कलियुगको प्रभाव



भट्टराई डीपी त्रिप्रवर

हुन्छन् लोप दया र धर्म अवता मासिन्छ सत्यै पनी
आयू क्षीण भएर जान्छ सबको निर्वल् हुनेछन् अनी
घट्दैजान्छ पवित्रता पनि यहाँ, शक्ती स्मरण्को पनी
माफी छैन तथापि जान्नु सबले आयो कलि घोर् भनी ॥१॥

जस्को शक्ति र भक्ती हुन्छ उसको कानुन आफ्ना सबै
धन्ले पूर्ण हुनेछ जुन् पुरूषनै, कहिंन्छ सद्गुणी नै
गर्छन् न्याय र धर्म आफु अनुकुल् कुलीन् सदाचारी भैं
माफी छैन तथापि जान्नु सबले आयो कलि घोर भै ॥२॥

चाहिँदैन बिबाह बन्धन महाँ साँचो इमान्दारिता
पर्दैनन् कुल-शील-योग्य-क्षमता कौशल् रति श्रेष्ठता
हेर्दैनन् व्यवहार् कुशल् गुणहरू, शुन्दर् भए उच्चता
ब्राह्मण्को पहिचान कर्म नभई केबल् जनै मात्र ता ॥३॥

गर्दैनन् तप ब्रह्मचारी हरूले, सन्यासी त्यस्तै भए
वस्त्र-दण्ड-कमण्डलु पनि थिए धारण्त गर्दै गए
यस्ता चिन्ह भएर साधु हरू हुन् भन्ने पहिचान् पनी
जो धन् खर्चन छन् अशक्त हरूको बेठीक न्याय अनी ॥४॥

बोल्दैमा जति जो चतुर् हुन गयो कहिंन्छ पण्डित् उही
दोषीको गणना त हुन्छ त्यसको जो हुन्छ निर्धन् त्यही
जो पाखण्ड घमण्ड गर्न त सके हुने ठूलो साधु त्यो
माफी छैन तथापि जान्नु सबले आयो कलि घोर यो ॥५॥


पर्नेछैन विधान शास्त्र हरूको संस्कारको ज्ञानको
कन्याको र कुमारको स्विकृतिले बिबाह सम्पन्न भो
भिजाएर कपाल् पुछी कोरिदिए सम्पन्न स्नानै भयो
माफी छैन तथापि जान्नु सवले आयो कलि घोर यो ॥६॥

मान्छन् तीर्थ तलाउ पोखरी हरू टाढा भएका छँदा
गंगा तीर्थ हरू तथा निकटका हुन्छन् उपेक्षा सदा
गर्छन् मातृ र पितृ लाई पनि लौ शत्रू समानै पनी
लामा बाल कपाल राखि हिँडंदा मानिन्छ सुन्दर् भनी ॥७॥

जीवन्को पुरूषार्थ केवल हुने पेट् आफ्नु भर्नु अनी
भूटो जो जति बोल्न सक्तछ यहाँ त्यो हुन्छ सच्चा भनी
सक्छन् पालन जो कुटुम्ब जनको मान्छन् ठूलो योग्यता
माफी छैन तथापि जान्नु सवले आयो कलि घोर् यता ॥८॥

*सन्दर्भ सामग्री : श्रीमद्भागवत-महापुराण, गीताप्रेस*

# मेरो देश धनी छ




*हालै प्रकाशित अरूण सुवेदीको पुस्तक*

*"घिनिघिनी मादल कहाँ बज्यो ?कोशी किनारमा ।*

*भाग्य छैन सानो नानी तिम्रो ! निधारमा !"*

सानैमा सुनेको यो गीत मेरो जीवनमै बज्न थाल्यो, बजेको बज्यै गरिरह्यो । धेरै काम गर्दा पनि मेरो भाग्य नभएको हो कि ? जस्तो मलाई लागिरहन्छ ।

पत्रकार, लेखक, व्यापारका विभिन्न आयामहरू हुँदै राजनीति अनि शिव सेनामा आउँदा पनि कहिलेकहीँ मलाई भाग्यले नै त ठगेको हैन ! भने जस्तै लागिरहन्छ । देश पनि म जस्तै भयो कि जस्तो लागिरहन्छ । म सानैदेखि अलिक साहसी थिएँ । त्यो साहस ठाउँमा प्रयोग भएन कि जस्तै लागिरहन्छ । व्यक्ति धनी भए, राष्ट्र धनी भएन । त्यो कुराले मलाई कुटुकुटु खाइरहन्छ ।

किताबभित्रकै केही अंश यहाँ जस्ताको तस्तै राख्न चाहन्छु ।

"मेरो देशको पत्थरले, मेरो देशको रूबीले यहाँ अमूख चौधरी, भारतमा 'टाटा' धनी भए । अमूख चौधरीले आफ्नो जीवनवृत्तान्तमा गणेश हिमालको रूबी निकालेको कुरा लेखेको छैन । उसले आफ्नो जीवनवृत्तान्त लेख्दा 'यसरी मैले रूबी खनेँ भनेर किन लेख्न सकेनन् ? आज अमूख चौधरीले त्यत्रो रूबीखानी निकालेर राष्ट्रलाई के दिए त ? ०७२ को भुइँचालोले भत्काएका घरहरू गणेश हिमालको खानीबाट निकालेर एक जस्तापाता उपलब्ध भयो पीडितलाई ?

अमूख चौधरीको महल सुनले ढाक्यो । रतन टाटाको महल सुनले पुर्‍यो । तर, गणेश हिमालको सर्वनाश भयो । नेपालकै सर्वनाश भयो । यसको जिम्मेवार को हुन्छ ? राजा, पञ्चायती व्यवस्था वा नेपाली जनता ?

म खानी पछ्याउदै जाँदा मलाई रसुवाबाट उता जान बन्देज गरेको हो । मैले यसबारे अहिलेसम्म प्रेस कन्फरेन्स गरिनँ । मैले आत्मवृत्तान्त लेख्नुको मक्सद यही हो कि हरेक नेपालीले यो किताब पढेर उसको राष्ट्रलाई कसरी विदेशी र अपराधीले लुटेका रहेछन् भन्ने थाहा पाऊन् ।

यो देशमा नभएको केही छैन । तपाईं मुस्ताङ जानुभयो भने मुस्ताङ सबै युरेनियमको ढिक्का हो । कति खर्बको युरेनियम प्रोसेस गरेर संसारलाई बेच्नुहुन्छ ? त्यो तपाईंको हातमा छ । गणेश हिमाल भनेको सुन र रूबीको पहाड हो । त्यहाँ तीन करोड जनसंख्या भएको मुलुकलाई १०-१० करोड रुपियाँ बाँडे पनि सम्पत्ति छ ।

हामी सुनखानीमा सुतिरहेका छौं । तर हामी गरिब छौं भनेर खाडीका देशहरूमा कुदिरहेका छौं । नेपाली दाजुभाइ विदेशीका धोती र पेटीकोट धुन गएका छन् । यो कस्तो विडम्बना हो ? कति नराम्रो कुरा हो ? अब हामी सबैले खोजतलास गर्नुपर्छ ? नेता र राष्ट्रले खोज्नुपर्छ । राष्ट्रलाई सु-सम्पन्न गर्न यी कुरामा बन्देज लगाउनुपर्छ ।

सेनाले धुन्चेको बोर्डमा टाँसेको छ- 'एउटा जुका मार्‍यौ भने, तिम्रो जीउमा टाँसेर ल्यायौ भने २५ पैसा जरिवाना हुन्छ ।' तर, त्यत्रो भालुको गुहु ल्याउँदा किन हेरेन ? गणेश हिमालको खानीबाट जस्तापाताको धाउ ल्यायो भने त्यो कहाँबाट आयो भनी हेर्नुपर्छ कि पर्दैन ?

पूर्वाञ्चलको ताप्लेजुङदेखि सुदूर पश्चिमाञ्चलको दार्चुलासम्मका खानीहरू मैले चाहारें । मेरो खनिजको खोजीयात्रा गणेश हिमालमा आएर टुंगियो । माओवादी र आर्मीको द्वन्द्वमा यसरी मैले खानीको यात्रा टुङ्गाएँ । तर, मेरो व्यवसाय नै खानीसम्बन्धी भएकाले कान भने समातिनँ ।

मलाई जहिले पनि वीर हुने मनोविज्ञानले काम गर्‍यो । तेह्रथुम सदरमुकाम केही पर सावलादेखि अस्ट्रेलिया पुग्दा पनि मेरो त्यो मनोविज्ञान हटेन । त्यो मनोविज्ञानमा म मात्र बनूँ, भनेर मैले सोचिनँ । राष्ट्र बन्नुपर्छ, भनेर सोचें । त्यही भएर मैले राजनीति, समाजसेवा र व्यापार अनि पत्रकारितामा लागें ।


मैले यो पुस्तकमा मेरो जस्तो बोली छ त्यहीअनुसार लेखेको छु । बोलीचालीको भाषा मैले प्रकाशक र सम्पादकले चाहदा पनि परिवर्तन गर्न दिइनँ । यो किताब मैले भोगेको समाज हो । जीवनमा मैले जस्तो बोलेको छु, देखेको छु त्यस्तै लेख्ने प्रयास गरें । त्यसमा म सकेसम्म इमान्दार भएको छु । 'जीवन सम्पादन हुँदैन भने जीवनी पनि सम्पादन हुनु हुँदैन' भन्ने मेरो धारणा हो । केही कुरा अर्डरमा राख्न खोजे पनि मैले दिइनँ । मेरो देश, मेरो परिवार र मेरो कर्ममा म सकेसम्म इमान्दार भएर देखाउने प्रयास गरेको छु ।

यो मेरो भोगाइले भोलिको पुस्तालाई प्रेरणा दियो भने म खुशी हुनेछु । यो पुस्तकमा मैले मेरो देश धनी छ भनेर देखाउन खोजेको छु । त्यस्ता अनगिन्ति उदाहरण छन् देश धनी बन्न सक्ने । कहिलेकाही लाग्छ देशको सवालमा पनि मैले सुनेको गीत जस्तै पो भएको छ किः

*"घिनिघिनी मादल कहाँ बज्यो ? कोशी किनारमा ।*

*भाग्य छैन सानो नानी ! तिम्रो निधारमा !"*

*देशको सवालमा अब यो गीत बज्न बन्द होस् ।* ◆◆



# समाजले मलाई फरक फरक रूपमा चिन्दछ

*(त्रि.वि.सानोठिमी क्याम्पसका गणित शिक्षाका प्राध्यापक **महेश्वरप्रसाद उपाध्याय** साहित्यमा **इस्माली**का नामले परिचित छन् । जनकपुर अञ्चलको महोत्तरी जिल्लाको औरहीमा जन्मेर किशोरावस्थासम्म त्यहीँ बिताएका र हाल काठमाडौँ वानेश्वरमा बसोबास भएका यिनको कलम बालसाहित्यमा पनि चल्ने गरेको पाइन्छ । गणित शिक्षाका स्नातकोत्तर यिनी नेपाली भाषामा गणितको कोश तयार पार्ने पहिला कोशकार हुन् । पारिजात सिर्जनशील पुरस्कार(२०५३),मैनाली कथा पुरस्कार(२०६६),हृदयचन्द्रस्मृति सम्मान (२०७४) आदिबाट सम्मानित यिनी समाजवादी यथार्थवादी धाराका पक्षधर मानिन्छन् । आफ्नो लेखनीमा प्रायशः तराईको जनजीवनको सम्यक र संघर्षशील चित्र उतार्न रूचि राख्ने यिनका बारेमा  स्नातकोत्तर र उत्तरस्नातकोत्तर तहका कतिपय शोधार्थीहरूले शोधपत्र पनि लेखिसकेका छन् । प्रस्तुत छ अग्निचक्र मासिकले यिनीसँग गरेको कुराकानी– सम्पादक ।)*

**अक्षरवार्तारूपी यो कुरोकानी परिचयबाट नै थालौँ कि ?**

- अवश्य । परिचय नै नगरी त कुरै गर्न मिलेन नि । कुरो खुल्दैन पनि । अग्निचक्रसँगको मेरो चिनजान पातलै हो । ज्ञानको विविध विधाको संयोजित स्वरूप बोकेर प्रकाशित हुने गरेको यो पत्रिका स्तरीय र पठनीय छ । अग्निचक्रले मलाई कसरी चिन्दछ म जान्दिन तर विभिन्न समाजले मलाई फरकफरक रूपमा जान्दछ चिन्दछ । मलाई मानामुठीको जोहोमेसोको बाटो देखाइदिने विद्याको अनुरागीहरूको समाजतिरका धेरैजसोले मलाई गणित शिक्षकका रूपमा चिन्दछन् । आफ्नो जीवनको चार दशकभन्दा पनि बढीको समय यही काम गरेर बिताइँदैछ । गणित पढ्नेपढाउने भएकैले पनि हो कि बेरोजगार कहिल्यै हुनु परेन,बरू ठाउँ धेरै चहारियो । शिक्षकको पेसामा सुखशयलभन्या त्यस्तै हो । यो जगतमा म मेरो आमाबुबाले दिनुभएको नाम महेश्वरप्रसाद उपाध्यायका नामले परिचित छु । यही मेरो औपचारिक चिनारी हो । त्यसपछिमात्र मेरो लेखकीय चिनारी इस्मालीले पालो पाउँछ । इस्मालीका नामबाट मैले आफैँले आफूलाई न्वारान गरेको हुँ –२०३५ सालतिर । इस्माली हुनुभन्दा पहिले म महेश गरीब भएँ । महेश गरीबका रूपमा मैले झण्डै दर्जन जति रचना लेखेँ – कथा,कविता । २०३१ देखि २०३५ सम्म । त्यसपछि मैले महेश गरीबलाई बिदा दिएँ र इस्मालीलाई स्वागत गरेँ । साहित्यकारका रूपमा मलाई चिन्नेहरूले यो नेपालीको शिक्षक होला भन्ठान्दछन् । अनि २०३५ कै उत्तरार्धतिर मैले महेश पौडेललाई पनि आफू बनाएँ । यो आकस्मिक रूपमा बन्यो , हठात् । भयो के भने २०३५ सालको विद्यार्थी आन्दोलनमा म जेल परेँ –निवारक नजरबन्दमा । तर म नेता भने थिइनँ, आन्दोलनकारीमात्रै थिएँ । नेता लुकिगए होलान् , मैदानमा देखिए हामी जस्ता आन्दोलनकारी , हालिदिए जेलमा । यही बेलाको गिरफ्तारीमा मैले महेश पौडेललाई म बनाएँ । कुरो बुझ्नु भयो नि । तीन त्रिलोक चौध भुवनका कुरा बुझ्ने पत्रकारले यो कुरो नबुझ्ने होइन पनि । त्यसरी बनाएको महेश पौडेललाई पछि मैले बाल साहित्य लेख्ने जिम्मेवारी बोकाइदिएँ । बाल साहित्यका क्षेत्रमा भने मेरो चिनारी पातलै होला जस्तो लाग्दछ । अहिले यसो विचार गर्दा त म तीन नामको त्रिवेणी बनिसकेको रहेँछु – महेश्वरप्रसाद उपाध्याय, इस्माली र महेश पौडेल । यी तीनै जना समानान्तर रूपले नै हिडिरहेका देखिन्छन् । यो त्रिवेणीबाट दुई दर्जनभन्दा बढी पुस्तक आएका छन् ।

**अनि यो तीन थरिका रूपलाई कसरी संयोजन गर्न भ्याउनु भएको छ त ?**

- अँ, यो संयोजन गर्ने काम भने चुनौतिपूर्ण नै छ । संयोजन नमिल्दा कहिले को कहिले को सक्रीय भइदिने र अर्को गुमनाम भइदिने जस्तो थिति बेलाबखत बनिरहेको हुन्छ । अनि शुभेच्छु साथीहरूले चिन्ताचासो व्यक्त गर्दछन् ,स्पष्टिकरण दिँदै पनि हिँड्नु पर्ने थिति पनि बन्दछ बेलाबखत । तर पनि समग्रमा साहित्यकार इस्मालीको सक्रीयता नै बढी भएको देखिन्छ । तथापि पछिल्ला दिनहरूमा गणितज्ञ व्यक्तित्व अपेक्षाकृत बढी सक्रीय रहेको देखियो भन्नु अन्यथा होइन । फलस्वरूप नेपाली भाषामा पहिलो गणित कोश **नेपाली गणित कोश** आयो । लगभग ११५० पृष्ठको यो कोश गणितमा रूचि राख्ने जोसुकैका लागि पनि उपयोगी ग्रन्थ हो भन्ने लाग्दछ ।

**नेपालीमा पनि गणित कोश हुन्छ र ? गणितको पठनपाठन त अङ्ग्रेजीमै हुन्छ , होइन र ? यो नेपाली गणित कोश भन्ने कस्तो कोश हो त ?**

- गणित नेपालीमा हुँदैन भन्ने मानसिकता साम्राज्यवादी औपनिवेशिक दास मानसिकता हो । हामी शिक्षा,ज्ञान,प्रविधिमा पछि परेको हुनाले यस्तो मानसिकताले हामीलाई पछारिरहेकै छ । अहिले त हामी अङ्ग्रेजी हाईहाईको जमानामा छौँ । पूर्वप्राथमिक कक्षादेखिनै हामी आफ्ना सन्तानलाई अङ्ग्रेजी सिकाउन जोडबल गरिरहेका छौँ । अङ्ग्रेजी नजानिकन नपढिकन ज्ञान जानिँदैन भन्ने मानसिकताले हामी पीडित छौँ । हामीले के कुराको हेक्का राखेनौँभने हाम्रा पुर्खाले त संस्कृतमै गणित पढेपढाएका थिए । न्युटनले सत्रौँ शताब्दीमा पत्ता लगाएका गुरूत्वाकर्षणको सिद्धान्त त वराहमिहिरले छैठौँ शताब्दीमै बोलेका रहेछन् , फ्रान्सेली गणितज्ञ पास्कलले सत्रौँ शताब्दीमा प्रतिपादन गरेको अङ्कगणितीय त्रिभुज त पिङ्गलले ई.पू.दोश्रो शताब्दीमै प्रतिपादन गरेका रहेछन् । हामीले आफ्नो भाषालाई समृद्ध बनाउन पनि त्यति चासो दिएका छैनौँ । हामी बढी पराश्रयी भयौँ । हुन त अङ्ग्रेजी अन्तर्राष्ट्रिय भाषा पनि भयो । तर अहिले पनि चीन, कोरिया,जापान,जर्मनी,फ्रान्स लगायत विश्वका कतिपय देशहरू माथिल्लो तहसम्मै आफ्नै भाषामा सिक्नेसिकाउने गर्दछन् । हामीलाई त्यसो गर्न विभिन्न कारणले अप्ठ्यारो होला तर पनि आधारभूत तहको शिक्षा क्रमशःमातृभाषा र क्षेत्रीय भाषामा, माध्यमिक शिक्षा राष्ट्र भाषामा र उच्च शिक्षा राष्ट्र भाषा र अन्तर्राष्ट्रिय भाषामा भन्ने कुरो शिक्षाविद्हरू भनिरहेकै छन् । यसो हुँदा




सिकाइ उपलब्धि उच्च हुन्छ भन्नेमा शिक्षाशास्त्रीहरूको मतैक्य छ । त्यसैले गणितको पठनपाठन पनि माध्यमिक तहसम्म नेपाली भाषामै हुनु वाञ्छनीय छ । आफ्नो भाषामा पठनपाठन गर्नका लागि विभिन्न प्राविधिक शब्दावली पनि निर्माण र विकास गर्नपर्ने हुन्छ । यसो गर्दा आफ्नो भाषा पनि समृद्ध हुन्छ । शब्द निर्माण गर्न अल्छी मानियोभने पराश्रयी भइन्छ ,आफ्नो भाषा पनि गरिब हुन्छ । गणितका क्षेत्रमा त्यस्तो गरिबिलाई थोरै भएपनि यसले केही सम्बोधन गर्ने प्रयास गरेको छ भन्ने मलाई लागेको छ ।

यो नेपाली गणित कोश शब्दकोश,अर्थकोश, अवधारणा कोश, इतिहास कोश, गणितज्ञकोश, नेपाल कोशको मिश्रित रूप हो , त्यसैले अङ्ग्रेजीमा चाहिँ नेपाली म्याथेम्याटिकोपेडिया भनियो । विभिन्न विषयका पनि यस्ता कोशहरू नेपाली भाषामा लेखिनु पर्दछ । अचेल नेपाली भाषालाई वर्णशङ्कर बनाइँदै गरेको दुःखद अवस्था छ । यसको परिष्कार वाञ्छनीय छ ।

**गणित सम्बन्धी यहाँका अरु सामग्रीहरू पनि छन् त ? केके छन् ? कस्ता प्रकृतिका सामग्रीहरू छन् ?**

– छन्, अरू सामग्री पनि छन् । निम्न माध्यमिक तहदेखि मैले गणित पढाउने काम थालेँ र क्रमशः उच्च तहमा पढाउने अवस्थासम्म पुगेँ । लामो समयसम्म मैले स्नातक तहमा रेखीय योजना (लिनियर प्रोग्रामिङ) भन्ने विषय पढाएँ । हाम्रोमा धेरै बिस्तार नपाएको तर व्यवहारिक प्रायोगिक विषय थियो त्यो । विभिन्न विषयको खासखास पाठको संयोजन गरेर तयार पारिएको विषय थियो त्यो । त्यसैले उपयुक्त पाठ्यपुस्तकको पनि अभाव थियो । त्यो अभाव हटाउने प्रयास स्वरूप *इष्टतमीकरण र रेखीय योजना* (**अप्टीमाइजेसन एण्ड लिनियर प्रोग्रामिङ**) नामको पुस्तक तयार पारेँ । केही वर्षपछि पाठ्यक्रम परिमार्जन भयो अनि त्यसैलाई परिष्कार गरेर अद्यावधिक बनाएर **एन इन्ट्रोडक्सन टु लिनियर प्रोग्रामिङ** पुस्तक लेखेँ । अलिपछि मनमा के लाग्योभने गणितको पठनपाठनमा यतिका वर्ष लागियो,पश्चिमा गणित पढियो पढाइँदैछ तर हाम्रो भन्ने गरेको 'पूर्वीय गणितमा के छ त ? को को छन् त ?' भन्ने लागेर त्यताको अध्ययन थालेँ र त्यसको सारलाई **प्रमुख पौरस्त्य गणितज्ञ** पुस्तकको रूप दिएर त्यो ज्ञानलाई बाँडचुड गर्ने प्रयास गरेँ । अलि पछि नेपालीमा गणित विद्यामा आरम्भिक योगदान दिने गणितज्ञ र तिनका कृतिबारे खोजखाज पारेर **नेपाली गणितका सात प्रबन्ध** भन्ने सानो पुस्तक लेखेँ । स्नातक तहसम्मका विद्यार्थीहरूका लागि तथा तत् तहमा पढाउने शिक्षकका लागि समेत उपयोगी पुस्तक **अ ह्याण्डबुक अफ अन्डरग्रयाजुयट म्याथम्याटिक्स** नामको हातेपुस्तक पनि तयार पारेँ । यी पुस्तकबाहेक जनसङ्ख्या अध्ययनका लागि उपयोगी पुस्तक **जनसङ्ख्या गतिशीलता तथा परिमाणात्मक विधिहरू** (बि.एड.) तथा **जनसङ्ख्या अध्ययन** (कक्षा ११) मा श्री नवराज थापासँग मिलेर लेखियो । जनसङ्ख्याका यी दुबै पुस्तकमा मैले गणितखण्डको काम गरेँ । त्यस्तै **अनुसन्धानात्मक गणित शिक्षा** प्राध्यापक डा.हरिप्रसाद उपाध्यायसँगको सहकार्यमा श्री सरिता लुइँटेलसमेत मिलेर तयार पार्ने काम भयो । गणित पढाउने शिक्षकहरूका लागि यो निकै उपयोगी पुस्तक हो भन्ने कुरो पुस्तक पढने अध्येताहरूले नै भनेका हुन् । पछिल्लो काम चाहिँ **नेपाली गणित कोश** नै हो । गणितका विभिन्न विषयक्षेत्रका फुटकर प्रबन्धरचनाहरू पनि विभिन्न जर्नल र पत्रिकाहरूमा प्रकाशित भएका छन् ।

**अनि साहित्यसँग कसरी साइनो गाँसियो त ?**

– साहित्यसँगको साइनो गणितभन्दा जेठो हो । साहित्यसँगको चिनाजानी प्रवेशिका अध्ययनपछिदेखिको हो । प्रवेशिका परीक्षापछिको फुर्सदिलो समयमा सस्तामस्ता अनि रूमानी साहित्य पढ्ने बानी बस्यो । त्यस्तै पढ्दापढदै यस्तै लेख्न त सकिँदो हो भन्ने पनि लाग्न थाल्यो । प्रयास पनि गर्न थालियो । समाजमा हुनेखाने र हुँदाखानेबीचको विभेद निकै चर्को

## भाषिक रूपमा त हामी अङ्ग्रेजी र हिन्दीबाट उस्तै पीडित छौँ । हिन्दीले त हाम्रो तराइ क्षेत्रका राष्ट्रिय भाषाहरूलाई पनि सौतेनी बनेर दुःख पो दिइरहेको छ ।

थियो । (अहिले पनि छँदैछ नि ।) हुनेखानेहरू शासक वर्गका आफन्तमा दरिन्थे अनि हुँदा खानेहरू तिनको शासना खप्न बाध्य हुन्थे । त्यो शासनाप्रति मनमा एक किसिमको वितृष्णा,विरोध जाग्दथ्यो तर त्यसलाई प्रकट गर्नसक्ने भौतिक हुति जुटाउन सकिने सामर्थ्य नाईँ । त्यसैले विभेदप्रतिको उकुसमुकुस मनमा गुम्सिएर बसिरहेकै थियो । यही गुम्फनलाई अक्षरमा उतार्ने अभ्यास गर्न थालियो । एक दुई पाना लेख्दै राख्दै गर्नथालियो पनि । त्यसपछि शिक्षाशास्त्रतर्फको प्रवीणता तहको पढाइ पढ्न जनकपुर अञ्चल महोत्तरी जिल्लाको मान्छे नारायणी अञ्चलको बीरगञ्ज आइयो । यो २०३० सालतिरको कुरो हो । जनकपुर बीरगञ्ज जोड्ने पूर्वपश्चिम राजमार्गको पथलैया ढल्केबर खण्ड तत्कालीन सोभियत सङ्घको सहयोगमा भर्खरभर्खर बनेको थियो । यहीँ कलेज पढ्दापढ्दै स्थानीय पत्रिकामा एउटा कथा छापियो २०३१ सालमा, **ऋणको थिचो** शिर्षकको कथा । त्यही कथा मेरो पहिलो कथा बन्यो । छापिएपछि अरूले पनि पढने भए । गाउँकाले पनि पढे । पढेपछि 'ए, त्यो यस्तो पो लेख्ने भयो' भनी ताना कस्ने हिसाबले भन्न पनि थाले । अनि, मैले ठीक गरेँछु भनी मलाई लाग्नथाल्यो । र, म त्यता लाग्यालाग्यै गरेँ । यसरी साहित्यसँगको मेरो साइनो बाक्लिँदै गयो ।

**गणित र साहित्यमा समानता वा विविधता के पाउनु हुन्छ ?**

– गणित र साहित्य वाङ्मयका दुई पृथक विधा हुन जुन परस्पर सम्बन्धित जस्ता लाग्दैनन । गणित रूखो ,अगम्य र दुरूह मान्ने गरिएको पाइन्छ भने साहित्य जनमनको ढुकढुकीबाट निस्केको विभिन्न स्वरहरू सारेगमपधनिसा एउटै भएर झङ्कृत भई गुञ्जिएको मनोहारी सङ्गीत जस्तो । साहित्यले विकृतिविसङ्गतिको निर्मूलनका साथै समाजको सुधारसहितको हित,सदाचार र अग्रगमनको आग्रह राख्दछभने गणित मानव हितका लागि परिस्थिति र प्रकृतिको व्याख्याविश्लेषण (खासगरी साङ्ख्यिक र परिमाणिक)मा केन्द्रित रहने गर्दछ । साहित्यको श्रोत समाज र मान्छे (प्राणी) हो भने गणितको श्रोत प्रकृति र मानवीय (सामाजिक,आर्थिक) राष्ट्रिय , अन्तर्राष्ट्रिय आवश्यकता हो । साहित्य स्थानीय/अन्तर्राष्ट्रिय भाषामा लेखिन्छ भने गणित वैश्विक भाषामा । विश्वभरि गणितको भाषा एउटै हुन्छ । बर्टाण्ड्र रसेल,सोफिया कोवालेवस्काया,लुई क्यारोल,उमर खय्याम जस्ता कतिपय गणितज्ञहरू अब्बल साहित्यकार रहे भने कार्ल स्याण्डवर्ग, भोल्तेयर, पिङ्गल, पहलमानसिँह स्वारजस्ता साहित्यकारहरूको गणितीय योगदान अबिष्मरणीय रहेको पाइन्छ । जर्मनेली गणितज्ञ कार्ल वायरस्ट्रास त भन्दथे कि काव्यिक(साहित्यिक) मन नभएको मान्छे त अब्बल गणितज्ञ हुनै सकोइन । साहित्यकार गणितज्ञहरूको पनि लस्कर नै छ ।

**इस्माली नाम किन राख्नु भयो ? के अर्थ छ यो नामको ?**

– लेखन यात्राको सिकारू चरणमा केही रचनाहरू लेखिसकेपछि, ती प्रकाशित भइसकेपछि तीप्रति सकारात्मक नकारात्मक टीकाटिप्पणी हुनु स्वभाविक नै थियो । यस बीचमा मनमा के पनि लाग्यो भने नकारात्मक सोच राख्नेहरू पछिपरन्तु प्रत्युत्पादक बनिदिन सक्लान् । फेरि म त सत्ताको प्रतिपक्षी पनि भएँ । सत्ताको कोपभाजनबाट जोगिन कतिपय साहित्यकारले उपनाम वा छद्म नामले लेख्ने पनि गरेका हुन् । शेक्सपियरको एउटा प्रचलित उक्ति पनि थियो – नाममा के छ र ? अर्थात् नाम जे भएपनि हुन्छ । नाम र अर्थको लागि हत्ते हालेर कहिल्यै दौडिइएन । अर्को कोणबाट पनि सोचियो–हाम्रा नामहरू जाति,वर्ण,धर्म,संस्कृति र स्थान सापेक्ष छन् । त्यसैले लेखकीय नाम पनि हुने, जाति,वर्ण,धर्म निरपेक्ष पनि हुने भन्ठानेर मैले २०३५ सालदेखि यो नाम रूचाएँ । यो नामको श्रोत मेरै कथा **एउटा यस्तो संसार**को पात्र एस्माली हो । त्यही नामको पहिलो वर्ण फेरेर इ राखेँ र इस्माली बन्यो । तदुपरान्त साहित्यिक लेखनमा यही नाम चलिरहेको छ । यो अर्थ निरपेक्ष ठानेर वरण गरिएको नाम हो तर यसलाई कतिपयले मुसलमान नाम ठानेका छन्, कतिपयले मगर नाम ठानेका छन् भने कतिपयले गुल्मी जिल्लाको इस्माको भएकोले इस्माली भएको भन्ठानेका छन् । यो मेरो ज्ञानको सीमितताका कारणले हुन गएको हो ।

**साहित्य किन लेख्ने ? केका लागि लेख्ने ? साहित्यमा किन लाग्नु भयो ?**

– साहित्य शब्दमा स र हित शब्दहरू लुकेका छन्, त्यसैले यसले हितसमेत भन्ने बोध गराउँदछ । अर्थात् साहित्य समाजको हितका लागि मानव जातिको हितका लागि लेख्ने लेखिने कुरो हो । साहित्य लेख्नु भनेको समाजसँग आफ्नो सरोकार दर्शाउनु हो,समाजसँग आफूलाई जोडनु हो । र, समाजसँग जोडिनुभनेको समाजको ठूलो हिस्सासँग अपनत्व दर्शाउनु हो र यो बहूसङ्ख्यक खण्ड भनेको विभेदमा पिल्सिएको, किनारामा पारिएको, अभावमा निसासिइरहेको अनि अधिकारविमुख पारिएको जनसङ्ख्या हो । (भनिन्छ, सैकडा एकले संसारको आधा र सैकडा दशले जगतको सैकडा पचासी सम्पति ओगटेका छन् । सन् २०१३को तथ्याङ्क ।) त्यसैले साहित्य मेरा हकमा समाजबाट त्यस्ता विभेदहरूको निर्मूलन हो, अर्थात् समाजको अग्रगामी आमूल रूपान्तरणको पक्षमा जागरण प्रवाह गर्ने माध्यम हो ।

**साहित्यका कुनकुन विधामा तपाईँको रूचि छ ? आख्यानमा केन्द्रित हुनाका खास कारणहरू छन् कि ? के कति कृतिहरू प्रकाशित छन् ?**

– पहिलो प्रकाशित रचना कथा नै भएतापनि प्रारम्भमा कविता, निबन्ध पनि लेखियो । तर पछिपछि कथामै केन्द्रित भइयो । यही विधामा आफूलाई,आफ्ना अभिष्टहरूलाई अभिव्यक्त गर्न सहज र सुविधाजनक लाग्न थाल्यो । आख्यानको शक्ति जबर्जस्त बलशाली हुँदोरहेछ भन्ने कुरो सबैले बोध गरिआएकै कुरो हो । चलचित्रले आफ्ना दर्शकलाई आफूसँगसँगै दौडाएझैँ कथा–उपन्यासले पनि पाठकलाई उसको यथार्थ जगतबाट उसलाई अलग्याएर आफू सँगसँगै हिँडाउछ । यस्तो सम्मोहन अरू विधामा विरल हुन्छ । लेख्न त कहिलेकाहीँ गीत पनि लेखियो ,यात्रा संस्मरण पनि लेखियो । उपन्यास पनि लेखियो । तर चिनारीचाहिँ कथाले नै बनायो । अहिलेसम्म सङ्ग्रहका रूपमा आएका कथाकृतिहरू **माछो माछो भ्यागुतो**(२०५२), **घाम**

**घामजस्तो छैन**(२०५८), **काट जर्किन डी** ( २०६४), **इस्मालीका प्रतिनिधि कथाहरू**(२०६७), **श्रीको खोजी** (२०७३) प्रकाशित भइसकेका छन् । **कामरेडको कोट** लगायत केही प्रकाशनको प्रतीक्षामा पनि छन् । **सेतो आतङ्क**(२०३९) र **जिरोमाइल** (२०५६) उपन्यास प्रकाशित भइसकेको छ भने उपन्यास **दुर्धर्ष** पनि प्रकाशनोन्मुख छ ।

**अँ साँच्चि एउटा उपन्यास त प्रतिबन्धित थियो क्यारे नि. !**

– हो , सेतो आतङ्क । त्यो उपन्यास पञ्चायतको जवानीमा लेखियो । गाउँ फर्क राष्ट्रिय अभियान भनेको पञ्चायतको जवानी हो । त्यसले पञ्चायतलाई झनझन निरङ्कुशतातर्फ उन्मुख गरायो । त्यही निरङ्कुशताको परिणाम थियो २०३५–३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह । जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायतले वरमाला पहिरियो र निरङ्कुशता फेरि नयाँ परिधानमा देखिन थाल्यो । यही समयको चित्र उतार्ने प्रयास सेतो आतङ्क मार्फत् गर्ने प्रयास गरियो । यो मेरो पहिलो उपन्यास थियो । घोषित रूपमै यो प्रतिबन्धित भएको त होइन तर त्यसबेलाको दमनको अवस्थाले गर्दा सुरक्षित रहन प्रकाशक पनि छद्म नाममा आए र प्रेस पनि । किताब लगभग हाताहाती नै बिक्यो पनि । तर दमन बढदै गएकोले अर्को संस्करण निकाल्न जाँगर चलाएनन् तिनले । त्यो कुरो त्यतिकै भयो । धेरै पछि श्री हरिप्रसाद रेग्मीले स्नातकोत्तर तहको अध्ययनमा शोधपत्र लेख्ने सिलसिलामा त्यो पुस्तक धुइँपताल खोजे तर पनि फेला पार्न हम्मेहम्मे पऱ्यो । मैसँग पनि त्यो पुस्तक थिएन । बल्लतल्ल उनले 'खै मसँग त थियो, पुलिसले लग्यो कि, च्यात्चुत पारिरथ्यो' भन्ने मान्छे भेटेछन् । भोजपुरतिरका ती मान्छेले त्यसैका निहुँमा झण्डै मलाई लगेन सम्म भनेछन् । घर गएको बेलामा हेरूँला भनेर आश्वस्त गराएछन् । पुस्तक भेटिएछ, लगेको रहेनछ ,च्यातचुत पारेर त्यहीँ मिल्काएछ । उनको हात पर्दा सबै पाना ठाडो च्यातिएको अवस्थामा थियो । टेप टाँसीवरी फोटोकपी गराएर काम चलाए उनले । यो जानकारीपछि प्रतिबन्धको कुरो झन फिँजियो । र मसँग नभएकोले त्यो फोटोकपी –किताब मलाई नै दिए उनले । त्यो पनि शोधपत्र लेख्ने अर्कोले लगेका, फर्काउँदै फर्काएनन । भेटघाटै पनि हरायो ।

**अनुवाद पनि गर्नुहुँदो रहेछ ? अनुवादका लागि सामग्रीको छनोट कसरी गर्नुहुन्छ ? अनुवादकले केकस्ता कुरामा ध्यान पुऱ्याउनु पर्दो हो ? केकस्ता कृतिहरू अनुवाद गर्नुभएको छ ? अनुवादको आगामी कुनै योजना पनि छ कि ?**

– हो अनुवाद पनि गर्नेगरेको छु । साहित्यिक रचनाहरू चाहिँ अङ्ग्रेजी र हिन्दीबाट नेपालीमा तथा गणितीय सामग्री त नेपालीबाट अङ्ग्रेजीमा पनि गरेको छु । साहित्यिक रचना नेपालीबाट हिन्दीमा पनि गरेको छु । यस्तो अनुवाद योजनाबद्ध र प्रायोजित अनुवाद होइन, स्वतःस्फूर्त अनुवाद हो । त्यसैले छनोटका खास आधार भन्दापनि आफ्नो पठनमा परेका र पढदा आफूलाई राम्रो लागेका रचनाहरू अनुवाद गर्ने गरेको छु । यस्तो अनुवादमा प्रायशः फुटकर कथा, कविता र निबन्धनै पर्दछन् । युरोप र एसियाका लब्धप्रतिष्ठित कथाकारहरूको कथाहरूको अनुवादको सँगालो पनि प्रकाशित भएको छ **–युरेसियाका कथा** शिर्षकमा । फुटकर कथाहरूको माला गाँसेर त्यसलाई सँगालोको रूप मैले नै दिएको हुँ । भर्खरै एउटा उपन्यासको अनुवाद पनि प्रकाशित भएको छ **–अक्लान्त कौरव** । बङ्गाली उपन्यास हो यो । मैले चाहिँ हिन्दीबाट अनुवाद गरेँ । यस्तो अनुवादले तत् देशका समाज,सभ्यता आदि बुझ्न हामीलाई सघाउ पुऱ्याउँदछ र त्यहाँको साहित्यिक प्रवृत्तिको पनि अध्ययन गर्ने अवसर दिन्छ । अनुवाद गर्ने काम पनि चुनौतिपूर्ण काम हो । कुनै रचनाको अनुवाद गर्दा त्यहाँको भुगोल, समाज, सभ्यता, संस्कृति र भाषाको राम्रो ज्ञान हुनु अपेक्षित छ,अन्यथा अनुवादमा न्याय गर्न धौधौ पर्दछ । आगामी योजनाबारे अहिले त्यस्तो सोचिहालिएको त छैन ,पछि केही हुनसक्ला पनि ।

**बालसाहित्यमा पनि यहाँको कलम चलेको देखिन्छ ? यस विधामा केकस्ता कृति आएका छन् ?**

– अँ,बाल साहित्यमा पनि अलिअलि कलम चलाएको छु ,महेश पौडेलका नामबाट । यी महेश पौडेलको जन्म २०३५ साल चैतमा भयो । धेरै समयसम्म यिनी गृष्मबहादुर देवकोटाको पुस्तक *नेपालको राजनीतिक दर्पण* भाग ४ मा थुनिएर बसे । ती पनि त कतै देखिनु पऱ्यो भनेर बालसाहित्यको जिम्मा त्यता गयो । बालकथा सङ्ग्रहहरू **अर्को एउटा पृथ्वी**(२०५७), **चिम्पाञ्जीको चिन्ता**(२०६६), **गरिमा र गणित** (२०७५ ), **अ चिम्पाञ्जीज वरी** (ई. २०१६, चिम्पाञ्जीको चिन्ताको अङ्ग्रेजी अनुवाद) अनि बाल उपन्यास **नानीहरूको पुरूषार्थ** (२०६०) प्रकाशित कृतिहरू हुन् । अझ खुसीको कुरो त के भने महेश पौडेलका बालसाहित्यका कृतिले आआफ्नो ३–४ जन्म पनि देख्न पाएका छन् ।

**तपाईँ प्रगतिवादी साहित्यकारका रूपमा चिनिनुहुँदो रहेछ ? साहित्यको अन्य धारा र यो धारामा के भिन्नता देख्नु भएको छ ?**

– साहित्यमा आधुनिकतासँगै मानवतावाद र सुधारवाद देखा पऱ्यो । यसले समाजका उत्पीडित वर्गप्रति सहानुभूति र सद्भाव देखायो र उत्पीडित वर्गलाई दयाको पात्र बनायो । यही क्रममा उत्पीडित वर्गमा अधिकारचेतना जागृत भयो र ठाउँठाउँमा अधिकार पाउनका लागि उसले संघर्ष गऱ्यो । यही जागरण, यही संघर्ष साहित्यमा पनि अभिव्यक्त भयो । यसैलाई प्रगतिशील साहित्य भनियो । प्रगतिशील साहित्यको दार्शनिक र राजनीतिक आधार पनि छ । द्वन्द्वात्मकता, वर्ग संघर्ष, समानता र राज्यसत्तामा पाखुरा बजाएर गरिखाने वर्गको स्वामित्वप्रतिको अपनत्व यसका आधारभूमि हुन । युरोपमा त उन्नाइसौँ शताब्दीको मध्यतिरै शोषित उत्पीडित वर्ग शक्तिशाली बनेर राज्यसत्ता हातमा लिएको देखिन्छ । हामीकहाँ चाहिँ बिसौँ शताब्दीको उत्तरार्धतिर साहित्यमा यो चेतनाले प्रवेश पायो । सन् १९१७को अक्टुबर क्रान्तिले श्रमजीवी वर्गलाई राज्यसत्ता सुम्पिदियो । र संसारमा शोषितउत्पीडित जनताको पहिलो राज्य बन्न पुग्यो रूस,पछि सोभियत सङ्घ बन्न पुग्यो । प्रगतिवादले मौलाउने,झाङ्गिने अवसर पायो त्यहाँ । र त्यसले साहित्यको यो धारालाई समाजवादी यथार्थवाद भन्ने नाम जुराइदियो । प्रगतिवादी धारा यथार्थवादको बृहत्तर फलकमा बिस्तारित नवीनतम धारा भएको तथा विश्वसाहित्यमै यो मूलधारा रहेकोले अरु धारा योभन्दा धेरै पछि परिसकेको भान हुन्छ ।

**अहिले लेखिँदै गरेको साहित्यलाई कसरी हेर्नुभएको छ ?**

– अहिले भूमण्डलीकरणले विश्वलाई गाँजेको छ । यो भूमण्डलीकरण साम्राज्यवादको उच्चतम रूप हो । यसले समस्त देशको भाषा, साहित्य, कला, धर्म, संस्कृति, पहिरन, मनोरञ्जन, खानपान, अर्थ,राजनीति आदिमाथि धावा बोलेको छ । यो हाम्रो कोठाकोठामा छिरेको छ । यसले हाम्रो चिन्तनमाथि धावा बोलेको छ । आचारविचारमाथि धावा बोलेको छ । साहित्यमा यो उत्तरआधुनिकवादी भनेर छिरेको छ । तर सँगसँगै साहित्यका अरू धारा पनि सक्रीय नै छन् । प्रगतिवाद पनि सक्रीय नै छ । साहित्यमा उत्पीडितहरूको, किनारामा पारिएकाहरूको, विभेदमा पारिएकाहरूको सङ्घर्षशील स्वर

मुखरित भइरहेको छ । साहित्यको मूलधार नै यिनै स्वरहरू हुन् । प्रगतिवादले आरम्भदेखिनै यी स्वरहरू गुञ्जायमान पारिरहेकै हो । तर अहिले तिनको मुक्तिको बाटो पहिल्याउने कुरामा कतिपय साहित्यकारहरू अलमलमा परेका हुन् कि जस्तो पनि देखिन्छ । कुनै नयाँ नारा आयोभने के बुझ्नु पर्दछ भने पुराना पुँजीवादी साम्राज्यवादी सूत्रको सम्मोहन समाप्त भयो र जगतलाई अल्मल्याउन यो नयाँ चिज आयो । प्रगतिवादसँग यस्तो लप्पनछप्पन छैन । राजनीतिमा बिसौँ शताब्दीको साठीकै दशकमा देखिएको र सारमा साम्राज्यवादलाई नै सघाउने यो अलमल र भ्रम अहिले नयाँ आवरणमा प्रकट भइरहेको छ । मानव जातिको मुक्तिको महाअभियानमा यस्ता अलमल र भ्रमहरू बेलाबेलामा विभिन्न आवरण र स्वरूपमा देखा परिरहने हुन्छ । यसलाई भेदन गर्नु जरूरी हुन्छ । हामी चाहिँ दोहोरो मारमा परेका छौँ । विश्व साम्राज्यवादको कहर त खपिरहिएकै छ, भारतीय विस्तारवाद/प्रभुत्ववादको कहर पनि हामी प्रेमले भोगिरहेका छौँ । हाम्रो भाषिक र सांस्कृतिक चोखोपनलाई त्यसले नराम्ररी गिजोलीरहेको छ । यसरी भाषिक रूपमा त हामी अङ्ग्रेजी र हिन्दीबाट उस्तै पीडित छौँ । हिन्दीले त हाम्रो तराइ क्षेत्रका राष्ट्रिय भाषाहरूलाई पनि सौतेनी बनेर दुःख पो दिइरहेको छ ।

**साहित्यलाई अनुत्पादक भन्दछन् नि ?**

– साहित्य उत्पादक वा अनुत्पादक भन्ने कुरो हाम्रो सोच्ने विचार गर्ने तरीकामा भर पर्दछ । साहित्य असार साउनमा रोपाईँ गरेर कात्तिक मङ्सिरमा बाली भित्र्याइने उत्पादन होइन नै । यसको प्रभाव असर थाहा पाउन लामो समय कुर्नु पर्दछ । यसले मान्छेको चिन्तनधारालाई बदल्ने, सुदृढ पार्ने गर्दछ । हालैको अनुसन्धानबाट त साहित्य मानिसको मनको निराशा समन गर्ने, अवसाद (डिप्रेसन) को उपचारको प्रभावकारी औषधिको रूपमा पनि सिफारिस गर्न सुझाइएको छ ।

हो, साहित्य लेखेर एकादुई अपवादबाहेक धन आर्जन होइन । सस्ता रूमानी साहित्य र यौन साहित्यका पाठकको बगाल ठूलो होला, तर थोरै भएपनि गम्भीर साहित्यका गम्भीर र प्रभावशाली पाठक छन् । यो साहित्यको उत्पाद होइन त ?

**साहित्यिक ऊर्जा कसरी प्राप्त हुन्छ ?**

– साहित्यिक ऊर्जा यही समाजबाट र जनजीवनबाट नै प्राप्त हुने हो । समाजलाई हेर्ने आँखा, त्यसबाट उत्पन्न हुने संवेदना,सार्थक र स्वाधीन जीवन जिउनका लागि मान्छेले भोगेको पीडा, बेहोरेको सास्ती, त्यसबाट माथि उठन गरेको सङ्घर्ष आदि नै साहित्य लेखनका लागि प्रेरक बन्दछन् । यसका अतिरिक्त अध्ययन, अनुसन्धान, साधना आदिले पनि स्रष्टालाई ऊर्जाशील बन्न बनाउन सहयोगी भूमिका निर्वाह गर्दछन् ।

**तपाईँलाई मनपर्ने, प्रभावित पार्ने विश्वका र नेपालका साहित्यकारहरू कोको हुन् ? साहित्य पढ्न मन गर्ने तर कसलाई पढ्ने भनी अलमलिएका अनुरागीलाई कोको पढनका लागि सुझाउनु हुन्छ ?**

पठनका क्षेत्रमा म निकै पछाडि नै रहेको ठान्छु आफूलाई । विश्वका त के आफ्नै देशका लेखकहरू पनि पढ्न भ्याएको छुइँन । मेरो आफ्नै व्यस्तताका कारणले पनि यसो हुन गएको हो । तथापि समाजको अग्रगामी रूपान्तरणका पक्षमा, मानवजातिको बहूसङ्ख्या (किनभने अहिले जगतमै अल्पसङ्ख्याका पक्षधर सत्ता रहेको देखिन्छ) को पक्षमा कलम चलाउने स्रष्टाहरू पठनमा पर्ने मन पर्ने स्रष्टाहरू हुन् । युरोप र एसियाका केही आख्यानकारहरू त मैले युरेसियाका कथामा पनि समेटन भ्याएको छु । नाम नै उल्लेख गर्नपर्दा त्यो सुचि निकै लामो बन्न जानेहुन्छ । ◆◆




New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

**Contact Offices:**

**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966

# समृद्धि : हाम्रै पालामा सम्भव छ त ?



अग्निचक्रमा यसपटक 'समृद्धि : हाम्रै पालामा सम्भव छ त ?' शीर्षकमा आफ्ना विचार लेख्न गइरहेको छु । मलाईं विश्वास छ यो लेखका बहुसङ्ख्यक पाठक मेरो उमेर समूहमै पर्नुहुन्छ । जो विक्रम सम्वत् ३० को दशक वरीपरि जन्मे र अत्यन्तै तरल राजनीतिक अवस्था देख्दै र भोग्दै जसोतसो यहाँसम्म आइपुगे । ०३६ सालको जनमत सङ्ग्रह, ०४२ सालको सत्याग्रह, ०४६ सालको प्रजातन्त्र पुनर्वाहाली, ०५२ सालबाट शुरू भएको सशस्त्र माओवादी द्वन्द्व, ०६२/६३ को अर्को आन्दोलन र गणतन्त्रको स्थापना यी सबै राजनीतिक आन्दोलनका साक्षी नेपाली नागरिक जो कोहिलाई सोध्नुहोस् 'हाम्रै पालामा समृद्धि सम्भव छ' ? आधिकांशको तयारी जवाफ प्रायः नकारात्मक वा सम्भव छैन भन्ने पक्षमा आउनेछ ।

किन यस्तो भएको होला त ? यसको खास कारण छ, एउटा त फ्याट्ट नकारात्मक टिप्पणीका लागि मान्छे अग्रसर भइहाल्छ जुन नेपाल जस्तै आर्थिक अवस्था भएका अन्य मुलुकका नागरिकको पनि समस्या हो । दोस्रो, यो अवधिमा भएका तीब्रत्तर राजनीतिक परिवर्तनको दौरानमा राजनैतिक दलले आम नागरिकलाई ठुल्ठुला प्रलोभनहरू देखाए । राजनैतिक आन्दोलन सफल पनि भए, राज्यव्यवस्था फेरिए, नयाँ सरकार पनि आए तर, राज्य अभिभावकको हैसियतले सबै नागरिकको सम्पर्कमा पुग्न सकेन । राजनीतिक आन्दोलनले आम नागरिकको चेतनास्तर बढाईदियो तर, सिमित टाठाबाठा बाहेक अन्यको जीवनस्तरमा तात्विक परिवर्तन आउन सकेन ।

अहिले प्रचलित शब्द 'समृद्धि' ले केहि वर्ष पहिला प्रयोग हुने शब्द 'विकास' लाई प्रतिस्थापन गरेको हो । अचेल 'विकास' को ठाउँमा 'समृद्धि' शब्द प्रयोग गरिन्छ । शाब्दिक अर्थका दृष्टिले यी दुईले बोक्ने अर्थ फरकफरक भएपनि 'विकास' र 'समृद्धि' ले नेपाल र नेपालीको जीवनस्तरमा परिवर्तन अपेक्षा गरेका हुन् । 'विकास' ले मूलत भौतिक परिवर्तनलाई जनाउँदछ भने 'समृद्धि' ले आर्थिक, समाजिक सांस्कृतिक सबै पक्षको समष्टीगत रूपान्तरणलाई ।

नेपालको हावापानी र माटोमा विद्यमान प्रचुर श्रोत-साधनको ज्ञान भएका, नेपालीको श्रम र इमान्दारिता बुझेका र पछिल्ला दुई दशकमा मध्यपूर्व र मलेसियाको भौतिक विकास देखेका गैर नेपाली नागरिकलाई 'के नेपालमा समृद्धि सम्भव छ ? भनेर सोध्नुहोस् । झट्ट 'ह्वाई नट, नेपाल इज अ भर्जिन ल्याण्ड फर बिजनेश' उत्साहप्रद प्रतिउत्तर पाउनुहुनेछ । किनकी आर्थिक समृद्धिको पहिलो आधार श्रम गर्न सक्ने जनशक्ति, उत्पादन खपत गर्ने क्षमता र स्थानीय श्रोत नै हो भन्ने कुरा तिनीहरूले राम्रोसँग बुझेका छन् । अभुतपूर्व विकासका सूचक मानिने यी प्राकृतिक पूर्वाधार नेपालले जन्मजात लिएर आएको छ ।

मध्यपूर्व र मलेसियामा आज देखिने भौतिक बैभवका लागि नेपाली यूवायुवतीको प्रशस्तै पसिना बगेको छ । कामप्रतिको नेपाली निष्ठा र इमान्दारिताको विश्वभर मुक्तकण्ठले प्रशंसा गरिन्छ । यी बितेका तीन/चार दशकमा आफ्नो खल्तीको श्रम हामीले समुचित ढंगले उपयोग गर्न नसकेकै हो । अन्यत्रको खोज्दा आफ्नै खल्तीको पोखियो । फलत, आर्थिक समृद्धिको जुनसुकै कुरा हामीलाई अचेल हावादारी लाग्न थालेको छ ।

अभुतपूर्व आर्थिक विकास र समृद्धि जे भन्नुहोस् नेपालको आवश्यकता हो, हावादारी कुरा होइन । यसका लागि उपयुक्त वातावरण तय हुनुपर्दछ । विश्वका अधिकांश मुलुकमा भौतिक विकासको इतिहास अध्ययन गर्नहोस् या त भयङ्कर प्राकृतिक, मानवीय, यान्त्रिक वा प्राविधिक विनासपछि प्रारम्भ भएको छ या त औपनिवेशिक परिवेशबाट उन्मुक्त भएपछि । एउटा ठूलो सङ्कटबाट प्राप्त मुक्तिको अवस्था आफैंमा विजयोन्मुख शुरूवाती चरणको अवस्था हो । नेपाल भर्खर भर्खर त्यस्तै अवस्थाबाट मुक्त पनि भएको छ । निकटको छिमेकी मित्रराष्ट्रले अप्ठ्यारोमा गरेको अर्धेल्याइँले आत्मनिर्भरमूखि आर्थिक अभ्यासका लागि ठूलो पाठ सिकाएको छ । राजनीतिक स्थायित्व सबै चरणका निर्वाचन सम्पन्न भएबाट सैद्वान्तिक रूपमा पुष्टि भएको छ । यसै हरफमा समेटिएका कुराहरूले 'समृद्धि' का लागि आवश्यक पर्ने उपर्युक्त वातावरण पनि निर्माण हुँदै आएको तर्फ सङ्केत गर्दछन् ।

लिच्छवीकालिन समयको शासन व्यवस्थालाई स्वर्णिम युगको रूपमा ब्याख्या गरियो । त्यो काल साविकको नेपाली अभ्याससँग प्रत्यक्ष जोडिएको काल हो । भनिन्छ, त्यो कालमा नेपाल आर्थिक रूपमा विश्वमै सर्वाधिक शक्तिशाली राष्ट्रहरूमध्येमा पर्थ्यो । त्यो इतिहासलाई चिन्तन, मनन् र अध्ययन गर्दा 'समृद्धि' हाम्रै पुर्खाले आर्जन गरेर सिकाएको पाठ हो, आजको नेपालको लागि असम्भव होइन । समृद्धशाली युगको चेतना हाम्रो रगतमा छ, नसा-नसामा छ । मात्र त्यसलाई पुनः कसरी लयमा फर्काउने भन्ने मात्र चिन्ताको कुरा हो ।

राष्ट्रिय अर्थतन्त्रले सकारात्मक मोड लिँदै गएको छ । विगत दुई वर्षयताको आर्थिक बृद्धिले हामी सबै नेपालीलाई उत्साहित बनाएको छ । यी उद्धहरणहरु सरकारको आर्थिक दस्तावेज मानिने आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमा उल्लेख गरिएको छ । तीनै तहमा निर्वाचित सरकार गठन भएपछि सार्वजनिक भएका यस्ता सरकारी दस्तावेजले आशाको संचार त पक्कै गराएका छन् तर, फितलो कार्यान्वयनको तहले आम नेपाली शब्दमा मात्र विश्वास गरिहाल्ने अवस्थामा छैनन् । अहिलेको यूग साझेदारीको युग हो । सार्वजनिक, सरकारी र निजी क्षेत्रबीच सहकार्यका अवधारणा विकसित हुँदै आएका छन् । यी क्षेत्रबीचको सहकार्य र समायोजनालाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउने सबै क्षेत्रको इमान्दार प्रयास भएमा 'समृद्धि' नेपालका लागि टाढा छैन ।

नेपालले शीघ्र आर्थिक समृद्धि हासिल गर्न सक्ने दह्वा तथ्यगत आधारहरु छन् । राष्ट्रिय जनगणना २०६८ का अनुसार यो मुलुकमा श्रम/काम गरेर खान सक्ने बहुसङ्ख्यक नागरिक छन् । यसको अर्थ, बहुसंख्यक जनसङ्ख्याको भार राज्यलाई छैन, आफैं काम गरेर खान सक्छन् भन्ने हो । त्यो जनसंख्याको लाभ आगामी केहि दशकसम्म राज्यले लिन सक्छ । परिश्रम गरी खाने जनसङ्ख्याले उत्पादन खपतको क्षमता पनि त्यतिकै राख्दछन् । दार्शनिक कार्ल मार्क्सको भनाईलाई नै आधार मान्ने हो भने पनि यो निर्वाध पूँजीवादी यूगमा स्थानीय साधन श्रोतको उपलब्धता, उत्पादन क्षमता, खपत र वितरण प्रणालीको संयोजन मिलाउन सकियो भने हाम्रै पालामा समृद्धि सम्भव छ । मलाई यस्तै लाग्दछ । ◆◆